● वर्ष १४ ● अंक ३३ ● काठमाडौं, शुक्रबार, पुस २५, २०६५ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Jan 9, 2009 ● पृष्ठ २४ ● मूल्य रु. ८/-





# किन एक्ला भए पूर्वराजा ज्ञानेन्द्र ?

● अश्विनी कोइराला

पृथ्वीनारायण शाहका दुईवटा प्रमुख सपना थिए, एउटा स-साना राज्यलाई एकीकरण गरेर विशाल नेपाल बनाउने, अर्को आफ्नो परिवारिक जग बलियो बनाउने । यही नीतिका कारण उनले बलिया राज्यसँग वैवाहिक सम्बन्ध गाँसे, कतै मीत लगाए भने कसैलाई आफ्नै छोरी-चेली दिए । बलियालाई आफ्नो विश्वासमा लिनु र देश एकीकरण गर्नु उनको प्रमुख नीति नै थियो । उनले आफ्ना सात पुस्तासम्मका वंशलाई विभिन्न पदमा नियुक्त गर्ने चलन चलाएका थिए । यसैका आधारमा पछि 'साहेबज्यू तथा चौतारिया नियमावली' बनेको थियो । जसमा सात पुस्ताभित्रका बन्धुलाई राज्यद्वारा भत्तासहित 'साहेबज्यू' पद दिइन्थ्यो भने त्यसभन्दा टाढाका बन्धुहरूमध्ये एक जना 'मुख्य चौतरिया' तथा अन्य पाँच जना 'चौतरिया' पदमा हुन्थे । आफ्ना कुनै बन्धु नछुट्न् भन्ने हिसाबले शाहवंशको सञ्जाल फैलिएको थियो ।

आज पृथ्वीनारायण शाहको मुख्य लहरोका रूपमा ज्ञानेन्द्र, उनका छोरा पारस तथा नाति हृदयेन्द्र मात्र जीवीत छन् । आधुनिक नेपालसँगै फराकिलो भएको पृथ्वीनारायण शाहका अन्य वंशज अहिले ज्ञानेन्द्रबाट टाढा भएका छन् । अभिलेखअनुसार पृथ्वीनारायणका शाखा-सन्तानको संख्या झन्डै ५ सयको हाराहारीमा पुगेको देखिन्छ । यति धेरै आफन्त भएका ज्ञानेन्द्र अहिले एक्लै छन् । आखिर यति धेरै आफन्त भएका ज्ञानेन्द्र किन एक्ला छन्, आम मानिसका लागि यो चासोको

बाँकी पृष्ठ ३ मा



## क्यासेट

### मिथ्या



गायक भूषण भट्टराईको पपगीत-संग्रह 'मिथ्या' बजारमा आएको छ। रिबेल क्रिएसनको यो एल्बममा आठवटा गीत सुन्न सकिन्छ। संग्रहका गीतहरू गायक भट्टराईका साथै भरत सिटौला, कुन्दन पाण्डे, सुगम पोखरेल, राहुल प्रधान तथा टीका भण्डारीले संगीतबद्ध गरेका छन्। यो संग्रहका गीतकार रमेश अधिकारी, स्वप्निल बराल, बेनीमाधव भट्टराई आदि हुन्।

### माया आहारिसे



गायिका मेनुका राईले गाएका आधुनिक गीतहरूको संग्रह 'माया आहारिसे' लाई टाइम म्युजिकले बजारमा ल्याएको छ। संग्रहमा राजेश दावा, पावल चाम्लिङ राई, पारस मुकारुङ, भुपाल राई, शंकर थापा, नारायण ओली, शान्तिराम राई, मिलन सागर तथा रत्नबहादुर राईद्वारा संगीतबद्ध दसवटा गीत सुन्न सकिन्छ।

### साथ



गायिका पुष्पा पौडेलले गाएका पप तथा आधुनिक गीतहरूको संग्रह 'साथ' बजारमा आएको छ। रियाज म्युजिकले उत्पादन गरेको यो संग्रहमा सतिज, कर्ण दास, सुनिल बर्देवा, जेम्स प्रधान, राजीव शाह, आलोकश्री तथा राजु सिंहद्वारा संगीतबद्ध गीतहरू सुन्न सकिन्छ।

## रंगमञ्च

• दाङका मुक्त कम्लरी यतिबेला कचहरी नाटकको मञ्चनमा जुटेका छन्। कम्लरी प्रथामा भोग्नुपरेको समस्या तथा पीर-व्यथा समेटिएका यी नाटकको लेखन, अभिनय तथा निर्देशन मुक्त कम्लरीहरूले नै गरेका छन्। नाटकमा उनीहरूले विगतमा भोगेको पीडा जस्ताको तस्तै उतारेका छन्। नाटकमा कम्लरीहरूले मालिक्नी तथा कम्लरीको भूमिका निर्वाह गरेका छन्। थारूहरूको महान् चाड माघी कम्लरी ओसारपसार गर्ने पर्वका रूपमा चिनिने भएकाले माघीकै अवसर पारेर उनीहरूले दाङका थारू गाउँमा कचहरी नाटक देखाउन थालेका हुन्। 'गाउँमा सबैजसो दर्शक हाम्रै अभिभावक हुने भएकाले उनीहरू नाटक हेरेर रोएका छन्,' कचहरी नाटककी मुख्य पात्र अनिता चौधरीले बताइन्।

## ग्यालरी

• नेपालका पाँचसहित २६ कलाकारको संयुक्त प्रदर्शनी बंगलादेशको ढाकामा प्रारम्भ भएको छ। एसियाटिक आर्ट ग्यालरीमा आयोजित 'रिदमिक लाइन्स' शीर्षकको प्रदर्शनीमा दुवैतर्फका कलाकारले नयाँ रूप तथा विम्ब प्रयोग गरेका छन। प्रदर्शनीमा राखिएका चित्रमा रेखा चित्रको बाहुल्यता छ। विषयवस्तुका हिसाबले अधिकांश सिर्जना दुवै मुलुकका सामाजिक तथा राजनीतिक जीवनसँग मेल खाने शैलीका छन्। कलाकारहरूले दक्षिण एसियाको राजनीतिक तथा सामाजिक उथलपुथललाई पनि क्यानभासमा उतारेका छन्। यथार्थवादी, अमूर्त तथा अर्ध यथार्थवादी धारका कलाकृतिको उक्त प्रदर्शनी यो साताभरि चल्नेछ।

• कलाकार राजु खड्काले अम्रिसोको ठुटो, कम्प्युटरको बिग्रिएका पार्ट्स, प्लास्टिक, बोर्डमार्क, जुट, सिसाकलमका टुक्रा, प्याजका बोक्रा आदिबाट सिर्जना गरेका सुन्दर कलाकृतिहरूको प्रदर्शनी राजधानीको बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा प्रारम्भ भएको छ। प्रदर्शनीमा राखिएका अधिकांश सिर्जना घर केन्द्रित छन्। प्रदर्शनीमा नेपाली परम्परागत घरदेखि फार्म हाउस तथा गुम्बासम्मका नमुना देख्न पाइन्छ। छवाली, बाँस, प्लास्टिक, एक्सरे नेगेटिभ आदि फरक-फरक वस्तु प्रयोग गरी उनले घरलाई रङसमेत दिएका छन् जसले घरको फरक समय र अवस्थितिलाई प्रस्ट्याउँछ। आगामी मंगलबारसम्म जारी रहने प्रदर्शनीमा ८ हजार रुपैयाँदेखि ४० हजार रुपैयाँसम्मका कलाकृति समावेश छन्।

• कलाकार नेमबहादुर तामाङले गाउँले जीवनलाई कलामा उतारेर तयार पारेका चित्रहरूको प्रदर्शनी 'डेली चोरेस' राजधानीमा प्रारम्भ भएको छ। दरबारमार्गस्थित द आर्ट सपमा ग्रामीण जनजीवनलाई समेटिएका चित्र समावेश गरिएका छन्। प्रदर्शनीमा समाविष्ट चित्रमा गाउँबाट लोप हुने स्थितिमा पुगेका सन्दर्भहरूलाई समेटिएको छ। आगामी दुई सातासम्म जारी रहने यो प्रदर्शनीमा ४ हजारदेखि १८ हजार रुपैयाँसम्मका २४ थान चित्र समावेश छन्। कलाकार तामाङको यो दोस्रो एकल प्रदर्शनी हो। यसअघि उनले कोरियामा पहिलो एकल चित्रकला प्रदर्शनी गरेका थिए।

## चलचित्र

### हर्न ओके प्लिज



यो साता बलिउडमा प्रदर्शन हुने चलचित्र 'हर्न ओके प्लिज' मा नाना पाटेकर, रिमि सेन, मुजाम्मिल इब्राहिम, अलि अजगर, सतिश साह, राखी सावन्त, कुनिका, मुकेश तिवारी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। राकेश सारंगद्वारा निर्देशित यो चलचित्रको निर्माण अब्दुल सामी सिद्धिकीले गरेका हुन्। ललित पण्डितद्वारा संगीतबद्ध यो चलचित्रका गीतहरू सुनिधि चौहान, सुदेश भोसले, नाना पाटेकर, के.के., सिल्पा राव आदि गायक-गायिकाले गाएका छन्। हास्यप्रधान यो चलचित्रको कथा नायक नाना पाटेकरको वरिपरि घुमेको छ। चलचित्रमा उनले गोविन्दाका रूपमा एउटा ट्रक ड्राइभरको भूमिका निर्वाह गरेका छन्। चलचित्रको प्रारम्भदेखि नै उनले दर्शकलाई विभिन्न घटनाक्रममार्फत हसाउन थाल्छन्। नायिका रिमी सेनले चलचित्रमा दोहोरो भूमिका निर्वाह गरेकी छिन्। एकातर्फ उनी नानाकी श्रीमती रियाका रूपमा प्रस्तुत भएकी छिन् भने अर्कातिर उनलाई चलचित्रका सहनायक मुजाम्मिल इब्राहिमकी प्रेमिका सियाका रूपमा प्रस्तुत गरिएको छ। रिया र सिया जुम्ल्याहा दिदी-बहिनी भएकाले उनीहरूको अनुहार मिल्नु स्वाभाविक हो, तर यो कुरा रियाका श्रीमान् नानालाई जानकारी हुँदैन। आफ्नी श्रीमती तथा सालीको अनुहार मिल्ने कुराबाट अनभिज्ञ नानाले आफ्नो वैवाहिक जीवनमा आएको संकट टार्न प्रशस्त मेहनत गर्छन्। चलचित्रको कथा अघि बढ्दै जाँदा नानाको अन्यौल त हट्छ, तर त्यस क्रममा चलचित्रको कथाले अर्कै रूप लिइसकेको हुन्छ। सुरुदेखि अन्त्य सम्म नै दर्शकलाई हसाइरहने विशेषता बोकेको यो चलचित्रलाई दर्शकले कत्तिको माया गर्ने हुन्, हेर्न बाँकी नै छ। बलिउडमा आजै शुक्रबार 'कास तुम मेरे होते', 'प्रेसिडेन्ट इज कमिङ' तथा 'ब्याड लक गोविन्द' पनि प्रदर्शन हुँदैछन्।

### ब्राइड वार्स

हलिउडमा आज शुक्रबारदेखि प्रदर्शनमा आउने चलचित्र 'ब्राइड वार्स' मा केट हड्सन, एन्नी हाथावे, क्यान्डिस बेर्गन, क्रिष्टेन जोन्सन, ब्रायन ग्रीनवर्ग आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। गेरी विनिकद्वारा निर्देशित यो चलचित्रको निर्माण जय कोहेन, टोनी लुड्विग तथा माट लुवरले गरेका हुन्। ट्वान्टिथ सेन्चुरी फक्सले विश्वव्यापी रूपमा वितरण गर्ने यो चलचित्रमा प्रशस्त हास्यदृश्य समावेश भएकाले यसलाई 'कमेडी' चलचित्रका रूपमा वर्गीकरण गरिएको छ। चलचित्रको शीर्षकझैं यसमा दुई युवतीको कथा समेटिएको छ, जो विवाहका लागि तयार छन्। चलचित्रको कथाअनुसार केट तथा एन्नी असाध्यै मिल्ने साथी हुन्। उनीहरूले बाल्यकालदेखि नै आफ्नो विवाहका बारेमा आकर्षक योजना बनाएका हुन्छन्। उनीहरूको योजनामध्येको एक, वैवाहिक समारोह न्युयोर्कको चर्चित प्लाजा होटलमा हुनुपर्नेछ। अहिले उनीहरू दुवै २६ वर्षका भएका छन् र विवाहका लागि तयार छन्। केट वकालत पेसामा रमाएकी छिन् भने एन्नी शिक्षिकाका रूपमा आफ्नो क्यारियर अघि बढाइरहेकी छिन्।



दुवैले विवाहका लागि मन पर्ने जीवनसाथी पनि फेला पारिसकेको छन्, तर दुवैको सम्बन्धमा त्यति बेला तिक्तता आउँछ, जब दुवैको वैवाहिक समारोह एकै दिन हुने निर्णय हुन्छ। बाल्यकालदेखिको मित्रतामा एउटा सानो घटनाले कसरी खलल पार्छ भन्ने कुरालाई चलचित्रमा आकर्षक ढंगले चित्रण गरिएको छ।

## पुस्तक

### सूर्यग्रहण

कवि विष्णुबहादुर सिंहले आफ्नो नयाँ कविता सेदोका (जापानी भाषामा लघु कविता) संग्रह सूर्यग्रहण सार्वजनिक गरेका छन्। २ सय १ वटा सेदोकाहरू संग्रहित यो कृति नेपाली पाठकका लागि नौलो अनुभूति हुन सक्छ। तन्नेरी प्रकाशन काठमाडौंद्वारा प्रकाशित यो पुस्तकको व्यक्तिगत मूल्य १ सय रुपैयाँ तथा संस्थागत २ सय रुपैयाँ छ।

### मानव संसार

उपन्यासकार शरण राईले आफ्नो पहिलो औपन्यासिक कृति 'मानव संसार' लाई पाठकसमक्ष प्रस्तुत गरेका छन्। सामाजिक उपन्यास मानव संसारले वृद्धाश्रमको जीवनलाई नजिकबाट नियाल्ने प्रयास गरेको छ। उपयोगी प्रकाशन, धरानले प्रकाशित गरेको यो उपन्यासको मूल्य व्यक्तिगत ३ सय रुपैयाँ तथा संस्थागत ५ सय रुपैयाँ राखिएको छ।



# तपाईंको यो साता



## यो साताको पञ्चाङ्ग

पुस २६ गते : श्रीस्वस्थानी व्रतकथा प्रारम्भ, २७ गते : माघ स्नान आरम्भ, राष्ट्रिय एकता दिवस, पृथ्वी जयन्ती, माघ १ गते : सूर्य उत्तरायण हुने, माघे संक्रान्ति, मकर स्नान, विश्व योग दिवस, थारु समुदायको माघी पर्व, २ गते : भूकम्प सुरक्षा दिवस।

### मेष

समय राम्रो छ। पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। अरूबाट सहयोग पाउनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ। नयाँ मित्रको आगमनले मनोबल दरो हुनेछ। अध्ययनमा सफलता पाउनुहोला। भेटघाटमा मन रमाउनेछ।

### मिथुन

सफलताका लागि स्वास्थ्यको ख्याल गर्नुपर्नेछ। खानपानमा ध्यान दिनुहोला। मन चञ्चल रहने हुँदा धैर्यता अपनाउनुपर्ने बेला छ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्।

### सिंह

सोच्ने शक्ति एवं पराक्रम बढ्नेछ। काममा सफलता मिल्नेछ भने मान-सम्मान पनि पाउनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ। अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। भोज-भतेर एवं सभा-सम्मेलनमा सामेल हुने अवसर प्राप्त हुनेछ।

### तुला

अस्वस्थता एवं आलस्यताका साथै चिन्ता बढ्ने योग छ। काममा अवरोध आउन सक्छ। शनिबार देखि भाग्यले साथ दिन थाल्नेछ। धर्म-कर्ममा मन जानेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने देखिन्छ। व्यवसायमा सफलता प्राप्त होला।

### धनु

व्यवसाय बढ्नुका साथै यात्रा हुन सक्छ। प्रसन्नता एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। बोली प्रभावशाली हुनेछ। अध्ययनमा सफलता एवं धन आर्जन गर्ने अवसर मिल्नेछ। स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने योग छ।

### कुम्भ

सोच्ने शक्ति एवं पराक्रम बढ्नेछ भने अध्ययनमा सफलता हात लाग्नेछ। अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। यात्रा हुनसक्छ। अरूको विश्वास जित्न सकिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ।

### वृष

बोलीको प्रभाव, पराक्रम एवं प्रसन्नता बढ्नेछ। अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइनेछ। आफन्तहरूले सहयोग गर्नेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता हासिल हुनेछ। धर्ममा रुचि बढ्नेछ भने भाग्यले पनि साथ दिनेछ। यात्रामा समस्या आउने हुँदा संयमित रहनुहोला।

### कर्कट

सुरुमा खर्च एवं विवादका साथै गलत विचार बढ्नेछ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। स्वास्थ्य पनि गडबड हुनसक्छ। सोमबारदेखि मान-सम्मान एवं काममा सफलता मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### कन्या

भाग्यले साथ दिनेछ। मान-सम्मान पनि पाउनुहोला। सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता प्राप्त हुनेछ। अरूको मन जित्न सकिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा हुनसक्छ। ठूला व्यक्तिले भरोसा गर्नेछन्। महत्त्वपूर्ण जिम्मेवारी पाउनुहोला। खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### वृश्चिक

यात्रा हुने तथा काममा सफलता मिल्ने देखिन्छ। भोजघाटमा रमाउने अवसर जुट्नेछ। धर्म-कर्ममा मन जानेछ। भाग्यले साथ दिनेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन हुनसक्छ। काममा अवरोध आउने देखिन्छ। चिन्ताले पनि सताउन सक्छ।

### मकर

रोग एवं शत्रु बढ्ने हुँदा खाँदा तथा बोल्दा विचार पुऱ्याउनुहोला। गोपनीयता अपनाउनुपर्ने बेला छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। काममा अवरोध आउला। शरीरमा चोटपटक लाग्न सक्छ। खर्च बढ्नेछ भने भूटा आरोप लाग्न सक्छ। यात्रामा लाभ हुने, पराक्रम बढ्ने तथा अधुरा काम बन्ने योग छ।

### मीन

पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम हासिल हुने योग छ। आफन्तहरूको सहयोग पाइनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता हात लाग्नेछ। व्यवसायबाट लाभ होला। यात्रा हुनसक्छ। मान-सम्मान पनि पाउनुहोला। रमाइलो भेटघाटले मन प्रसन्न रहनेछ।

# किन एक्ला भए ज्ञानेन्द्र?

पृष्ठ १ बाट जारी

विषय बनेको छ। इतिहासको अध्ययन गर्नेहरूले भने ज्ञानेन्द्र एक्लो हुनुलाई आश्चर्यका रूपमा लिँदैनन्। उनीहरूका अनुसार पृथ्वीनारायण शाहको वंशवृक्ष शक्तिको उन्मादसँगै कुटिल षड्यन्त्रमा परेका कारण यस्तो अवस्था आएको हो। अति शक्ति एवं भिन्न सोचका कारण शाहवंश पतनतर्फ उन्मुख भएको हो। राणा शासनअघिसम्म उति चर्चामा नरहेका राजपरिवारका नातागोता २००७ सालपछि शक्तिसंघर्षमा लागे। पञ्चायती व्यवस्था, सुधारिएको पञ्चायत, २०४६ सालको प्रजातन्त्रजस्ता जति पनि नयाँ शासन आए, ती सबैमा एकथरी शाही परिवारको असहमति हुँदै गयो। फलस्वरूप मुख्य परिवारसँग राजाहरूको नाता टुट्दै गयो।

'विशाल वंशवृक्ष भएको शाही परिवारका मानिस बत्ती बालेर खोज्नुपर्ने अवस्था छ।' इतिहासकार पुरुषोत्तम शमशेर जबरा भन्छन्, 'कतिपय मानिस अहिले आफूलाई शाही परिवारका रूपमा चिनाउन पनि चाहँदैनन्।'

### अनियन्त्रित जीवनशैली

'श्री ५ बाट भए-गरेका कुनै पनि काम कारबाहीप्रति प्रश्न उठाउन पाइनेछैन' भन्ने तत्कालीन राजपरिवार नियमावलीका कारण राजपरिवारलाई जे गर्न पनि छुट थियो। यो छुटका कारण शाही परिवारले धेरै महिलालाई रखौटी राखेका थिए। उनीहरूबाट पनि धेरै सन्तान जन्मिएको पाइन्छ। राजपरिवारमा काम गर्ने राम्री युवतीसँग उठबस गर्न वैधानिक रानीहरूबाट पनि छुट प्रदान गरिएको इतिहासमा उल्लेख छ। यस्ता उठबसबाट जन्मिएको सन्तानलाई पनि सम्पत्ति तथा पद दिएर परिवारभित्रै राखिन्थ्यो। ती अवैधानिक सन्तानले पनि दरबारभित्रकै अन्य नातेदारका सन्तानसँग विवाह गर्थे। यसरी राजपरिवार प्रत्येक वर्ष झ्याङ्गिँदै गएको थियो।

'त्रिभुवनकी एरिका' शीर्षकको पुस्तकमा त्रिभुवनले ११ वटी रखौटी राखेको कुरा उल्लेख छ। उनीहरूबाट कति सन्तान भए त्यसको खोजबिन भएको देखिँदैन। यद्यपि महेन्द्रले भने युवराज अवस्थामै एउटी गुरुङ थरकी युवतीबाट रवीन्द्र नामका छोरा जन्माएका थिए। वीरेन्द्रभन्दा जेठा रवीन्द्रका दुई छोरी र एक छोरा छन्। रवीन्द्रको केही वर्षअघि मृत्यु भए पनि उनका तीन सन्तान अहिले पनि काठमाडौंमै छन्। पछिल्लो समयमा ल्याइतेबाट जन्मिएका सन्तान तथा आफन्तलाई आफ्नो समूहमा सामेल गर्ने चलन हटेपछि राजतन्त्रको समर्थन गर्ने ठूलो समूहबाट ज्ञानेन्द्र एक्लिएका हुन्।

### सम्पत्तिको लोभ

पत्रकार सूर्य थापाका अनुसार पृथ्वीनारायण शाहदेखि १३ पुस्तासम्म सम्पत्तिको धेरैजसो अंश ज्ञानेन्द्रले पाएका छन्। त्रिभुवनदेखि प्रत्यक्ष सत्ता सञ्चालन गर्न पाएको राजसंस्थाले त्यसयता धेरै सम्पत्ति जोड्न भ्यायो। 'राजा महेन्द्रले त सरकारलाई नारायणहिटीसमेत बेच्न भ्याए।' थापा भन्छन्– 'यसले राजाहरूमा सम्पत्तिको लोभ देखिन्छ।' त्रिभुवनका पाँच जना छोरा देखिन्छन्। यद्यपि वैधानिक रानीबाट तीन सन्तान जन्मिएका थिए। तीन छोरामध्ये कोही अपुत्रा भए भने कोही निःसन्तान भए। सम्पत्ति खाने बाँकी सदस्यमध्ये धेरैजसोको इहलीला दरबार हत्याकाण्डमा समाप्त भयो।

दरबार हत्याकाण्डपछि राजपरिवारको विशाल सम्पत्ति ज्ञानेन्द्रको हात पर्‍यो। 'त्यति धेरै सम्पत्ति अरूलाई नबाँडी आफैं राखेको देखेपछि आफन्तहरू रिसाएको हुनुपर्छ।' ज्ञानेन्द्रका ज्वाइँतर्फका एकजना नातेदार जितेश शाही भन्छन्, 'आफन्तहरू दीपेन्द्रका नाममा भएको सम्पत्ति श्रुतिका सन्तानलाई समेत नदिई आफैंले राखेकोमा रुष्ट भएको मैले पाएको छु।' शाहीका अनुसार अहिले पनि काठमाडौंमा ज्ञानेन्द्रका प्रशस्त नातेदार छन्, तर सबैजसो आफन्त ज्ञानेन्द्रले नाता-गोतालाई भन्दा शक्ति र सम्पत्तिलाई मान्यता दिएको मान्छन्। त्रिभुवन, महेन्द्र तथा हिमालयका तर्फबाट जन्मिएका धेरै अवैधानिक छोरा तथा उनीहरूका सन्तानको अवस्था उति सन्तोषजनक छैन। केही सम्पत्ति उनीहरूले पनि पाउनुपर्ने राय आफन्तहरूको छ। दरबारभित्रका सबै कुरा बुझेका यस्ता आफन्तहरू सकेसम्म ज्ञानेन्द्रको नजिक जान चाहँदैनन्।

### राजनैतिक कारण

विशाल नेपाल खडा गर्ने राजसंस्थाको अन्त्य ज्ञानेन्द्रको देखिने राजा हुने महत्त्वाकांक्षाकै कारण सम्भव भएको ठहर धेरैजसो शाही नातेदारको छ। 'महेन्द्रको पालासम्म शाही परिवार एकीकृत नै थियो।' कलाकार नीर शाह सम्झन्छन्– 'किनभने सबैले कुनै न कुनै रूपमा राज्यका तर्फबाट सहुलियत पाएका थिए।' शाहका अनुसार सुधारिएको पञ्चायती व्यवस्थामा एक थरी नातेदारको असहमति रह्यो। यस्ता नातेदारहरू कडा पञ्चायती व्यवस्था लागू गर्नुपर्छ भन्ने मान्यता राख्थे। यस्ता नातेदारहरू वीरेन्द्रविरुद्ध एकजुट भएका थिए। जब २०४६ सालमा प्रजातन्त्र आयो, सुधारिएको पञ्चायती व्यवस्था पक्षधरहरू पनि रिसाए। त्यसपछि राजपरिवारका प्रत्येक सदस्यको छुट्टै समूह बन्न थाल्यो।

भिन्न-भिन्न विचार राख्ने मुख्य शक्तिहरूको दरबार हत्याकाण्डमा एकसाथ मृत्यु भयो। ती शक्तिको अन्त्यसँगै धेरैजसो नातेदारले देशमा अब राजतन्त्रकै अन्त्य भएको विश्लेषण गर्न थाले। 'मेरा लागि पनि त्यसै दिन गणतन्त्र आयो, जुन दिन मैले मिलनसार राजा वीरेन्द्र र आफ्नै दाइ खड्गविक्रमको परिवारलाई गुमाए।' नीर शाह भन्छन्– 'त्यसपछि राजपरिवारसँग जोडिएको नातालाई धेरैजसोले काउछो मान्न थाले। मेरा लागि पनि यो नाता काउछो नै साबित भयो।' दरबार हत्याकाण्डपछि राजा भएका ज्ञानेन्द्रले उनीहरूलाई मात्र साथ लिए, जो कडा पञ्चायती व्यवस्थाका पक्षपाती थिए। जब गणतन्त्र आयो, कडा पञ्चायती व्यवस्थाका पक्षपातीहरू नयाँ शक्तिकेन्द्रका पछि लागे। फलस्वरूप ज्ञानेन्द्र आफन्तविहीन हुन पुगे। 'असल नियत नभएकैले ज्ञानेन्द्रलाई छोराले पनि छोडेर सिंगापुर लागे।' ज्वाइँ खलकका आफन्त जितेश शाहीले साप्ताहिकसँग भने– 'आफ्नै छोरा पारस सरकार त असन्तुष्ट होइबक्सन्छ भने अरुले वास्ता नगर्नु त स्वाभाविक नै हो।'

### गोप्यता मूल मन्त्र

राजपरिवारको लोकप्रियता एकाएक खस्कनुमा दरबारभित्रको सूचना बाहिरसम्म पुग्नु पनि एक थियो। शाही परवारले गर्ने कुकृत्य आमजनतासम्म पुग्दा त्यसले राजपरिवारलाई अलोकप्रिय बनाउने डर थियो। त्यसैले यस्ता कुरा बाहिर आउन नदिन निकै कडाइ गरिन्थ्यो। राजप्रसादमा जागिर खाने सर्त नै 'गोप्यता भंग हुने कुनै कार्य गर्नेछैन' भन्ने हुन्थ्यो। 'सकेसम्म आफ्ना कुरा बाहिर नआओस् भन्ने चाहना राजपरिवारमा थियो।' कुनै बेला राजप्रसादका जागिरे पत्रकार शेखर खरेल भन्छन्– 'मैले जागिर खाँदा पनि गोप्यता नै प्रमुख कुरा थियो।'


विज्ञहरूका अनुसार आफ्ना कुरा जनतासम्म नपुगोस् भन्ने हेतुले नै उनीहरू नाताभित्रै विवाह गर्थे। मुलुकी ऐनको हाडनाता करणीमा छ पुस्ताभित्र यौनसम्बन्ध कायम राखे सात वर्षसम्म कैद गर्ने प्रावधान छ। शाही परिवारमा तीन पुस्ताभित्रै विवाह गर्नुको कारण आफ्ना कुरा आममानिसले थाहा नपाऊन् भन्ने नै हो। यो सोचाइ अहिले पनि कायमै छ।


कष्मेटिक सर्जरी
- शरिरमा भएका दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- टाउकोमा केश उमार्न
- स्तन सम्बन्धि कष्मेटिक उपचार
- Silicon Breast
- Botox Treatment
- PLASTOKOS
सम्पर्कः
प्लाष्टिक सर्जरी क्लीनिक
०१६९१०५३२, ९८०३८८३५७७
मानभवन, जावलाखेल

आवश्यकता
काँटी तथा कुरुषले बुन्न जान्ने २० जना भन्दा बढी हुने व्यक्तिको आवश्यकता
सम्पर्क रेणु श्रेष्ठ
फोन नं.: ४२६९७०१, ४२६००७३

ON AIR

नेपालको एकमात्र अत्याधुनिक Studio को Audio/Visual उपकरणमा Professional Course RJ/VJ/MC/News Reporting, Reading, Media Marketing र Technician का 'विशिष्ट कक्षाहरु'
RJ/MC का हरेक कक्षा Most Demanded प्रशिक्षक हेम सुवेदी संग
VJ/MC का हरेक कक्षा नरेश भट्टराई द्वारा दिइने एकमात्र प्रशिक्षण केन्द्र
Oppertunity is always with U if U deserve & demand the best
BOOMEDIA
Boom Media
Baghbazar, Ktm., Nepal
☎ 01-4260125
Hurry up! Call Now or Never......

● सम्पादकीय ●

# आस्थामा अतिक्रमण

हिन्दूहरूको आस्थाको केन्द्र मानिएको पशुपतिनाथ मन्दिरमा शताब्दियौंदेखि कायम रहेको परम्परालाई समयानुकूल बनाउने नाममा पछिल्लो समयमा जे–जस्ता काम–कारबाहीहरू भए त्यसले पशुपतिनाथलाई समेत विवादमा ल्यायो। अहिले पशुपतिनाथका मूल भट्ट र अरू भट्टहरूले राजीनामा गरिसकेको बताइएको छ तर सरोकारवाला पशुपति क्षेत्र विकास कोषले उनीहरूसँग बुझबुझारथ गर्न सकेको छैन। पशुपतिनाथमा देखिएको पछिल्लो विवाद राजनीतिप्रेरित छ भन्ने आरोपले उक्त विवादलाई थप उचाइ दियो। पशुपतिनाथका पुजारीहरू नेपाली नागरिक नै हुनुपर्छ भन्ने पछिल्लो विकसित मान्यताले पशुपतिनाथको विवादमा अहं भूमिका निर्वाह गरेको देखिन्छ। शताब्दीयौंदेखि पशुपतिनाथमा पूजापाठ गर्दै आएका दक्षिण भारतका पुजारीहरूलाई बिदा गरेर नेपाली पुजारी राख्ने क्रममा जे–जस्ता घटनाक्रमहरू विकसित भए त्यो समयसापेक्षभन्दा राजनीतिप्रेरित देखिएपछि आमजनमानसमा सरकारले जनताको आस्थामा अतिक्रमण गरेको सन्देश पुग्यो। यसबाट नेपाली समाजमा धर्मका नाममा राजनीति गर्ने र त्यसैमा टेकेर मुलुकमा अशान्ति फैलाउन चाहने तत्त्वले चलखेल गर्ने अवसर सिर्जना गरेको आभास पाउन थालिएको छ।

अहिले पशुपतिनाथको विवाद नेपालीहरूका लागि मात्र नभै विश्वभरिका हिन्दूहरूको चासोको विषय बनेको छ। पशुपतिनाथमा कहाँको पुजारी राखिनुपर्छ भन्ने कुराको सांस्कृतिक तथा सामाजिक मान्यताहरू छन्। ती मान्यताहरू कुल्चेर कुनै पनि किसिमको निर्णयलाई एकैपटक लागू गर्न खोज्नु आफैमा गलत हो। पशुपतिनाथमा नेपाली पुजारी राखिनुपर्छ वा पर्दैन भन्ने कुरा एउटा बेग्लै बहसको विषय हो। परम्पराबाट निर्देशित यो विषयमा निर्णय गर्नुभन्दा अघि सरोकारवाला निकायले सम्बन्धित सबै पक्ष समेटिने गरी बहस चलाएर पारदर्शी र सबैलाई मान्य हुने किसिमले कुनै निर्णय लिएको भए सम्भवतः अहिलेको विवाद देखिने थिएन। सायद हामीहरू यहींनेर चुक्यौं। सर्वोच्च अदालतले समेत पशुपतिनाथमा नित्यपूजाका लागि परम्पराहरूलाई पछ्याउन आदेश दिइसकेको अवस्थामा सरकारले पशुपतिनाथमा थप हस्तक्षेप गर्नु अनावश्यक देखिएको छ। पशुपतिनाथको पुजारीहरूका बारेमा लिइने कुनै पनि निर्णयलाई व्यावहारिक बनाउन सरकारले तत्कालका लागि परम्परा निर्वाह गर्दै नयाँ ढंगले सामाजिक तथा सांस्कृतिक बहसका लागि थप ढिलाइ गर्नु हुँदैन, किनभने पशुपतिनाथसँग संसारभरका करोडौं हिन्दूको आस्थासमेत जोडिएको छ। पशुपतिनाथमा नित्यपूजा गर्ने पुजारी फेर्नु भनेको सरकारको मन्त्री वा कुनै संस्थानको महाप्रबन्धक फेरेजस्तो राजनैतिक विषय होइन। यो विषयमा सरकारले आफ्नो गल्ती सच्याउनैपर्छ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

● चिठीपत्र ●

## मुलुकको भलो ?

राजनीति भन्ने कुरा प्रत्येक व्यक्तिको चुलोदेखि भविष्यसम्म जोडिएको हुन्छ। त्यसैले राजनीति गर्न नरुचाउने युवालाई पनि राजनीति बुझ्न करै लाग्छ। एक सचेत नेपाली नागरिकका आँखाबाट देशको राजनीति नियाल्ने हो भने कामभन्दा मुख बढी चलाएर सरकारले संकट बोलाइरहेको आभास हुन्छ। शिक्षणसंस्थादेखि साना ठूला सबै व्यापारिक प्रतिष्ठान बन्द तथा हड्ताल हुनुले कस्तो भविष्यको कल्पना गर्ने ?

यसै प्रसंगमा सरकार चलाउन भन्दा युद्धको नेतृत्व गर्न सजिलो रहेछ भन्ने प्रधानमन्त्रीको अभिव्यक्ति डरलाग्दो छ। निर्माणका लागि ध्वंस भन्ने नारा दिएर एक दशकभन्दा लामो जनयुद्ध गरेका प्रधानमन्त्रीलाई सरकारको नेतृत्वमा पठाएका जनताले यस्ता अभिव्यक्तिबाट के बुझ्ने ? वाईसीएलको निरन्तरका उद्दण्ड क्रियाकलापले जनता वाक्क–दिक्क भएको कुरा बुझ्न नसक्नुलाई प्रधानमन्त्रीले आफ्नो कमजोरी नसम्झिनु भूल हो। वाइसिएलकै कारण अर्को लडाकु दस्ता युथ फोर्सको उपहारलाई नेपाली जनताले कति दिन खेप्नुपर्ने हो ?

भनिन्छ– त्यो व्यक्ति सफल हुन्छ, जसले आफ्ना विरोधीहरूलाई पनि मनाउन सक्छ। हाम्रो पनि चाहना प्रधानमन्त्रीले सबै पार्टीलाई मिलाएर निर्धारित समयभित्र जनमुखी संविधान निर्माण गरून् भन्ने हो, तर प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेससँगको बढेको दूरी देख्दा संविधान बेलैमा नबन्ने हो कि भन्ने आशंकाले पिरोलेको छ। अझ प्रमुख



सत्ता साझेदार नेकपा एमाले र मधेशी जनअधिकार फोरमले समेत जनचाहनाबमोजिम सरकारले काम गर्न नसकेको अनि सरकार गठनपूर्वका सहमति लागू नभएको भन्दै गठबन्धन टुट्न सक्ने चेतावनी दिएबाट कतै माओवादी पार्टीको सरकार सञ्चालन नीतिमा पुर्नविचार गर्नुपर्ने हो कि ? कुनै पनि पार्टीको राजनैतिक संस्कारले उक्त पार्टीको कार्यप्रणाली, प्रजातान्त्रिक व्यवहार, कार्यशैली, सत्तापक्ष र विपक्षीलाई हेर्ने दृष्टिकोण, मतदातालाई हेर्ने दृष्टिकोण, राज्यसंचालनको सोच, पार्टीभित्रको विवाद समाधान गर्ने तौरतरिका, कार्यकर्ताको आचरण बुझिन्छ। २०४६ सालको परिवर्तनपछि स्थापित प्रजातान्त्रिक पद्धतिको डेढ दशकको अभ्यास र दोस्रो जनआन्दोलन पछिको यति लामो समयपछि पनि राजनैतिक संस्कार र संस्कृतिमा परिपक्वता नआउनुमा दलहरूलाई किन दोषी नमान्ने ? त्यसैले प्रधानमन्त्रीले ठूलो पार्टीको अध्यक्षका हैसियतले चाँडोभन्दा चाँडो कमजोरी हटाएर अघि बढ्नुमा मुलुकको भलाइ छ।

**– कविता पराजुली, मैतीदेवी**

## प्राविधिक विश्वविद्यालयको अपरिहार्यता

समृद्ध राष्ट्रको इतिहास हेर्दा विज्ञानको अभूतपूर्व सफलतालाई नै उनीहरूको प्रगतिको कारक मान्न सकिन्छ। यता हाम्रो स्थिति भने बेग्लै छ। हाम्रो देशमा स्कुलदेखि नै तीक्ष्ण बुद्धि भएकाहरू लोकसेवा लडेर सरकारी जागिर खान्छन्, सरकारी जागिर खान नसकेका र पैतृक सम्पत्ति भएकाहरू बैंक खोल्छन्, केही पैतृक सम्पत्ति नहुनेहरू पार्टनरसिपमा भए पनि प्राइभेट कलेज नत्र बोर्डिङ स्कुल खोलेर बस्छन् भने पढ्न पनि नसक्ने काम पनि नगर्नेहरू कि त राजनीति गर्छन्, कि विदेशमा गुलामी गर्न जान्छन्।

पृथ्वीनारायण शाहले टुक्रिएको नेपाललाई एकीकृत गरेदेखिको इतिहास हेर्दा कुनै पनि शासकले जनतालाई आत्मनिर्भर हुने खालका शिक्षा लागू गर्नुको सट्टा शिक्षाबाटै वञ्चित गराउने अथवा आफ्नो राजनैतिक स्वार्थ पूरा हुने खालका शिक्षा मात्र लागू गर्न खोजेको देखिन्छ, जसले गर्दा आज नेपालीहरू विश्वबजारमा समेत मजदुर अथवा बहादुरको नामले मात्र चिनिन बाध्य छन्।

मानवीय स्वभावअनुसार हरेक मानिसको इच्छा बेग्लाबेग्लै हुन सक्छ र मानिसले आफूले इच्छाएको काम गर्न पायो भने उसले त्यसलाई पूरा गरेरै छाड्छ। यही तथ्यलाई बुझेर सरकारले स्कुलदेखि नै प्राविधिक शिक्षा लागू गरी प्राविधिक विश्वविद्यालय स्थापना गर्नु अनिवार्य छ, जसले गर्दा हरेक मानिसले आफ्नो इच्छाअनुसारको सीप-ज्ञान हासिल गरी त्यसै विषयमा विद्यावारिधि हासिल गर्न सके गुणस्तरीय उत्पादन हुने, बिश्वबजारका लागि विभिन्न विषयका प्राविधिकहरू आपूर्ति हुने र आत्मनिर्भरताका साथ उसले कार्य गर्न सक्ने निश्चित नै छ।

त्यसैले विकासका लागि विभिन्न राजनैतिक पार्टीले आफ्नो कार्यक्रममा प्राविधिक शिक्षालाई प्राथमिकताका साथ अघि सारेर प्राविधिक विश्वविद्यालयको अवधारणा लागू गर्नुपर्छ, नत्र देशविकास बालुवाबाट तेल निकाल्ने असफल प्रयास मात्र साबित हुनेछ।

**–अम्बिकाप्रसाद ढकाल**

● तीतो सत्य ●

सम्झौता गर्ने क्रममा कुनै मोडमा आफूसँग आफ्नोपनको नाममा एउटा आत्मामात्र बाँकी रहन्छ।

**दुर्गा मगर**

अविस्वासले मित्रताको डोरी चुँडाल्छ भने विश्वासले बलियो गरी गाँसिरहन अभिप्रेरित गर्छ।

जहाँ आत्मियता, मेलमिलाप, प्रेम र स्नेह हुन्छ त्यहाँ सम्बन्ध पनि बलियो हुन्छ।

खाने कुरा किन्न सम्भव छ भोक किन्न सम्भव छैन, भौतिक शरीर किन्न सम्भव छ तर प्रेम किन्न सम्भव छैन।

पैसालाई ठूलो मान्नेहरूले साथीको महत्त्व बुझ्दैनन् भने साथीको महत्त्व जान्नेहरू पैसालाई ठूलो देख्दैनन्।

असल व्यक्ति त्यही हो जसले अरूको कुरा काट्दैन, अरूको दोष देख्दैन, अरूको खोइरो खन्दैन र कसैलाई पनि अप्ठेरोमा पार्दैन।

**विन्दु लामा**

भौतिक धनले केवल भौतिक साधन किन्न सम्भव हुन्छ, मन र जीवन किन्न सम्भव छैन।

क्रोध, रिस र द्वेष त्यो आगो हो जसले आफैंलाई भष्म पार्छ।

बलको घमन्ड गर्नु उचित हुँदैन, किनभने जिन्दगीको ठेगान हुँदैन।

**वसन्त खत्री, पनौती**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

● सहर चर्चा ●



## दीपकको चौखट

रंगपत्रकार दीपक रौनियार अन्ततः चर्चित चलचित्र निर्देशकमा दरिए। राजधानीमा सम्पन्न अन्तर्राष्ट्रिय माउन्टेन फिल्म फेस्टिबलमा उनी निर्णायकहरूको आँखामा परे। उनको एकघन्टे चलचित्र 'थ्रेसहोल्ड' (मैथिलीमा चौखट) ले तेस्रो पुरस्कार प्राप्त गऱ्यो। पहिलो र दोस्रो पुरस्कार भारतीय तथा बेलायती चलचित्रले पाएका थिए। 'नेपाली चलचित्र अन्तर्राष्ट्रिय महोत्सवमा छानिनु नै ठूलो कुरा थियो।' ५ सय अमेरिकी डलरको पुरस्कार हात पारेका दीपकले साप्ताहिकसँग भने– 'पुरस्कारमा छनौट हुँदा म पनि आश्चर्यमा परें।' यद्यपि निर्णायक उगेन छोपेलले मैथिली समाजको घटनामा आधारित उनको चलचित्र आममानिसको मन छुने मात्र होइन, प्राविधिक हिसाबले पनि महत्त्वपूर्ण भएको बताएका छन्।

एक दशकअघि विराटनगरबाट आर्थिक पत्रकारिता प्रारम्भ गरेका दीपकले राजधानी आएपछि रंगपत्रकारिता थालेका थिए। यसैबेला चलचित्र निर्देशक छिरिङ रितार शेर्पा तथा नवीन सुब्बाको संगतमा आएपछि उनी चलचित्र निर्माणमा रुचि राख्न थाले। टेलिश्रृंखला 'दलन' का सम्पादक दीपक छिरिङ रितारका सहायक निर्देशक पनि हुन्। बेलायतको चर्चित समाचार संस्था बीबीसी ट्रस्टअन्तर्गत मैथिली सेवामा काम गरेका दीपक पुरस्कार प्राप्तिपछि पूर्ण रूपमा चलचित्र क्षेत्रमा लाग्ने प्रेरणा प्राप्त गरेको बताउँछन्।

● साइबर गर्ल ●

## कृपाको आत्मविश्वास



२३ वर्षीया कृपा थापा नेपाली मोडलिङ क्षेत्रमा नयाँ अनुहार हो। नयाँ भए पनि आफूमा केही गरेर देखाउने प्रशस्त आत्मविश्वास भएको कृपा बताउँछिन्। २३ वर्षीया कृपा ५ फिट ३ इन्च अग्ली छिन्। आफ्नो कदले मोडलिङ क्षेत्रमा क्यारियर बनाउन सहयोग पुऱ्याइरहेको धारणा व्यक्त गर्ने कृपाले प्लस टुसम्मको अध्ययन पूरा गरेकी छिन्। कालो आँखा तथा खैरो केशकी धनी कृपाले सफल मोडलका साथै दक्ष ब्युटिसियन बन्ने लक्ष्य लिएकी छिन्। आफ्नो पछाडि कुरा काट्नेहरूलाई घृणा गर्ने कृपा पिज्जा र मःम भनेपछि हुरुक्क हुन्छिन्। अनिल सिंह तथा राजु लामाका गीत सुन्न रुचाउने कृपालाई स्मार्ट पुरुषहरू मन पर्छन्। नृत्यमा पारंगत कृपालाई अमेरिका घुम्ने रहर छ। नेपाली मोडलिङको प्रगतिप्रति सन्तुष्ट कृपाका आकर्षक तस्बिरहरू नेपालीसाइट डट कममा हेर्न सकिन्छ।

● मुखाले ●

सेनाको अधीनमा सरकार होइन, सरकारको अधीनमा सेना रहन्छ।

**रामबहादुर थापा, रक्षामन्त्री**

भर्तीबासरे अनावश्यक विवाद लम्ब्याई सेना र सरकारबीच सम्बन्ध बिगार्न खोजिएको छ।

**कृष्णबहादुर महरा, सूचना तथा सञ्चारमन्त्री**

सेनालाई विवादमा तान्ने प्रपञ्च भैरहेको छ।

**रुक्माङ्गद कटुवाल, प्रधानसेनापति**

यो (सेनामा भर्ना प्रक्रिया) सम्झौताअनुसारै छ।

**गिरिजाप्रसाद कोइराला**

माओवादी सरकारको विकल्प खोजिनु हुँदैन।

**डी.पी. त्रिपाठी, महासचिव, भारतीय राष्ट्रिय कांग्रेस**

धर्ममा राजनीति कसैले गर्न खोजेको होला, तर हामीले गरेका छैनौं।

**पुष्पकमल दाहाल, प्रधानमन्त्री**

यतिबेला राष्ट्रिय सरकारको अभाव खड्किएको छ।

**सीपी मैनाली, महासचिव, नेकपा माले**

युवाहरू संसार बदल्न सक्छन्।

**आकाशा बज्राचार्य, मिस नेवाः २००८**

नेपाल र नेपालीसँग मेरो साइनो पुरानो हो।


**सवाना आजमी, भारतीय चलचित्र नायिका**

मेरो कुमारीत्वमा शंका नगर्नुहोस्।

**गरिमा पन्त, चलचित्र नायिका**

# नेपाली निर्देशक भोको पेट काम गर्छन्

सिक्किमे युवक उगेन छोपेल अन्तर्राष्ट्रिय माउन्टेन फिल्म फेस्टिबलमा निर्णयकर्ताका रूपमा काठमाडौंमा थिए। 'प्रतिस्पर्धी चलचित्रलाई नम्बर दिनु कम गाऱ्हो काम रहेछ।' पटक-पटक अन्तर्वार्ताका लागि समय दिँदै सारेका उगेन छोपेलले भने 'निर्देशकबाट जज हुँदा त ठूलै भारी बोकाएजस्तो भयो।' आफूलाई भारतमा नेपाली चलचित्रको निर्देशकका रूपमा चिनाउँदा गर्व लागेको बताउने उगेन यतिखेर सिक्किम फर्किसकेका छन्।



**धेरै पछि नेपाल आउनुभयो, के फरक पाउनुभयो ?**

खै घुम्नै पाइएन। नेपालमा ठूलो परिवर्तन भयो भन्ने सुनेको छु तर अनुभवचाहिँ गर्न पाइनँ। माउन्टेन फिल्म फेस्टिबलले सबै टाइम खाइदियो।

**कस्ता लागे नयाँ नेपाली चलचित्र ?**

म निकै प्रभावित भएँ। मैले ठूलो पर्दाको चलचित्र धेरै हेर्न पाइनँ, तर फेस्टिबलमा जुन स्तरका चलचित्रको जजमेन्ट गर्न पाएँ, त्यसले मलाई आश्चर्यचकित बनायो। केशाङ छेतेन, दीपक रौनियार, छिरिङ रितारहरूले अन्तर्राष्ट्रिय स्तरको चलचित्र निर्माण गर्न सक्छन्। यद्यपि उनीहरू अहिलेसम्म भोको पेट काम गरिरहेका छन्।

**नेपाली चलचित्र उद्योगको अवस्था हेर्दा यहाँ अन्तर्राष्ट्रिय स्तरका चलचित्र निर्माण हुन सक्छन् र ?**

किन सक्दैनन् ? हामी के हौं भनेर हामीले अझै चिन्न सकेका छैनौ। यहाँको संस्कृति, इतिहास, लोकेसन सबै अन्तर्राष्ट्रिय स्तरको चलचित्र निर्माणका लागि उपयुक्त छ।

**हलिउड–बलिउडकै हाराहारीमा ?**

कमर्सियली करोडौंको व्यापार गर्न सक्ने नहोला, तर नेपाली निर्देशकले अन्तर्राष्ट्रिय जगत्मा आफ्नो कला देखाउँदा लाज नलाग्ने खालका चलचित्र बनाउन सक्छन्।

**राम्रो चलचित्रले पैसा नकमाउने, पैसा कमाउने चलचित्र राम्रो नहुने अवस्था छ भन्न खोज्नुभएको हो ?**

मेरो विचारमा अहिले न त यहाँ राम्रा चलचित्र बनेका छन्, न त पैसा कमाउने चलचित्र नै। वास्तविकता के छ भने नेपाली दर्शकमा नेपाली चलचित्र हेर्नुपर्छ भन्ने भावना मर्दै गएको छ। यो कुनै पनि देशका लागि घातक कुरा हो।

**तपाईंको विचारमा नेपालमा कस्ता चलचित्र बन्नुपर्छ ?**

म फरक धारको चलचित्र बन्नुपर्छ भन्ने पक्षमा छैन। त्यही चलचित्र राम्रो हो, जसले दर्शकलाई मनोरञ्जन दिन सक्छ। कमर्सियली हिट हुनुपर्छ। गाडी चढ्ने र मल जाने नेपालीहरूले पनि नेपाली चलचित्र हेर्न जाने वातावरण बनाउनुपर्छ।

**अनि विचार नि ?**

हामी विचार दिने दार्शनिक होइनौं। नेपाली निर्देशक विचार दिने क्षमताका छन् भन्ने पनि मलाई लाग्दैन।

**बीस वर्षमा जम्मा चारवटा चलचित्र दिनुभयो, जबकि तपाईंबाट ठूलो आशा गरिएको थियो ?**

म टाढा बस्छु, भेटघाट कम हुन्छ अनि नेपाली निर्माताहरू के सोच्छन् भने म महँगो निर्देशक हुँ। चलचित्रको बजार घट्दै जानु र मेरो भाउ बढ्दै जानुले पनि यस्तो अवस्था आएको हो।

**तपाईंका चलचित्रको क्वालिटी पनि घट्दै गएकाले पनि हो कि ?**

कसरी ?

**जुन स्तरको साइनो थियो, त्यो स्तरको तृष्णा बनेन। त्यसपछिको नेपाली बाबु र बादलपारि अझ कमजोर सावित भए, यसका केही कारण होलान् नि ?**

मेरो निर्देशन क्वालिटी घटेको हो भन्ने लाग्दैन, किनभने नेपाली बाबु त्यसबेलाको सुपरहिट चलचित्र हो। यति हो, त्यसभित्र कुनै गम्भीर सन्देश थिएन। मैले निर्माताको पैसा खर्च गराएपछि त्यसको रिटर्न दिन सक्नुपर्छ। अँ, बादलपारि मेरो कमजोर चलचित्र थियो। त्यसमा म पनि दुःखी छु।

**तपाईं सिक्किमको राम्रो बिजनेसम्यान हुनुहुन्छ, व्यापार बढ्दै गएपछि तपाईंबाट क्रिएसन कम हुँदै गएको आरोपलाई के भन्नुहुन्छ ?**

म मेरी आमाको एक्लो छोरो। मेरी आमा मेरो हजुरबुबाकी एक्ली छोरी। सानैमा बुबाको मृत्यु भयो। यी सबै कारणले साइनोपछि मेरो दायित्व बढ्दै गयो, तर म कलाकार हुँ। बिजनेसले जतिसुकै पैसा दिए पनि कलाको सन्तुष्टि दिन सक्दैन। त्यसैले म नेपाली चलचित्रका लागि सबै बिजनेस म्यानेजरलाई जिम्मा दिएर कलामा मग्न हुन्छु।

**त्यसो भए नयाँ चलचित्र कहिले बनाउनुहुन्छ ?**

एउटा स्क्रिप्टमा काम भैरहेको छ। सन् २०१० सम्ममा त्यो तयार हुन्छ। मलाई पनि कतिखेर पाँचौं चलचित्र बनाऔं भनेर हतार छ। पहिले अशान्ति छ भनेर निर्माताहरू तयार भएनन्, अब संविधान निर्माण भनिरहेका छन्। मलाई भने नेपाली दर्शकले बिर्सिसके भनेर चिन्ता लाग्न थालिसक्यो।

**तपाईंले हिन्दी चलचित्र निर्देशन गर्ने कुरा चलिरहेको थियो, के भएर कुरा अड्कियो ?**

म मुम्बईमा मामा (डेनी) सँग बसेर कलेज पढ्थें। त्यसैबेला मुकुल आनन्दको 'एतबार' तथा रोमन शर्माको 'दिलजला' मा सहायक निर्देशक भएर काम गरें। यस अर्थमा मेरो चलचित्रका गुरु हिन्दी चलचित्र नै हुन्, तर हिन्दी चलचित्रमा स्थापित हुन धेरै संघर्ष गर्नुपर्छ। त्यो क्षमता ममा भएन। अर्को कुरा सिक्किमका होटल र बियरको बिजनेस मैले नसम्हाली नहुने भयो। हिन्दी चलचित्रको स्टार म्यानेजमेन्ट कम्पनी 'काभिङ प्रोडक्सन' ले एउटा चलचित्र निर्देशनको अफर पनि गरेको छ। उनीहरू त्यसका लागि केही वर्ष मुम्बईमै बसेर स्क्रिप्ट आदिको अध्ययन गरौं भन्छन्। मलाई त त्यति लामो फुर्सद नै छैन। दुई हातमा लड्डु हुँदो रहेनछ। अब त परिवार छाडेर लामो समय बाहिर बस्न पनि सक्दिनँ।

**परिवारमा को–को हुनुहुन्छ ?**

आमा, श्रीमती र एउटी छोरी। मेरी आमा एक्ली, म एक्लो र मेरी छोरी पनि एक्लै। त्यही भएर मैले परिवार छोड्न नसकेको।


अर्जेन्ट आवश्यकता

NGO बाट विगत ५ वर्ष देखि संचालित संस्थालाई महिला विद्यार्थी कर्मचारीको आवश्यकता। पार्टटाइम, फुलटाईम जबको व्यवस्था

तलब : ७,५००।- + गाडीभाडा

संख्या : १७ जना

योग्यता : साधारण लेखपढ Test, S.L.C + Above

नोट : महिला विद्यार्थीको लागि उपयुक्त तथा ग्राहयता दिइने छ।

सम्पर्क २०६३१०० ९८४१८७२१९० ९८०३४६४३३४

(शनिवार पनि अफिस खुल्ला रहने छ।)

जनास मिडिया अब कोटेश्वरमा.....

रेडियो तथा टेलिभिजनमा चर्चित RJ/VJ जनास मिडियामा

RJ/VJ/MC

उद्घोषण तालिम

नेपालका पचासौं स्थानमा हजारौंलाई RJ/VJ तालिम दिइसक्यौं

अब पालो तपाइको ......

Ph. 9841-457750 / 01-2141246

कोटेश्वर प्रहरी चौकी सँगै

कर्मचारीको आवश्यकता

Jents - 8 जना

Ledies - 9 जना

Qualification - Basic Course

Internet जानेको वा Test, SLC, +2

Salary - 8,000 - 13,000

Option - Part time/Full time

2072545, 9803781642, 9849152047

चावहिल गणेशभवन संगैको घर

शनिबार कार्यालय खुल्नेछ।

के कोरियन केटा सँग वास्तविक जिवन विताउन चाहनुहुन्छ ?

तपाईंको चाहना हामी पुरा गर्छौं।

कल्चर म्यारिजव्युरो प्रा.लि.

सम्पर्क: ०१-४४६०३८१,

९८०३७८७०४४ (काठमाडौं)

९८५६०२०८२३ (पोखरा)

कसलाई हुँदैन र ! सुन्दर हुने चाहना

१. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,२५०/-

२. Souna Belt Price -रु.२,८९९/-

३. Breast घटाउने क्रिम -रु.१,३००/-

४. Breast बढाउने क्रिम -रु.१,३००/-

५. चुरोट खान छुटाउने Spray -रु.१,८९९/-

६. Roop Amrit -रु.१,३९९/-

७. अनुहारको चाया पोतो हटाउने -रु. ३,८९९/-

८. पेट घटाउन Abking pro -रु. ६,९९९/-

९. Home Jogger -रु. ६,९९९/-

१०. कपाल झर्न रोकी नयाँ कपाल पलाउने Herbal HairOil -रु. ७५०/-

११. Breast बढाउने pump -रु. १,८९९/-

१२. जाड रक्सी छुटाउने औषधी -रु. १,८९९/-

Global TV. Product Shop

पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि)

कुमारीबैकपछाडिफोन:४२४२०६१,४२३०८१५

# रिसलाई कसरी नियन्त्रण गर्ने ?



के तपाईं पनि रिसाहा व्यक्तिको श्रेणीमा पर्नुहुन्छ ? यदि पर्नुहुन्छ भने तपाईंलाई रिस किन उठ्छ भन्ने कुरा बुझ्ने प्रयास गर्नुभएको छ ?

**रिस किन उठ्छ ?**

• प्रायः वरपरका व्यक्तिहरू वा परिस्थिति आफूले सोचेजस्तो भएन भने अथवा आफ्नो जीवनमा आफूले सोचेजस्तो भएन भने हामीलाई रिस उठ्छ।

• कुनै काम पूर्ण लगनशील भएर मेहनतका साथ गरेका छौं, तर त्यसको परिणाम सन्तुष्टिजनक भएन भने रिस उठ्न थाल्छ।

• हारको कुनै पनि स्थितिमा रिस उठ्छ।

• शरीरमा कमजोरी अथवा लामो समयसम्मको बिरामीका कारण पनि रिस उठ्न सक्छ। त्यस्तो कुनै पनि स्थितिमा आफूलाई शारीरिक वा मानसिक रूपमा असक्षम अथवा असमर्थ पाएको अवस्थामा पनि रिस उठ्छ।

रिस उठेको समयमा हामी स-साना कुरामा चिढिन थाल्छौं, एउटा कुराबाट उत्पन्न भएको रिस अर्कातिर पोख्छौं। त्यस्तो परिस्थितिमा हामी वरपरका व्यक्तिहरू पनि हामीबाट टाढा हुन थाल्छन्। यदि हामीले कसैलाई खुसी दिन सक्दैनौं भने उनीहरूलाई दुःख दिने अधिकार पनि छैन भन्ने कुरा बुझ्नुपर्छ। अरूको व्यवहारलाई परिवर्तन गर्नु भन्दा आफ्नो व्यवहारमा परिवर्तन गरे रिसाउनुपर्ने स्थिति नै आउँदैन।

कुनै पनि व्यक्तिलाई कहिल्यै रिस उठ्दैन भन्ने सम्भव हुँदैन। माया, प्रेम, दुःख-सुख जस्तै रिस उठ्नुपनि स्वाभाविक हो तर स-साना कुरामा रिस उठ्न थाले स्थिति सामान्य छैन भन्ने बुझ्नुपर्छ। यदि कसैलाई पनि स-साना कुरामा रिस उठ्छ भने स्वयम् आफ्नो व्यवहारमा परिवर्तन ल्याउनु आवश्यक छ।

**रिसलाई कसरी नियन्त्रण गर्ने ?**

• सबैभन्दा पहिले आफूलाई रिस किन उठ्छ भन्ने कुरा जान्नु आवश्यक छ।।

• रिसको कारण जानेपछि स्थितिलाई आफूअनुकूल ढाल्न सकिँदैन भने आफू स्थिति अनुसार ढल्ने वा आफूलाई परिवर्तन गर्ने प्रयास गर्नुपर्छ।

• जुन वातावरण र व्यक्तिहरूसँग रिस उठ्छ तिनीहरूबाट टाढा रहने प्रयास गर्नुपर्छ।

• रिस उठेको समयमा आफ्नो मन त्यस्ता कुराहरूमा लगाउनुपर्छ जसबाट आफूलाई खुसी र सन्तुष्टि मिलोस्।

• रिस उठेपछि आफूलाई कुनै रचनात्मक कार्यमा व्यस्त राख्नु, घर बाहिर घुम्न जानु वा कुनै मधुर संगीत सुन्नु राम्रो हुन्छ। खानेकुराको सौखिन भए मनपर्ने खानेकुरा खाने। जसरी भए पनि आफ्नो ध्यान रिसबाट हटाउने प्रयत्न गर्ने।

**अरू कुरा :**

• उल्टो गन्ती गर्ने- सुन्दा अनौठो लागे पनि यो एउटा फाइदाजनक फर्मुला हो जसले रिसबाट ध्यान हट्छ र छिटै शान्त भइन्छ।

• लामो-लामो सास फेर्ने, यसो गर्नाले डि-टक्सिनको काम पूरा हुन्छ र मन शान्त रहन्छ।

रिसमा नियन्त्रण पाउन सक्छु भन्ने दृढ निश्चय गर्नुपर्छ। कसैले रिस उठाउन सक्दैन भन्ने निश्चित गर्नु आवश्यक छ।

• रिस प्रकट हुन दिनुहुँदैन। सकेसम्म आफ्नो रिस प्रकट हुन नदिने। अनावश्यक रिसाउँदा बनिसकेको काम पनि बिग्रन सक्छ साथै अनुहारको खुसी, तनावमा परिवर्तन हुन्छ।

**रिस केही हदसम्म आवश्यक छ**

रिस हाम्रो तागत पनि बन्न सक्छ भन्ने कुरालाई पनि बेवास्ता गर्न सकिदैन। यदि रिसलाई सही समयमा सही ढंगले प्रयोग गरेको खण्डमा रिस उठ्नुफाइदाजनक सावित हुनसक्छ। रिसलाई नियन्त्रण गर्नुपर्छ भन्नुको अर्थ सही-गलत जे भए पनि त्यसलाई स्वीकार गर्नुपर्छ भन्ने होइन। अन्याय सहनु अन्याय गर्नुभन्दा ठूलो गल्ती हो। त्यसकारण अलिअलि रिस उठ्नु मानिसको प्राकृतिक स्वभाव हो। कहिलेकाहीं रिस उठेको समयमा हामी त्यस्तो काम पनि गर्छौं जसको कल्पना हामीले गरेका हुँदैनौं। यदि रिस तागत बन्न सके व्यक्ति असाधरण प्रतिभाको धनी बन्न सक्छ। रिस त्यसबेला मात्र फाइदाजनक हुन्छ जब रिसले कसैलाई नोक्सान वा अहित गर्दैन। त्यसकारण कहिलेकाहीं अलिअलि रिस उठ्यो भने पनि त्यसको फाइदा उठाएर नयाँ जोस एवं उत्साहका साथ जिउनुपर्छ।

**-अरुणा भट्टराई**

## पहिलो प्रभावलाई स्मरणीय बनाउनुहोस्



**रोजिन शाक्य**

राम्रो पहिरन, सुन्दर मेकअप एवं आकर्षक हेयर स्टाइल अँगालेर पनि त्यही भयो जसको अपेक्षा गरिएको थिएन। आखिर कहाँ, कसरी, कुन कुराको कमी भयो ? अपरिचित व्यक्तिसितको पहिलो भेटमा हुने प्रभाव अत्यन्त महत्त्वपूर्ण हुन्छ। कसैलाई पनि भेट्नेबित्तिकै उक्त व्यक्तिका बारेमा तुरुन्तै राय तयार हुन्छ। पहिलो प्रभाव दीर्घकालसम्म जीवित रहन्छ। पहिलो प्रभावलाई सुधार्ने अवसर दोस्रोपटक प्राप्त हुने सम्भावना पनि कम रहन्छ। अतः के कुरा बुझ्नु आवश्यक छ भने आफ्नो प्रभाव एक प्रिय, मृदुभाषी एवं प्रभावशाली व्यक्तिका रूपमा कसरी बन्न सक्छ ?

**व्यक्तित्व महत्त्वपूर्ण छ**

पहिलो नजरमै कसैले नोटिस गरोस् भनेर राम्रो देखिनु आवश्यक छ। प्रभाव दिनका लागि मात्र केही सेकेन्डको समय हुन्छ। के लगाउने भन्ने कुरा बुझ्न अवसर तथा मौसममा पनि ध्यान पुर्‍याउनुपर्छ। बिजनेस मिटिङ हो कि इन्टरभ्यू ? पार्टी हो कि सोसल ग्यादरिङ, प्रोफेसनल अवसर हो भने पहिरन केही विशेष र सोबर पनि हुनुपर्छ। यदि रातको कुनै पार्टीमा जाँदै हुनुहुन्छ भने केही प्रयोग गर्न सकिन्छ। सकिन्छ भने फर्मल पहिरन लगाउने, यदि छैन भने परम्परागत शैली अँगाल्न सकिन्छ। मेकअप स्वाभाविक हुनुका साथै फ्रेस लुक दिने खालको हुनुपर्छ। आफ्नो हेयर स्टाइल पनि शालीन, सिम्पल र सुहाउँदो हुनुपर्छ। यसबाट स्वाभाविक एवं शालीन देखिनुका साथै आफ्नो परिष्कृत रुचिका साथमा आकर्षक देखिन सकिन्छ।

बडी ल्याङ्ग्वेजले पनि व्यक्तित्वका सम्बन्धमा धेरै कुरा बताउँछ। साधारण सिद्धान्तअनुसार राम्रो पोस्चरले जहिले पनि राम्रो रूपमा प्रस्तुत गर्न सहयोग गर्छ। व्यक्तित्वमा आत्मविश्वास झल्कनु आवश्यक छ। मुस्कुराउनुहोस् र आत्मविश्वासपूर्वक आँखामा आँखा जुधाएर कुरा गर्नुहोस्। विशेषगरी कारोवारको सिलसिलामा आत्मविश्वासपूर्वक हात मिलाउनुपर्छ र संक्षिप्त कुराकानी गर्नुपर्छ। नर्भस हुँदा वा तनावमा हुँदा मुहार एवं व्यवहारमा त्यो कुरा झल्कन्छ। अतः रिल्याक्स रहनुपर्छ। आफ्नो बडी ल्याङ्ग्वेजमार्फत् धेरै कुरा अभिव्यक्ति गर्न सकिन्छ। अतः आफ्नो शैलीलाई बुझ्नुपर्छ, पहिचान गर्नुपर्छ र सोहीअनुरूप प्रभावकारी ढंगबाट प्रस्तुत हुनुपर्छ।

**कुरा गर्ने शैली**

आफ्नो व्यक्तित्वको प्रभाव र बडी ल्याङ्ग्वेजका आधारमा आधा काम सकिन्छ। आफूले के भनियो र कसरी भनियो भन्ने भन्दा पनि उल्लेखित कुरा बढी महत्त्वपूर्ण हुन्छ। कसैले भनेको कुरालाई ध्यानपूर्वक सुन्नुपर्छ र समझदारीपूर्वक आफ्नो मन्तव्य व्यक्त गर्नुपर्छ। यसबाट आफ्नो कुरा राम्रोसँग प्रस्तुत गर्न सकिन्छ र सुन्नेले पनि आफूले भन्न खोजेको कुरा बुझ्न पाउँछ। यो प्रक्रियालाई सहज र सरल ढंगबाट सम्पन्न गर्नुपर्छ तर यदि आफ्नो कुरा प्रस्तुत गर्न कठिनाइ भयो वा अन्यौलमा परियो भने पूरा कम्युनिकेसन प्रक्रियाको कुनै अर्थ रहँदैन। सकारात्मक सोच राख्नुपर्छ, आशावादी बन्नुपर्छ, आत्मविश्वासपूर्वक हरेक परिस्थितिलाई संयमतापूर्वक बुझेर त्यसमा आफ्नो प्रतिक्रियालाई शालीन, सहज र विवेकशील भई प्रभावकारी ढंगबाट प्रस्तुत गर्न सक्नुपर्छ।

## लोकप्रिय बन्ने कि ?




प्रायः सबै मानिसलाई पहिलोपल्ट नयाँ ठाउँ, संस्था, कार्यालय, विद्यालय, कलेज आदिमा प्रवेश गर्दा मनमा कताकता भय तथा डर सिर्जना भएकै हुनुपर्छ। जोकोहीलाई पनि कतै पहिलो दिनदेखि नै मानिसहरूसँग नराम्रो सम्बन्ध हुने हो कि, आफूलाई कसैले नराम्रो नजरले हेर्ने हुन् कि भनेर चिन्ता लागिरहेको हुन्छ।

आफैंलाई नियन्त्रण गरे, विचार गरेर बोले तथा अरूलाई आक्षेप नलगाए जोकोही लोकप्रिय बन्न सक्छ।

**कम बोल्नु तथा धेरै सुन्नु**

लोकप्रिय बन्न कम बोल्नुपर्ने हुन्छ। विचार गरेर, सम्बन्धित विषयलाई विश्लेषण गरेर बोले खासै त्रुटि देखा पर्दैन। त्यस्तै अरू मानिस बोलेको आफूले सुन्नु तथा उसका राम्रा कुरालाई समर्थन गर्नु पनि आवश्यक हुन्छ। यसबाट मानिसका अगाडि आफ्नो भद्रपन कायम रहन्छ।

**हतारमा प्रतिक्रिया व्यक्त नगर्नु**

कोही बोलिरहेको समयमा नबोल्नु नै राम्रो हो। उसका सबै कुरा सुनिसकेपछि मात्र बोल्नुपर्छ। त्यस्तै अरूले बोलेको कुरामा तत्काल प्रतिक्रिया व्यक्त गरिहाल्नु राम्रो हुँदैन। यदि प्रतिक्रिया दिनैपर्ने छ भने पनि उसले बोलेका राम्रा पक्षलाई केलाउँदै नकारात्मक पक्षमा प्रतिक्रिया व्यक्त गरिए उसले पनि प्रतिक्रियालाई सहर्ष स्वीकार गर्न सक्छ।

**आत्मविश्वासका साथ आफ्नो कुरा व्यक्त गर्नु**

कुनै पनि कुरा नहड्बढाई आत्मविश्वास र दृढताका साथ प्रस्तुत गर्नुपर्छ। आफ्नो बोलाइमा अलिकति पनि कमजोरी देखा परे अरूले त्यसलाई बेवास्ता गर्न सक्छन्। त्यसैले कुराकानी तथा काम गर्दा आत्मविश्वास हुनुपर्छ।

**कुराकानीमा सामान्य हाँसो-ठट्टा गर्नु**

कुराकानीमा सामान्य हाँसो-ठट्टा गर्नु फाइदाजनक नै हुन्छ। यसले गर्दा आफूले प्रस्तुत गर्न खोजेको विषयमा मानिसहरू आकर्षित हुनुका साथै उक्त कुरालाई बारम्बार सम्झिरहन्छन्।

**नझोक्किनु**

कुराकानीका क्रममा रिस उठ्यो भने नराम्रो हुनसक्छ। यसबाट कुराकानीले नराम्रो मोड लिन सक्छ। त्यसैले कुराकानीका क्रममा अर्को पक्षले गरेको कुरा मन नपरे पनि राम्रोसँग, उसलाई बाधा नपुग्ने गरी, नझोक्किई शिष्ट भाषामा प्रतिक्रिया व्यक्त गर्नुपर्छ।

**कुराकानीमा सिर्जित अवरोध हटाउनु**

कुराकानीका क्रममा विभिन्न अवरोध सृजना हुन सक्छन्। आफ्ना विचारलाई मात्र जबर्जस्ती सत्य र यथार्थ हुन् भनेर दर्साउन खोज्नुभन्दा पनि अर्को व्यक्ति तथा साथीको विचार र भावना बुझ्ने प्रयास गर्नु आवश्यक हुन्छ। साथीका अगाडि आफू स्पष्ट भएर उसलाई पनि आफूसामु स्पष्ट हुन र आफ्ना विचारहरूलाई ग्रहण गर्न प्रोत्साहित गर्नुपर्ने हुन्छ।

**कुराकानीलाई प्रभावकारी ढंगले टुङ्ग्याउनु**

कुराकानीपछि त्यसलाई टुंग्याउने विषय पनि सोचिरहनुपर्छ। कुराकानीमा दुवै पक्षका कुरा आइसक्छन्, तब आफ्नो कुराकानीलाई समाप्त पार्नेतर्फ सोच्नुपर्छ। अन्तिम क्षणमा सकारात्मक प्रभाव पार्न अर्को पक्षका राम्रा कुरालाई केलाउँदै राम्रो गफगाफ भएको कुरा दर्साउनुपर्छ। यसो गरे उक्त कुराकानी लामो समयसम्म सम्झनामा रहन सक्छ। यी कुरामा ध्यान दिइए कुनै नौलो ठाउँमा पनि आत्तिनुपर्दैन। लोकप्रिय बन्ने सबैभन्दा राम्रो उपाय धेरै नबोल्नु र हतारमा प्रतिक्रिया व्यक्त नगर्नु नै हो।

**-सागर शर्मा**

# प्रभाव कसरी बढाउने ?



महत्त्वपूर्ण वा महान् बन्ने आकांक्षा मानव प्रकृतिको मूल प्रेरणा हो। यही प्रेरणाले मानिसलाई निर्देशित गरिरहेको हुन्छ। आत्मअभिमान एउटा यस्तो मानवीय चाहना हो जुन भोजन र निन्द्राजत्तिकै गम्भीर र अत्यावश्यक हुन्छ। कसैद्वारा गरिएको प्रशंसाले आत्मसम्मानको अनुभूति हुन्छ। त्यसैले प्रशंसा सबैलाई मन पर्छ।

यदि कसैसँग नजिकन वा कसैबाट आफ्नो काम गराउन वा साथी बनाउन चाहनुहुन्छ भने हृदय खोलेर उसको प्रशंसा गर्नुहोस्। यस्तो व्यवहारले ऊ तपाईंप्रति आकर्षित हुन्छ। मानिसमा असल र खराब दुवै थरी गुण हुन्छन्, तर मानिसहरू अरूले आफ्ना खराब कुरा बिर्सिएर असल गुणको प्रशंसा गरोस् भन्ने चाहन्छन्। कोही प्रशंसाका यति भोका हुन्छन् कि प्रशंसाका खातिर उनीहरू जे गर्न पनि पछि पर्दैनन्।

कसैले केही गल्ती गर्छ भने पनि तिरस्कारको बदला उसलाई बुझ्ने प्रयत्न गर्नुपर्छ। उसले गरेको गल्ती अन्जानमा भएको हो कि जानीजानी भएको हो विचार पुर्‍याउनुपर्छ। यदि जानीजानी भएको हो भने पनि उसले त्यो नै किन गर्‍यो भनेर बुझ्ने प्रयास गनुपर्छ। किनकि हजारौं असल गुणको ऋण कुनै एउटा गल्तीले तिर्न सक्दैन। आलोचना र तिरस्कारभन्दा प्रशंसा र सहानुभूति लाभदायक हुन्छ। यसले मानवीय सम्बन्धमा सहिष्णुता एवं दयालुपनको विकास गर्छ। हृदयदेखि नै गरिने इमान्दार प्रशंसामा चमत्कारिक शक्ति हुन्छ, जुन धेरै आफन्त बनाउनेहरूका लागि उत्तम विकल्प हो।

यदि कसैले ऊ के कुरामा आफ्नो महत्त्व अनुभव गर्छ भन्ने कुरा बताउँछ भने ऊ कस्तो मान्छे हो भन्ने कुरा पत्ता लाग्छ। मानिसहरू यदाकदा कसैको ध्यान र सहानुभूति आफूतिर खिच्न आफू असहाय भएको अभिनय गर्छन् र त्यसैबाट महत्त्वको अनुभूति गर्छन्। संसारको कठोर वास्तविकताले गर्दा आफ्नो महत्त्वकाक्षा प्राप्त गर्ने दिवास्वप्न देख्दा देख्दै कतिपय मानिस साँच्चै पागल हुन्छन्। यो तथ्यबाट थाहा हुन्छ कि मानिस प्रशंसाका कति भोका हुन्छन्? आफ्नो प्रभावले अरूमा उत्साह सञ्चार गराउन सक्ने मान्छे कहिल्यै गरिब हुँदैन, किनकि त्यो क्षमता नै सबैभन्दा ठूलो सम्पत्ति हो।

प्रशंसा भोजन र निन्द्राजत्तिकै आधारभूत आवश्यकता हो। एक दिन भोकै बस्न सकिन्छ तर अरूबाट कदरविहीन भएर बाँच्न गाह्रो हुन्छ। आत्मसम्मानलाई जति निरन्तर पोषण अन्य कुनै चीजलाई आवश्यक पर्दैन। त्यसैले कुनै व्यक्तिलाई खान नदिंदा जति अपराध हुन्छ, कसैको असल बानीको हार्दिक प्रशंसा नगर्दा त्यति नै अपराध हुन्छ। श्रीमान्सँग सम्बन्ध-विच्छेद गर्ने श्रीमतीहरूका बारेमा गरिएको एक अध्ययनमा श्रीमान् त्यग्नुपरेको कारण उनीहरूको कदर नभएको भन्ने पत्ता लाग्यो। श्रीमती छोड्ने श्रीमान्हरूको अध्ययन गर्ने हो भने पनि सम्भवतः यस्तै निष्कर्ष आउँछ।

हाम्रो दैनिक जीवनमा हामीले सबैभन्दा उपेक्षा गरेका गुणहरूमध्ये एउटा गुण सम्यक कदर हो। कसैले प्राप्त गरेको उत्कृष्ट नतिजालाई प्रशंसा गर्न हामी बिर्सन्छौं। यस प्रकारको प्रशंसा र समर्थनले जति खुसी अरू कुनै चीजले दिन सक्दैन। यो सिद्धान्त व्यवसायीहरूमा जति लागू हुन्छ, कार्यालय, पसल तथा कारखानामा काम गर्ने कामदार एवं हाम्रो घरपरिवारका साथै साथीहरूमा त्यसको दोब्बर लागू हुन्छ। हाम्रा प्रत्येक अन्तर-वैयक्तिक सम्बन्धहरूमा हामीले के बिर्सनु हुँदैन भने हाम्रा प्रत्येक सम्बन्धिहरू मानव प्राणी हुन् र उनीहरू आफू प्रशंसित भएको रुचाउँछन्।


आफ्ना प्रत्येक दैनिक गतिविधिमा मित्रतापूर्ण कृतज्ञताको सानो झिल्का छोड्ने प्रयत्न गर्नुपर्छ। इमान्दार र निष्कपट कदर गर्नुपर्छ। समर्थन गर्न उदार हुनुपर्छ र प्रशंसा गर्न कञ्जुस्याइँ गर्नुहुँदैन। यति कुरा गर्न सके मानिसहरूले आफ्ना भनाइलाई माया गर्नेछन्, जगेर्ना गर्नेछन् र त्यसलाई जीवनपर्यन्त दोहोर्‍याइरहनेछन्। आफूले उनीहरूलाई बिर्सिसके पनि उनीहरूले आफूलाई वर्षौं सम्झिरहनेछन्।

–किरण काफ्ले

# बनाऔं स्टडी ग्रुप



मनोज इन्जिनियर हुन्। उनी कठिन मेहनतका साथ अध्ययन गरेर इन्जिनियरिङ डिग्री हासिल गर्न सफल भएका हुन्। उनको सफलताका बारेमा समय-समयमा धेरैले प्रश्न गर्छन् र त्यसको रहस्य जान्ने प्रयास गर्छन्। यो समयमा उनको मुखबाट सधैं दुईवटा शब्द निस्कन्छन्- स्टडी ग्रुप। मनोज आफ्नो अध्ययनलाई अघि बढाउन स्टडी ग्रुपको महत्त्वपूर्ण भूमिका रहेको बताउँछन्। उनी अरूलाई पनि यस प्रकारका स्टडी ग्रुप बनाउन सुझाव दिन्छन्। मनोजका अनुसार कलेज जीवनमा उनीहरूको एउटा स्टडी ग्रुप थियो। स्टडी ग्रुप भनेको समूहमा पढ्ने साथीहरूको समूह हो। उनीहरू सबै मिलेर एउटै स्थानमा बसेर पढ्थे। त्यो समूहमा भएका सबै साथीहरू आज देशका राम्रा-राम्रा पदमा पुगेका छन्। स्टडी ग्रुप बनाउँदा धेरै फाइदा प्राप्त गर्न सकिन्छ। यसबाट अध्ययनको विषयमा धारणा स्पष्ट हुनुका साथै साथीहरूबीचमा छलफल गर्न सकिन्छ र त्यसले परीक्षामा सहयोग पुग्छ।



**स्टडी ग्रुपबाट फाइदा**

- ग्रुप स्टडीबाट पढाइ र परीक्षा दुवैलाई फाइदा पुग्छ। कुनै कारणले कुनै विषयको अध्ययनमा रुचि नलागे अन्य साथीहरूका कारण पनि यसप्रति रुचि जाग्न सक्छ।
- धेरै विद्यार्थी कक्षामा शिक्षकसँग प्रश्न सोध्न हिचकिचाउँछन्। यस्ता विद्यार्थीहरूका लागि ग्रुप स्टडी वरदान सावित हुन्छ। उनीहरू बिनाहिचकिचाहट साथीहरूसँग नबुझेका विषयमा छलफल गर्न सक्छन्।
- स्टडी ग्रुपको सदस्य बनिसकेपछि पढाइप्रति गम्भीर हुनुपर्ने बाध्यता हुन्छ। साथीहरूसँग छलफल गर्न पनि आफू विषयवस्तुप्रति जानकार हुनुपर्ने बाध्यता आइपर्छ। फलस्वरूप अध्ययनप्रति जाँगर चल्छ।
- ग्रुप स्टडीमा अरूका कुरा सुनेर त्यसका बारेमा छलफल गरिन्छ। यसबाट विद्यार्थीमा राम्रो श्रोताका साथै राम्रो वक्ता बन्ने गुणको पनि विकास हुन्छ।
- यसबाट नयाँ स्टडी हयाबिट बस्न सक्छ। ग्रुपका अन्य साथीहरूको कक्षा नोट हेरेर आफ्नो नोटसँग तुलना गर्न सकिन्छ। यसबाट आफ्नो नोट बनाउने शैलीमा सुधार ल्याउन सकिन्छ। यसबाहेक कक्षामा विविध कारणले पूरा गर्न नसकेका नोटहरू पनि पूरा गर्न सकिन्छ।
- साथीहरूबाट नयाँ जानकारी पनि प्राप्त गर्ने सम्भावना हुन्छ। ती जानकारी पुस्तकमा उपलब्ध नहुन सक्छन् र शिक्षकबाट पनि प्राप्त नभएका हुन सक्छन्। यसबाट नयाँ जानकारी प्राप्त हुन्छ।
- कहिलेकाहीं पढाइ दिक्कलाग्दो हुन सक्छ। यस्तो अवस्थामा स्टडी ग्रुपका साथीहरूबीचमा रमाइलो पनि गर्न सकिन्छ।

**स्टडी ग्रुप कसरी निर्माण गर्ने ?**

स्टडी ग्रुप बनाउने काम सजिलो भने छैन। मन मिल्ने साथीहरू भएनन् भने यो काम लाग्दैन। कतिपय अवस्थामा स्टडी ग्रुप गफ गर्ने थलो मात्र पनि बन्न सक्छ। त्यसैले ग्रुप बनाउनुभन्दा पहिले निम्न प्रश्नको सकारात्मक उत्तर मिले मात्र उनीहरूलाई ग्रुपमा सामेल गराउनुपर्छ।

के ऊ अध्ययनप्रति लगनशील छ ?
के ऊ विषयप्रति जानकार छ ?
के ऊप्रति भर पर्न सकिन्छ ?
के उसले अर्को व्यक्तिको विचारलाई सम्मान गर्छ ?
के तपाईंलाई उसको व्यवहार मन पर्छ ?

यी सबै प्रश्नको सकारात्मक उत्तर मिले आफ्नो साथीलाई स्टडी ग्रुपमा सामेल गराउन सकिन्छ। तीनदेखि पाँच जना विद्यार्थीबीच स्टडी ग्रुप निर्माण गर्न सकिन्छ, तर यसभन्दा बढी विद्यार्थी राख्नु भने फाइदाजनक हुँदैन।

ग्रुपका सदस्यहरूसँग मिलेर अध्ययन अवधिको निर्क्योल गर्न सकिन्छ। सातामा २ वा ३ पटक साथै बसेर छलफल गर्दा राम्रो हुन्छ। स्टडी ग्रुपका नाममा सधैं भेट भएर छलफल गरिरहनुपर्छ भन्ने होइन। अध्ययन अवधि एकपटकमा एकदेखि डेढ घन्टासम्म राख्न सकिन्छ। विषयवस्तुअनुसार समयमा पनि फेरबदल हुन सक्छ।

स्टडी प्लेस अर्थात् अध्ययन गर्ने स्थान घर वा कलेजबाट नजिकै राख्दा फाइदा हुन्छ। सबैलाई भेट्न सहज हुने स्थान छनौट गर्नुपर्छ। भीड तथा हल्ला नभएको स्थान हुनुपर्छ। स्टडी ग्रुपको लक्ष्य निर्धारण गरेर मात्र भेट गर्नुपर्छ। नोट्स अपडेट गर्ने, तुलना गर्ने, छलफल गर्ने, पढ्ने वा परीक्षाको तयारी गर्नेजस्ता कुराहरू पहिले नै तय गर्नुपर्छ, अर्थात् आफ्नो स्टडी सेसनको एजेन्डा पहिले नै तयार हुनुपर्छ। यसले गर्दा ग्रुपका सबै सदस्य तयारीका साथ सेसनमा सहभागी हुन सक्छन्।

–एकराज

Wanted
American Multinational Company
को १२ औं र १३ औं शाखा Office
विस्तारको लागि थप कर्मचारी आवश्यकता।
संख्याः 9 Gents/ Ladies
तलबः 9000
योग्यताः SLC/PCL
Unique Solution
5543056, 9841466409
9849104244
Gwarko, Lalitpur
नोटः बुझ्न आउँदा Document अनिवार्य छ।

मुहार
बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत - Rs.1650/-
Anti Pimple [Rose Sunscream Free]
ग्यास्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
केश
Before After
Herbal44 Rs. 750/- [Soap Free]
आस्था हेल्थ केयर
काठमाडौं गोशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845062538 Chitwan, इटहरी 025-580944

Learn to Speak
English
★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German
IELTS/ Visa / Job Interview Pre.
OASIS
Language Centre
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

तु-आवश्यकता
बल्खु स्थित एक
International Project को
लागि कर्मचारी आवश्यकता
संख्याः 8 Gents / 7 Ladies
तलबः 8000+अन्य
योग्यताः SLC or above
सम्पर्कः 2392369
9841881312
बल्खु चोक
नोटः कार्यलय आउँदा Document अनिवार्य छ।




# के देखियो इन्फोट्रेडमा ?

● विदुर खतिवडा

काठमाडौं, सूचना तथा सञ्चार प्रविधि सम्बद्ध बृहत् मेला आइसिटी इन्फोट्रेड-२००९ मंगलबार सम्पन्न भएको छ। शुक्रबारदेखि प्रारम्भ भएको उक्त मेलालाई करिब २ लाख ५० हजार दर्शकले अवलोकन गरेको बताइएको छ। आइसिटी एसोसिएसनको आयोजना तथा भेनस म्यानेजमेन्टको व्यवस्थापन रहेको उक्त मेलामा सूचना तथा सञ्चार प्रविधि तथा शैक्षिक क्षेत्रसँग सम्बन्धित व्यवसायी तथा सेवाग्राही संस्थाहरू सहभागी थिए। 'हामीले अपेक्षा गरेको भन्दा सफल रूपमा कार्यक्रम सम्पन्न भएको छ।' आयोजक आइसिटी एसोसिएसनका अध्यक्ष रामशरण पाण्डेका अनुसार 'नेपाली बजारमा उपलब्ध नयाँ प्रविधिका बारेमा उपभोक्ताले जानकारी पाएका छन्।' मेलामा सूचना तथा सञ्चार प्रविधि अन्तर्गत ल्यापटप, डेस्कटप कम्प्युटर, मोबाइल फोन सेट, आइपड, पेनड्राइभ, सिडी-डिभिडी, हुफर जस्ता मल्टिमिडिया उपकरणका पछिल्ला संस्करण प्रदर्शन गरिएका थिए।

इन्फोट्रेडको अवसर पारेर व्यवसायीहरूले नयाँ उपकरण तथा प्रविधि सुपथ मूल्यमा सार्वजनिक गरे। मेलामा सार्वजनिक गरिएको सोलार मोबाइल चार्जरले सबैलाई आकर्षित गर्‍यो। लोडसेडिङबाट आक्रान्त मोबाइल प्रयोगकर्ताहरूलाई बिजी नेपाल प्रालिले ल्याएको सोलार चार्जर उपयोगी देखिएको छ। यो उपकरणबाट उपभोक्ताले विद्युत् नभएको स्थानमा पनि मोबाइल, डिजिटल क्यामेरा, आइपड, एमपिथ्रि तथा एमपिफोर चार्ज गर्न सक्नेछन्। मेगाटेक प्रालिको स्टलमा देखिएको एचसिएल ब्रान्डको ७ इन्चको ल्यापटप मेलाको अर्को आकर्षण थियो। ९ सय ८० ग्रामको यो ल्यापटप टचस्क्रिन भएकाले उपभोक्ताले मनपराएको मेगाटेकका शैलेश लोहनीले बताए। ल्यापटपको स्क्रिन घुमाउन मिल्ने भएकाले प्रयोगकर्ताले आफूलाई सहज हुनेगरी यसलाई चलाउन सक्नेछन्। किबोर्ड र माउस नचाहिने यो ल्यापटप अहिलेसम्मकै नयाँ प्रविधि भएको लोहनीले बताए।

तोसिबा ब्रान्डको सबैभन्दा हलुको ल्यापटप पनि मेलाको आकर्षण बन्यो। ९ सय ७९ ग्रामको तोसिबा पोर्टेज नामक यो ल्यापटप आधुनिक मोडलको हो। सबै कन्फिगरेसन भएर पनि हलुका हुनु यसको विशेषता हो। यसको मूल्य २ लाख ७५ हजार रुपैयाँ थियो।

इन्फोट्रेडकै अवसर पारेर इलेक्ट्रो मेसिनरी इन्टरनेसनल (इएमआई) ले सोलार लाइटनिङ सिस्टम सार्वजनिक गरेको थियो। कम्पनीका सगुन कंसाकारका अनुसार उज्यालोमा चार्ज हुने यो सोलार सिस्टमबाट ४ वटा बत्ती बाल्न सकिन्छ। यो उपकरण दिउँसो घाम नलागे पनि उज्यालोको भरमा चार्ज हुने भएकाले ४० देखि ६० वाटसम्मका ४ वटा चिम ८ घन्टासम्म बाल्न सकिन्छ। इन्भर्टरभन्दा सस्तो मूल्यको यो प्रविधिलाई पनि उपभोक्ताले चासोका साथ अवलोकन गरेका थिए। इएमआईले नै न्यु क्लियर ब्रान्डको पकेट प्रोजेक्टर पनि सार्वजनिक गरेको छ। खल्तीमा राखेर हिंड्न मिल्ने उक्त प्रोजेक्टरमा ४ जिबि मेमोरी कार्ड इनबिल्ट छ। त्यस्तै १ सय २० इन्चको स्क्रिनमा घरमै बसेर चलचित्र हेर्न चाहने उपभोक्ताका लागि होम थिएटर प्रोजेक्टर पनि इएमआईको स्टलको आकर्षण बनेको थियो।

इन्फोट्रेडमा आउने आगन्तुकहरूलाई लक्षित गरेर सागर इन्टरनेसनल टेक्नोसिस प्रालिले थुप्रै आकर्षक प्याकेज सार्वजनिक गरेको थियो। सागरको स्टलमा देखिएको जापानको ब्रदर कम्पनीले विकास गरेको विश्वकै पहिलो ए थ्रि पेपर इन्कजेट मल्टिफङ्सन प्रिन्टरलाई अवलोकनकर्ताले चासोका साथ हेरेका थिए। तस्बिर, फोटोकपी, प्रिन्टर, स्क्यानरको सेवा भएको यो मेसिनमा मेमोरी कार्ड वा डिजिटल क्यामेराबाट सोझै तस्बिर प्रिन्ट गर्न सकिन्छ। सागर इन्टरनेसनलका प्रमुख कार्यकारी सागरदेव लाखेका अनुसार इन्फोट्रेड अवधिभर उपभोक्ताले बिग्रिएका वा चलिरहेका पुराना प्रिन्टर, फ्याक्स तथा फोटोकपी मेसिन ल्याएर नयाँ उपकरण लगेका थिए। इन्फोट्रेड अवलोकन गर्ने क्रममा सागर इन्टरनेसनलको स्टलमा पुग्ने दर्शकलाई ९० दिनका लागि निःशुल्क क्यास्परस्की एन्टिभाइरस सफ्टवेयर पाउने वेबलिंकका सम्बन्धमा जानकारी गराइएको थियो। क्यास्परस्कीको सफ्टवेयर खरिद गरेका उपभोक्ताले बाइ वान गेट वान अफर पनि पाएका थिए। यस बाहेक प्रत्येक घन्टाको डोर प्राइज अन्तर्गत ब्रदरको ज्याकेट र क्यास्परस्कीको टी-सर्ट वितरण गरिएको थियो। इन्फोट्रेडमा ब्रदरले विकास गरेको स्टिकर लेभल प्रिन्टर पनि प्रमुख आकर्षण थियो। लाखेका अनुसार यो प्रिन्टरमा प्रिन्ट, टाँस्ने ग्लु र लेमिनेसनको सुविधा छ। यो प्रिन्टरबाट प्रिन्ट गरिएका सामग्री वाटर, हिट तथा एसिड प्रुफ हुने उनको दाबी थियो। त्यसैगरी ब्रदरकै उत्पादन गार्मेन्ट प्रिन्टरलाई पनि दर्शकले चासोका साथ अवलोकन गरेका थिए।

मेलामा इन्फोटेक कम्प्युटर प्रालिले सिआरटी डेस्कटप मनिटर लिएर आउने उपभोक्तालाई एलसिडी मनिटर दिने अफर दिएको थियो। त्यसैगरी मिडास नेपालले नर्सरीदेखि कक्षा १० सम्मको पाठ्यसामाग्री सिडीमा उपलब्ध गराएको थियो। मेलामा टेक्नोलोजी ट्रेड कन्सर्नले कम्प्युटरजन्य विभिन्न उपकरणको खरिदमा ३ वर्ष निःशुल्क मर्मत सेवा उपलब्ध गराउने बताएको थियो भने हंसराज हुलासचन्द प्रालिले जेनन् ब्रान्डका इन्भर्टर तथा ब्याट्री २० प्रतिशत छुट मूल्यमा उपलब्ध गराएको थियो।

श्रेष्ठ अमृत प्रालिले ल्याएको कलर सेपेरेसन गर्ने इन्कजेट सिटिबी पनि अवलोकनकर्ताको आकर्षणमा परेको प्रालीका अमृतप्रसाद श्रेष्ठले बताए। श्रेष्ठका अनुसार उनको कम्पनीले कम्प्युटरमा डिजाइन गरेर काठको ढोका कुद्ने मेसिनदेखि मल्टीफंक्सन फोटोकपी मेसिनसम्मका उपकरण विशेष छुटमा उपलब्ध गराएको थियो। घर तथा कार्यालयको प्रयोजनका निम्ति चर्को ध्वनि नआउने जेनेरेटर ओम्नी ग्रुपले सार्वजनिक गरेको थियो। किपर ब्रान्डको उक्त जेनेरेटरको आवाज सानो हुने भएकाले यसलाई नजिकै राखेर पनि काम गर्न सकिन्छ। साथी कम्प्युटरको स्टलमा सामसुङको लेजर प्रिन्टर इन्फोट्रेड अफर अन्तर्गत बिक्रीमा थियो।

नेसनल कम्प्युटर वर्ल्डले एमएसआई ब्रान्डका ल्यापटप, मदरबोर्ड तथा ग्राफिक्स कार्ड विशेष छुट एवं एक वर्षे रिप्लेसमेन्ट अफरसहित सार्वजनिक गरेको थियो भने भिजन नेपाल प्रालिले एसएमसी ब्रान्डका नेटवर्किङसँग सम्बन्धित उपकरणहरू तथा जेटवेका ग्राफिक्स कार्ड, मदरबोर्ड र सानो साइजको सिपियु सेट छुट मूल्यमा उपलब्ध गराएको थियो। कम्पनीका सन्दीप अग्रवालका अनुसार ल्यापटपभन्दा सानो आकारको यो सिपियु सेटले ६० वाट बिजुली मात्रै उपयोग गर्छ। मामाभान्जा ट्रेडर्सले खुद्रा पसलेहरूलाई लक्षित गरेर सामानको तौल अनुसार कम्प्युटरले नै मूल्य देखाउने सिस्टमलाई पनि आफ्नो स्टलको आकर्षण बताएको थियो।

पिनाकल कम्प्युटर सप्लायर्सले एसरको सबैभन्दा सानो ल्यापटप स्टलमा राखेको थियो। उक्त ल्यापटपका अतिरिक्त ट्याली एकाउन्टिङ तालिमको प्याकेज क सर्यक्रमका बारेमा पनि पिनाकलले जानकारी गरायो।

इन्फोट्रेडमा कास्ट टेक्नोसेल्सको स्टलमा फ्रान्सको ल्यासी कम्पनीद्वारा विकास गरिएका जिबी हार्डडिस्कका अतिरिक्त ५ टेराबाइट क्षमताको हार्डडिस्क राखिएको थियो। कम्पनीहरूको प्रयोगका निम्ति उपयोगी हुने उच्च क्षमताको यो हार्डडिस्कलाई सर्वसाधारणले चासोका साथ हेरेको कम्पनीका अमर श्रेष्ठले बताए। इशान इन्फोसिसले वेबक्यामेरा सहितको एलसिडी मनिटर मेलामा सार्वजनिक गरेको थियो। यो एलसिडी मनिटरबाट उपभोक्ताले सीधै भिडियो च्याट गर्न पाउने इशानका मनोज जैनले बताए। इशानको स्टलमा ४२ इन्चको एलसिडी मनिटरसहित सामसुङ ब्रान्डका आकर्षक २० मोडलका एलसिडी राखिएको थियो।

नेपाल इन्टरनेसनल बिजनेस प्रालिले सानो आकारको इलेक्ट्रोनिक डायरी बोकेर हिंड्ने चाहना गर्ने उपभोक्ताहरूका निम्ति इ-बक्स सिपियु सार्वजनिक गरेको थियो। ठूलो आकारको सिपियु (सेन्ट्रल प्रोसेसर युनिट) को सानो स्वरूप ई-बक्स हो। यसलाई उपभोक्ताले युएसबी पोर्टको सहायताले जुनसुकै मनिटरमा राखेर पनि काम गर्न सक्छन्। बोकेर हिंड्न मिल्ने डायरीको स्वरूपमा हुने ई-बक्स सिपियुलाई स्क्रुको सहायताले एलसिडी मनिटरको पछिल्तिर टाँस्न पनि मिल्छ। विज्ञान लोहनीका अनुसार उनको कम्पनीले मेलामा ई-फयामिली प्याकेज अन्तर्गत ई-पिसी ल्यापटप, ई-टप एलसिडी मनिटर र ई-बक्स सिपियु ब्रान्डलाई प्रवर्द्धन गरिरहेको छ। ९ इन्च र १० इन्च आकारको मोडलमा उपलब्ध ई-पिसी ल्यापटप पछिल्लो संस्करणको भएको लोहनी बताउँछन्। सिपियु रहित तथा टचेबल ई-टप एलसिडी मनिटरले आगन्तुकको मन जितेको लोहनीले बताए। टचेबल भएकाले यो सिपियुलाई किबोर्ड र माउस चाहिँदैन। इनबिल्ट सिपियु भएकाले यो एलसिडी मनिटर बोकेर हिंड्न मिल्छ।


मेलामा सुक्याम पावर प्रालिले टिडिआर भोल्टगार्ड सार्वजनिक गरेको थियो। भद्दा साइजको ठूलो भोल्टगार्डको सट्टा मल्टिप्लग साइजको टिडिआरले अवलोकनकर्ताको मन जितेको सुक्यामका आलोक श्रेष्ठले बताए। टिडिआरलाई सोझै मल्टिप्लगमा जोड्न मिल्ने भएकाले भोल्टगार्ड तथा मल्टिप्लग दुवैको काम यसले गर्नेछ।

मेलालाई लक्षित गरेर नियोटेरिक नेपाल प्रालिले एचपी ब्रान्डका ल्यापटप, लजिटेकका प्रविधि, एप्पल तथा सामसुङका सम्पूर्ण उत्पादनको बारेमा आगन्तुकमाझ जानकारी उपलब्ध गराएको थियो। नियोटेरिकका अजय साडेब्राका अनुसार विश्वकै सबैभन्दा सानो आकारको सामसुङको प्रोजेक्टरले पनि आगन्तुकको मन खिचेको थियो। बैंकिङ क्षेत्रलाई लक्षित गरेर सर्भर सिस्टममा आधारित इनबिल्ट सिपियु भएको एलसिडी मनिटर पनि नियोटेरिकको स्टलमा देखिएको थियो। किबोर्ड र माउस बाहेक अन्य सबै सुविधा यो मनिटरमै उपलब्ध छ। यो मनिटरबाट कुनै पनि डकुमेन्ट कपी गर्न नसकिने भएकाले बैंकिङ कारोबार सुरक्षित बनाउन यसले सहयोग पुर्‍याउने उनले बताए। यसैगरी लजिटेकको उत्पादन वायरलेस माउस पनि मेलाको आकर्षण बनेको थियो। यो माउस चलाउन सतह चाहिँदैन अर्थात् हातलाई हावामा राख्दा पनि माउसले काम गरिरहेको हुन्छ।

[redacted]

# साप्ताहिक इनफो

## शक्ति कपुरले ननभेज कुरा गरे



वीरगन्ज– नायिका रेखा थापाले बलिउडका चर्चित कलाकार शक्ति कपुरले आफ्नो उपस्थितिमा 'ननभेज' कुरा गरेपछि आपत्ति जनाएको बताएकी छिन् । भोजपुरी चलचित्र 'हम है हिरो हिन्दुस्तानी'को छायाङ्कनका क्रममा वीरगन्जमा रहेकी थापाले शक्ति कपुरसँग आफ्नो विवाद भएको विषयमा सञ्चारमाध्यमहरूमा आएको खबरका सम्बन्धमा यस्तो प्रतिक्रिया दिएकी हुन् ।

उनले व्यक्तिगत रूपमा शक्तिले आफूसँग दुर्व्यवहार नगरे पनि छायाङ्कनका क्रममा आफू त्यहीं रहेको थाहा पाउँदा-पाउँदै पनि त्यहाँ उपस्थित अन्य पुरुष चलचित्रकर्मीहरूसँग अश्लील अर्थात् ननभेज कुरा गर्न थालेपछि डोमिनेट भएको महसुस गरेर आफूले आपत्ति जनाएको बताइन् । 'शक्तिले ड्रिङ्क गरेका थिए, बलिउडकर्मी र हाम्रो काम गर्ने शैली फरक रहेछ, उनीसँग म एडजस्ट हुन सकिनँ,' नायिका थापाले भनिन् ।

उनले आफू २१ औं शताब्दीकी नारी भएकाले कोहीसँग दबेर बस्न उचित लागेको बताउँदै शक्तिले आफ्नो गल्ती महसुस गरेपछि उनलाई क्षमा गर्नु नै उदारता हुने मानेर विवाद समाप्त गरेको बताइन् । मिडियाले प्रस्तुत गरेजस्तो अन्य कुनै पनि दुर्व्यवहार शक्तिले नगरको बताउँदै नायिका थापाले सञ्चारकर्मीहरूसँग भनिन्- 'नो मोर क्वेस्चन्स प्लिज' ।

## गोर्खाल्यान्डमा मुलुक प्रतिबन्ध



**शिव मुखिया**

नेपालीमा एउटा उखान छ- म ताक्छु मुढो, बन्चरो ताक्छ घुँडो । यस्तै नियति भोग्नुपरेको छ सीमापारि कालेबुङका एक चलचित्र निर्माण समूहले । उनीहरूले जसलाई सहयोग पुग्ने हेतुले चलचित्र निर्माण गरेका थिए तिनैले चलचित्र प्रदर्शनीमा प्रतिबन्ध लगाइदिए । कुरा कालेबुङका युवाहरूले निर्माण गरेको एक चलचित्रको हो । उनीहरूले गोर्खा जनमुक्ति युवामोर्चाको आन्दोलनलाई सहयोग पुगोस् भन्ने सोचेर 'मुलुक' नामक चलचित्र निर्माण गरे, तर चलचित्र प्रदर्शनीमा त्यही मोर्चाले प्रतिबन्ध लगायो । के रहेछ भने मोर्चाले आफ्नो आन्दोलन हिंसारहित बनाउन खोजेका रहेछन् । गान्धीपथको अनुसरण गर्दै शान्तिपूर्वक आन्दोलन गरिरहेको बेला तिनै आन्दोलनको सेरोफेरोमा बनेको चलचित्रका कतिपय दृश्य हिंसक भएको उनीहरूले ठहर गरेछन् । यस्तो दृश्यले जनतालाई आक्रोशित बनाउँछ भन्ने निष्कर्ष निकाल्दै मोर्चाका नेताहरूले चलचित्र गोर्खाल्यान्ड क्षेत्रमा प्रदर्शनी गर्न प्रतिबन्ध लगायो ।

त्यसमाथि मोर्चाका कतिपय कार्यक्रमको भिडियो क्लिप अनुमतिविना जस्ताको तस्तै चलचित्रमा राखिएको मोर्चाका नेताहरूले आरोप लगाएका छन् । '९ अप्रिलको दिन सिलिगुढीमा भएको भूतपूर्व सैनिकहरूमाथिको आक्रमणका सक्कली भिडियो क्लिप चलचित्रमा प्रयोग गरिएको छ,' मोर्चाका कालेबुङ संयोजक सुनिल प्रधानले भनेका छन्– 'यस्तो दृश्यले जनतालाई उत्तेजित गर्छ ।' यता चलचित्र मुलुक युनिटले पनि आफूहरू आन्दोलनको पक्षधर भएकाले आन्दोलनलाई असर पुगे चलचित्र प्रदर्शन नगर्ने बताएका छन् ।

## नारी मासिकको माघ अंक




## विराटनगरमा नयाँ वर्षको रमझम



विराटनगर- अंग्रेजी नयाँ वर्ष सन् २००९ को आगमनको खुसियालीमा विराटनगरमा विभिन्न मनोरञ्जनात्मक कार्यक्रम सम्पन्न भएको छ । सांगीतिक कार्यक्रम, डान्सपार्टीजस्ता गतिविधिमा सहभागी भएर विराटनगरका युवायुवतीले नयाँ वर्ष मनाए । गायिका रेश्मा सुनुवार र डिजे वेबको प्रस्तुतिमा डान्सको मस्तीमा भुलेका युवायुवतीले पाँच घण्टा बितेको पत्तै पाएनन् । रेश्मा र डिजे वेबको प्रस्तुति सुरु भएपछि भने डान्समा भुलेका युवायुवती गीतको अफर नै नगरी लगातार नाचेका थिए ।

नयाँ वर्ष मनाउने क्रममा होटल मुनमा चलेको डान्सपार्टीमा युवायुवतीहरू राति ११ बजेसम्म रमाए । त्यस्तै पोकेमन पार्कको डान्सपार्टीमा पनि युवाहरू रमाएका थिए । पार्कको रमणीय स्थलमा दिउँसो गरिएको डान्सपार्टीमा युवाहरूले खुलेर मनोरञ्जन गरे । त्रिमूर्ति चोक र होटल स्वागतमा गरिएको सांगीतिक कार्यक्रममा पनि नयाँ वर्ष मनाउनेहरूको उत्तिकै भीड थियो ।

**कमल रिमाल**

# सकियो व्यापार मेलाको रमाइलो



बुटवल– उद्योग वाणिज्य संघ बुटवलको आयोजनामा बुटवलमा सञ्चालित औद्योगिक व्यापार मेला तथा कृषि एवं पर्यटन प्रवर्द्धन महोत्सवको रमाइलो आइतबार सम्पन्न भएको छ। पुस ९ देखि २० गतेसम्म चलेको मेला एवं महोत्सवमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय औद्योगिक उत्पादन, कृषि, पर्यटन, घरेलु तथा हस्तकला, रेस्टुरेन्ट तथा चमेनागृह गरी ३ सय ८५ वटा स्टल थिए। मेलामा लक्ष्यभन्दा बढी अर्थात् ६ लाखभन्दा बढी दर्शक अवलोकनका लागि आएका र ९ करोड रुपैयाँको आर्थिक कारोबार भएको आयोजकहरूले जनाएका छन्। मेला अवधिभर सांस्कृतिक कार्यक्रमअन्तर्गत राखिएका दोहोरी गीत प्रतियोगिता, आधुनिक, पप र नेपाली चलचित्रका गीतगायनको प्रतियोगिता भ्वाइस अफ बुटवलका साथै राष्ट्रिय स्तरका कलाकारहरूले पर्याप्त मनोरञ्जन प्रदान गरेका थिए।

मेला अवधिमा लोकदोहोरी गायक राजु परियार, बद्री पंगेनी, प्रजापति पराजुली, नारायण रायमाझी, पुरुषोत्तम न्यौपाने, कृष्ण देवकोटा, देविका केसी, विष्णु खत्री, रमेश बीजी, हेमन्त शर्मा, जीवन शर्मा, ईश्वर पोखरेल, अविनाश घिसिङ, अनुपमा कोइराला आदिले आफ्नो प्रस्तुतिमार्फत दर्शकहरूलाई छमछमी नचाएका थिए भने जितु नेपाल, शिवहरि पौडेल, किरण केसी, सविता गुरुङ, मनोज गजुरेल, दीपक थापाजस्ता हास्यकलाकारले देशको समसामयिक राजनैतिक अवस्था तथा दलका नेताहरूप्रति सटिक एवं तीखो व्यङ्ग्य गरेर सबैको मन जितेका थिए। यसबाहेक स्थानीय कलाकारहरू मन्जु पौडेल, वैकुण्ठ महत, लक्ष्मण खड्का, सोनु घिमिरे, पुस्कल शर्माको प्रस्तुति एवं विद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता, विभिन्न जनजातिको सांस्कृतिक कार्यक्रमले पनि मेलामा रमाइलो थपेको थियो।

**भ्वाइस अफ बुटवल**

बुटवलमा चलेको औद्योगिक व्यापार मेलाको मुख्य आकर्षण बनेको सांगीतिक प्रतियोगिता 'भ्वाइस अफ बुटवल'को उपाधि १५ वर्षिया लक्ष्मी विकले जितेकी छिन्। ७० जनाले भाग लिएको प्रतियोगितामा निर्णायकको मूल्याङ्कनका आधारमा उत्कृष्ट १० जनामा छनौट भएकी लक्ष्मीले आफ्नो सुरिलो स्वरमार्फत १० दिनसम्म दर्शक-श्रोताहरूको मन जित्दै सबैभन्दा बढी मत पाएर उपाधि चुमेकी हुन्। मेलामा छुट्टै रौनक थपेको आधुनिक, पप र चलचित्रका गीत गायनको यो प्रतियोगिताकी विजेता लक्ष्मीले उपाधिसँगै आयोजकका तर्फबाट १० हजार नगद, प्रायोजकबाट एलजी डाइनामाइट मोबाइल सेट तथा थुप्रै व्यक्ति तथा संस्थाबाट नगद र उपहार गरी करिब दुई लाख बराबरको पुरस्कार हात पारिन्। स्थानीय सरकारी विद्यालय कालिका मा.वि.मा कक्षा ९ मा अध्ययनरत विपन्न परिवारकी लक्ष्मी ले गीत गाउँदा उनलाई हजारौं दर्शकले साथ दिएका थिए। प्रतियोगितामा बुटवलकै २८ वर्षीया पुष्पा पाण्डे द्वितीय, सिद्धार्थ बोर्डिङ स्कुलकी शिक्षिका मंगला प्रधान तृतीय भए।

यता मेलामै चलेको दोहोरी गीत प्रतियोगितामा तिनाउ दोहोरी साँझ प्रथम, मिर्मिरे दोहोरी साँझ द्वितीय तथा राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान अर्घाखाँची तृतीय भए।

**-टोपराज शर्मा**

# यस्तो रह्यो सडक महोत्सव



**शिव शर्मा**

पोखरा- सडकदेखि होटल, रेस्टुराँसम्म भरिभराउ भएपछि यसपटक लेकसाइड क्षेत्रमा बेग्लै प्रकारको रमझम देखियो। कारण थियो यहाँ पुस १३ देखि पाँच दिनसम्म चलेको सडक महोत्सव। ३५ करोड रुपयाँको कारोबार गर्दै पर्यटकीय नगरी पोखरामा सञ्चालित 'दसौं सडक' महोत्सव सम्पन्न भएको छ। महोत्सव करिब ५ लाख दर्शकले अवलोकन गरेको आयोजक रेस्टुरेन्ट एन्ड बार एसोसिएसन नेपाल (रेवान) पोखराले जनाएको छ। सडक महोत्सवको रमझममा स्वदेशी तथा विदेशी पर्यटकहरूको उपस्थिति उत्साहजनक पाइयो। दुलहीभन्दा बढी सिंगारिएको महोत्सव स्थलमा खुट्टा टेक्ने ठाउँ पाउनसमेत मुस्किल हुन्थ्यो।

अंग्रेजी नयाँ वर्ष तथा पाँचदिने सडक महोत्सवले पोखराका गल्ली-गल्लीमा रहेका होटलहरू पनि धमाधम बुकिङ भए। लेकसाइडको फिस्टेल गेटदेखि झन्डै साढे ३ किलोमिटर दूरीमा घन्किएको रोदी, मारुनी अनि विविध सांस्कृतिक कार्यक्रमले महोत्सव रन्किएको देखिन्थ्यो।

खुला सडककै बीचमा विवाहमा नाचिने रत्यौलीको रन्को बेग्लै थियो। थरी-थरीका प्रदर्शनसँगै रमाइलो नाचगानले महोत्सवमा आकर्षण थपेको थियो। लोप हुन लागेका वस्तुहरूको प्रदर्शनीले पुरानो संस्कृतिको झल्झल्को दिन्थ्यो भने यसपटक पनि महोत्सवको प्रमुख आकर्षण चितवनबाट ल्याइएको हात्ती नै बन्यो।

महोत्सवमा चितवनको थारूहरूको लट्ठी नाच, धरानका राई-लिम्बूहरूको धान नाच, बन्दीपुरको भुजेल नाँच, पोखराको २ सय ५० वर्ष पुरानो भैरव नाच, तायमचा आदि विभिन्न जातजातिका नाचहरू प्रदर्शन गरिएको थियो भने वेटर रेस, टुरिष्ट रेस, डुंगा रेस का साथै खानामा ससेज, मम इटिङ आदि रमाइला इभेन्टहरू समावेश थिए।

# मिनारी दाचारी चाक्चाकुर महोत्सव



किराँत कुलुङ जातिले आफ्नो जातीय चाड मिनारी दाचारी निङदोङ चाक्चाकुर यो वर्ष पाँचकन्या-५, देवीगाउँ, सुनसरीमा सामूहिक रूपले मनाएको छ। एक वर्षभरि लगाइएका सम्पूर्ण अन्नबाली उठाइसकेर अर्को वर्षको पुस १५ गतेबाट सुरु हुने विश्वासअनुसार कुलुङहरूले त्यो दिनलाई मिनारी दाचारी निङदोङ अर्थात् नयाँ वर्ष र चाडका रूपमा मान्छन्। किराँती समुदायमा वर्षमा दुईवटा याम (महिना/ऋतु)लाई मानिन्छ, उभौली र उँधौली। कुलुङहरू पुस १५ बाट उधौली अर्थात् जाडो ऋतु समाप्त भएर उँभौली वा गर्मीयाम सुरु भएको विश्वास गर्ने चलन छ।

यो वर्षको निङदोङ मनाउने सामूहिक कार्यक्रम कुलुङहरूको जातीय संस्था नेपाल किराँत कुलुङ भाषा संस्कृति उत्थान संघले आयोजना गरेको थियो। देवीगाउँको चाक्चाकुर उत्सवमा सुनसरी, मोरङ, झापा, संखुवासभा, भोजपुर, इलाम, सोलुखुम्बु, काठमाडौंलगायत १३ जिल्लाबाट आएका कुलुङहरू सहभागी थिए। उक्त अवसरमा कुलुङजातिको परम्परागत परिकार महोत्सवसमेत आयोजित गरिएको थियो। देशभरिबाट भेला भएका कुलुङहरूले पुस १५ गते सामूहिक रूपमा कोदाको ढिंडो, गोरुको मासु, सिस्नुको तरकारी र बाँसको ढुङ्ग्रोमा तोङ्बा खाएका थिए। कोदाको ढिंडो र गोरुको मासु कुलुङ समुदायको परम्परागत परिकार मानिन्छ।

नेपालमा कुलुङ जातिको बसोबास २२ जिल्लामा छ। कुलुङ जातिको पुर्खौली भूमि महाकुलुङ (सोलुखुम्बु, भोजपुर र संखुवासभाको केही भाग) भए पनि संखुवासभा, भोजपुर, इलाम, सुनसरी, मोरङ झापा आदि जिल्ला उनीहरूको सघन बसोबास छ। नेपालमा कुलुङहरूको संख्या करिब १ लाख ५० हजार भएको कुलुङ संघको अनुमान छ। त्यसबाहेक कुलुङहरू भारत र भुटानमा करिब ५० हजारको हराहारीमा रहेको अनुमान छ। २०५८ सालको आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा धेरै आदिवासीलाई जस्तै कुलुङलाई पनि सूचीकृत नगरिएको भन्दै कुलुङहरूले विगत ७ वर्षदेखि सूचीकरणका लागि आन्दोलन गर्दै आएका छन्।

# नयाँ वर्षमा रमाए कीर्तिपुरवासी

कीर्तिपुर– देशभरि आएको नयाँ वर्षको उत्साह र उमङ्ग ऐतिहासिक सहर कीर्तिपुरमा पनि देखियो, कन्सर्टका रुपमा। कीपु लुजःले आयोजना गरेको सांस्कृतिक कार्यक्रममा देशमा चिनिएका अनुहारदेखि लिएर कीर्तिपुरका प्रतिभावान् अनुहारहरू झुल्किए। विशेषतः नयाँ प्रतिभावान् कलाकारलाई अवसर प्रदान गर्ने हेतुले आयोजित कार्यक्रममा कलाकारहरू प्रमोद नेम्वाङ, सारङ्गीवादक श्याम नेपाली, विश्व नेपाली र फिरोज सिंहजस्ता कलाकारले कन्सर्टको ताप बढाए। कन्सर्टले होलाकास्त, अग्नि, महानकाल, जलन तथा स्काइ लाईजस्ता नयाँ सांगीतिक समूहलाई कीर्तिपुरमा चिनायो भने एकताका कीर्तिपुरलाई देशभरि चिनाउन सफल ब्यान्ड स्याड रोज पनि 'चरी उड्यो बादल छुन' गीतबाट पुनः उदायो। नयाँ ब्यान्डहरू नील र सक्षमको धुन मनमोहक थियो। प्रमोद नेम्वाङको जब तारा गनेर र किन यसरी गीतले दर्शकहरूमा रोमाञ्च पैदा गऱ्यो। कन्सर्टमा कीर्तिपुरवासी मात्र नभएर त्रिभुवन विश्वविद्यालयमा अध्ययनरत छात्रछात्राहरू पनि रमाएका थिए। साँझ पाँच बजे प्रारम्भ भएको कन्सर्ट राति दस बजेसम्म चलेको थियो।

**प्रेमकृष्ण श्रेष्ठ**

# विराटनगरमा युवा र नेवा महोत्सव



**कमल रिमाल**

विराटनगर- गएको साता विराटनगरमा युवा र नेवा महोत्सव सम्पन्न भएको छ। युवा महोत्सवले पूर्वाञ्चलभरिका युवायुवतीलाई समेटेको थियो भने विराट नेवा महोत्सवमा पूर्वाञ्चलका नेवारहरूको सहभागिता थियो। दुई दिन चलेको युवा महोत्सवबाट युवाहरूको काँधमा देशको जिम्मेवारी रहेको सन्देश दिइयो।

नेपाल युवा सामाजिक मञ्चको आयोजनामा भएको महोत्सवमा युवासँग सम्बन्धित हरेक खालका प्रदर्शनी गरिएको थियो। महोत्सवमा नर्सिङ क्याम्पस विराटनगरका विद्यार्थीको प्रदर्शनी उत्कृष्ट थियो। नर्सिङ अध्ययनरत विद्यार्थीले तयार गरेका हस्तकलाका सामग्रीले युवाहरूको मन तानेको थियो। भर्खरै जन्मिएको नवजात शिशुदेखि हिँड्न थाल्ने अवस्था, विद्यालय जाने उमेर, किशोरावस्थाको जिज्ञासु स्वभाव, युवा अवस्थामा विपरीत लिंगीप्रतिको आकर्षणजस्ता कुराहरू नर्सिङका विद्यार्थीले चित्र एवं हस्तकलाका सामग्रीमार्फत प्रदर्शन गरे।

त्यसबाहेक धनकुटे युवाले भुटेको मकै-भटमास र साँदेको गुन्द्रुक ख्वाएर सहरिया युवायुवतीको मन जिते। महोत्सवका क्रममा लागूऔषध, एचआईभी र एड्स, यौनरोग, हेपाटाइटिस, परिवार नियोजन, उच्च शिक्षा, सामाजिक कार्य, व्यापार-व्यवसायजस्ता विषयमा तीन दर्जनजति स्टलबाट युवायुवतीहरूलाई जानकारी दिइयो।

महोत्सवको अर्को आकर्षण सांगीतिक कार्यक्रम थियो। विभिन्न क्षेत्रबाट महोत्सवमा भाग लिन आएका युवायुवती सांगीतिक कार्यक्रममा रमाएका थिए। अज्ञात योद्धा ब्यान्डको प्रस्तुतिले महोत्सवलाई नै नचायो। महोत्सवमा सडकनाटक, प्रदर्शनी, धर्ना, नसुनिएको आवाज सुनाउने, क्षेत्र, जाति, भाषा, लिङ्गका आधारमा समूहगत ऱ्यालीहरू प्रदर्शन गरियो। उक्त अवसरमा अन्तरक्याम्पस युवा प्रतियोगिता र क्षमता प्रदर्शन, सामूहिक चित्रकला प्रदर्शन, सन्देशमूलक खेल, वृत्तचित्र प्रदर्शनी, हस्ताक्षर संकलनजस्ता क्रियाकलाप पनि सम्पन्न भएका थिए।

त्यस्तै गत साता विराटनगरमा सम्पन्न विराट नेवा महोत्सवमा घरेलु मदिरा र नेवारी परिकार महोत्सवको आकर्षण बन्यो। तीन दिन चलेको महोत्सवमा न्यूनतम शुल्क तिरेर विराटनगरका अन्य समुदायले पनि अधिकतम लाभ लिए। महोत्सवमा नेवारी संस्कृति एवं परम्परा झल्काउने प्रदर्शनी गरियो। त्यसबाहेक खाद्यवस्तुका स्टल एवं सांस्कृतिक कार्यक्रम पनि महोत्सवको आकर्षण बने।



## ● फिल्मी खबर ●

▶▶ चलचित्र विकास बोर्डले विदेशी चलचित्रले पनि जाँचपास गर्नुअघि बोर्डबाट सिफारिस लिनुपर्ने व्यवस्था मिलाउन सञ्चार मन्त्रालयलाई पत्र लेखेको छ। बोर्डले कार्यान्वयनमा ल्याउन लागेका सात बुँदे निर्णय गत सोमबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको हो। नेपाली चलचित्रले बोर्डबाट सिफारिस लिई जाँचपास गर्दै आए पनि विदेशी चलचित्रका सम्बन्धमा त्यसो हुन नसकेकाले उक्त निर्णय गरिएको बोर्डका नवनियुक्त प्रवक्ता तथा बोर्ड सदस्य केपी पाठकले बताएका छन्। यसबाहेक बोर्डले नेपाली चलचित्रमा लाग्दै आएको चलचित्र विकास शुल्क तथा चलचित्रको स्क्रिप्ट पास गराउनुपर्ने नियम खारेज हुनुपर्ने सिफारिस पनि मन्त्रालयसमक्ष गरेको छ। यसैगरी बोर्डले सल्लाहकार समिति तथा अन्तर्राष्ट्रिय समन्वय समितिको पनि गठन गरेको छ। सल्लाहार समितिमा नीर शाह, शान्ति मास्के, भुवन चन्द तथा मोहन सर्राफ छन् भने समन्वय समितिमा युवराज लामा, केपी पाठक, आकाश अधिकारी, नवीन सुब्बा तथा नारायण पुरीलाई राखिएको छ।

▶▶ निर्देशक सानु शाक्य अहिले बलिउडका प्रख्यात कलाकार शक्ति कपूर तथा अर्का अभिनेता शाहनवाज खानलाई लिएर चलचित्र 'मृत्युदण्ड' को पनि निर्देशन गर्दैछन्। त्यही चलचित्रको भोजपुरी संस्करण 'हम है हिरो हिन्दुस्थानी' को निर्देशन मनोज नारायणले गर्दैछन्। सानु तथा मनोजको निर्देशनमा बन्ने चलचित्रमा अभिनेता कपूर र खानका अतिरिक्त नेपाली अभिनेताहरू विराज भट्ट, रेखा थापा, मिथिला शर्मा आदिले पनि अभिनय गर्दैछन्।






**म २२ वर्षीय युवक हुँ। उनले मलाई प्रस्ताव राखिन्, म पनि उनलाई भित्रैदेखि मन पराउँथे र माया गर्थें। हाम्रो माया बस्यो, तर पछि उनले सामाजिक रीति र संस्कारलाई अघि सार्दै साथीका रूपमा मात्र माया गर्ने बताइन्। म दलित परिवारको व्यक्ति हुँ, उनी पनि दलित परिवारकै हुन्, तर उनको परिवार मेरो भन्दा उच्च छ। मैले उनलाई धेरै पटक सम्झाएँ, तर उनको मन बदलिएन। म उनलाई बिर्सन पनि सक्दिनँ। परिवारसँग कुरा गर्छु भन्दा पनि उनी मान्दिनन्। म उनलाई गुमाउन पनि चाहन्नँ। म के गरूँ ?**

**–एस.**

मलाई लाग्छ, संसारमा सबैभन्दा बढी समस्या प्रेममा नै हुन्छ। तपाईंको समस्या सामान्य होइन। यसलाई बेवास्ता गर्नुभयो भने कालान्तरमा परिणाम गम्भीर हुनसक्छ। धेरै प्रेमप्रस्तावलाई छाडेर उनीसँग तपाईंले गाँसेको प्रेममा रीति र संस्कारका कुरा कहाँबाट उब्जिए, प्रस्ट भएन। जबकि तपाईंहरू अन्तर्जातिय पनि हुनुहुन्न। प्रेममा सबैभन्दा ठूलो कुरा विश्वास हो। विश्वास भएन भने प्रेमको स्थिति ढलमल भैरहन्छ। जहाँसम्म मलाई लाग्छ, उनले तपाईंमाथि विश्वास गर्न छाडिन्। यस्तो वातावरण कसरी सिर्जना भयो, यसको खोजी आफैं गर्नुहोला। मूल कुरा के बुझ्नुहोस् भने प्रेम जबर्जस्ती हुँदैन। तपाईंले जति सम्झाए पनि उनी तपाईंसँग प्रेम गर्न तयार भइनन् भने तपाईंले जे गरे पनि उनी मान्दिनन्। परिणाम तपाईं घोर निराशाको सिकार बन्नुहुनेछ। बरु बेलैमा बुद्धि पुऱ्याउनुहोस् र उनलाई भनिदिनुहोस् कि यदि तिमी मसँग प्रेम गर्दिनौ भने म पनि आजीवन तिमीसँग प्रेम गर्नेछैन। यो कार्य गर्न तपाईंले मुटुमाथि ढुंगा राख्नुपर्छ।

## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

# सिनर्जी राइजिङ स्टार-२ को चर्चा



सिनर्जी राइजिङ स्टार-२ को खोजी सुरु भएको छ। यसका लागि चितवन र नवलपरासीका गरी ४ स्थानमा प्रि-अडिसन लिइएको थियो। सबै ठाउँमा गरी करिब ५ सयजना अडिसनमा सहभागी भएका थिए। प्रि-अडिसनमा माडीबाट ५०, पर्सा खैरहनीबाट २९, कावासोतीबाट २३ र नारायणगढको कला मन्दिरबाट ७६ जना छनौट भएका छन्। दोस्रो चरणका लागि चारै ठाउँबाट १ सय ६० जनाले दोस्रो चरणमा प्रवेश पाएको सिनर्जी एफएमका स्टेसन म्यानेजर अमर प्रधानले बताए। दोस्रो चरणको अडिसन माघ ११ र १२ गते नारायणगढको कला मन्दिरमा गर्ने र त्यसबाट ६० जना स्टुडियो चरणमा प्रवेश पाउने निर्णायक सहन प्रधानले जानकारी दिएका छन्। त्यसपछि उत्कृष्ट ३० छनौट गरी त्यसबाट टप टेन घोषित गरिनेछ। सहभागीहरूबीच प्रत्येक हप्ता एफएमका प्रत्यक्ष प्रतिस्पर्धा गराई टपटेन घोषित गर्ने र उनीहरू सबैलाई नारायणगढमा लाइभ कन्सर्ट गराउने स्टेसन म्यानेजर अमर प्रधानले बताए। त्यसपछि टप थ्रीबाट सिनर्जी राइजिङ स्टार चुनिनेछ।

**प्रवीण दत्त**

## केवल एक प्रश्न

# तपाईंको अनुभवमा

## सबैभन्दा अल्छी लाग्ने काम कुन हो ?

खासमा महिला भएपछि भन्न त नहुने हो, तर मलाई खाना पकाउने काम साह्रै अल्छी लाग्छ। हाहाहा.....बरु लुगा धुन अल्छी लाग्दैन।

**झरना थापा, नायिका**

कुन काम होला र अल्छी लाग्ने ? बरु जबलेस भएर यत्तिकै बस्नुपर्दा साह्रै अल्छी लाग्छ नि होइन ? ए मलाई जिम जान साह्रै अल्छी लाग्छ, फिगर मेन्टेनका लागि जानुपर्ने हो, तर भरसक जानु नपरोस् जस्तो हुन्छ..... ।

**शीताष्मा चन्दा, मिस नेपाल**



मलाई लुगा धुने काम साह्रै अल्छी लाग्छ। अरू काममा त्यति अल्छी लाग्दैन, जति लुगा धुन लाग्छ। बरु मैला हुन्जेलसम्म लगाउँछु र ड्राइक्लिनर्समा धुन दिन्छु।

**विभोर पोखेल, म्युजिक भिडियो निर्देशक**

कसैलाई पर्खिनुपर्‍यो भने साह्रै अल्छी लाग्छ, हुन्छ नि कसैको बानी बाटोमा बोलाएर कुराउने...... अनि मलाई सपिङमा जान पनि साह्रै अल्छी लाग्छ। सपिङमा जान जति इन्ट्रेस्टिङ हुन्छ नि फर्केर आउँदा त्यत्तिकै थाकिन्छ, तर पनि म सपिङका लागि मेक्सिमम निस्कन्छु।

**रामकृष्ण ढकाल, गायक**

मलाई खाना बनाउन भनेपछि साह्रै अल्छी लाग्छ। भरसक खाना बनाउने काममा सहभागी नै हुन्न, खाना बनाएर खानुपर्ने भयो भने मःम खान तयार हुन्छु तर खाना बनाउँदिनँ....... यसबाहेक अरू काम त म अत्यन्तै मन लगाएर गर्छु नि...... ।

**सुरज श्रेष्ठ, आरजे**

## जम्का भेट

# क्रान्तिले बिहे गर्ने



डाक्टर, पाइलट ब्यान्डका गायक क्रान्ति आले चाँडै विवाह-बन्धनमा बाँधिने भएका छन्। प्रेमपछि मागीविवाह गर्न लागेका गायक आले धरान आएका बेला उनको विवाहमा केन्द्रित भएर गरिएको कुराकानी :

**विवाहको मिति फिक्स भयो, कस्तो महसुस गरिरहनुभएको छ ?**

गतेचैं नभनौं, तर यही फागुनमा गर्ने कुरा पक्का हो, त्यसमा म एकदम खुसी छु।

**तपाईंको फ्यान हो उहाँ ?**

होइन, उनी लन्डनको एउटा बैंकमा काम गर्छिन्। कार्यक्रमको सिलसिलामा जाँदा साथीमार्फत भेट भएको थियो। उनी नेपाली गीत त्यति सुन्दिनन्।

**नाम के हो नि ?**

थरचाहिँ लामा हो। हुनत म उनीसँगै विवाह गर्छु तर उनको परिवारलाई असर पर्छ कि भनेर नाम भन्न नचाहेको हुँ।

**उहाँको के कुराले आकर्षित गर्‍यो ?**

व्यवहार, बोलीचाली, लन्डनमा बसे पनि उनमा नेपालीपन पाएँ।

**अहिलेसम्म कतिपल्ट भेट भयो ?**

चारपल्ट।

**अन्तिम पल्ट कहिले भेट भएको थियो ?**

गत वर्ष म बिरामी हुँदा उनी नेपाल आएकी थिइन्।

**विवाहपछि तपाईंमा के परिवर्तन आउला ?**

बाहिरको संसार मलाई थाहा छैन, सायद व्यावहारिक र जिम्मेवार हुन्छु होला।

**विवाह गर्ने उमेर भैसकेछ नि ?**

उमेर भैसक्यो, त्यसैले ढिलो गर्नु हुँदैन।

**विवाहपछि प्रशंसकहरू घट्दैन ?**

प्रशंसकहरूलाई सीमित दूरीमा राखेकाले केही असर नपर्ला।

**विवाहपछि लन्डनमै बस्ने त होइन नि ?**

बस्दिनँ, यहाँ इज्जतका साथ बाँचेको छु, जुन विदेशमा प्राप्त नहुन सक्छ।

**संगीतलाई निरन्तरता दिनुहुन्छ ?**

संगीत मेरो सब थोक हो।

**तपाईंको ब्यान्ड किन अहिले ओझेलमा छ ?**

ब्यान्डका साथी आ-आफ्नै काममा व्यस्त भएर हो।

**– सुमित्रा अञ्जान**

# सकियो सौराहा महोत्सव



**साप्ताहिक समाचार**

क्रिसमस इभबाट प्रारम्भ भएको सौराहा महोत्सव नयाँ वर्षलाई धूमधामका साथ स्वागत गर्दै सम्पन्न भएको छ। विभिन्न प्रतियोगिता एवं सांस्कृतिक मनोरञ्जन भरिएको सौराहा महोत्सवमा मीठा परिकारहरूको फुड फेस्टिवलले पनि त्यत्तिकै साथ दिएको थियो। 'न्यू इयर सप्ताह' मनाउने क्रममा सौराहा पुगेका पर्यटकको भीडले १ हजार ५ सय रुम क्षमता भएको सौराहा 'हाउसफुल' भएको थियो। 'यसपटक जस्तो आगन्तुकहरूको भीड यसअघि कहिल्यै पनि देखिएको थिएन,' सौराहास्थित होटल पार्कल्यान्डका सञ्चालक शरद पाण्डेले भने- 'होटलमा रुम नपाएकाले पर्यटकहरू रातभर क्याम्पफायर गरेर बसे।' हात्तीमा चढेर गैंडालगायत जंगली जनावर हेर्न बाघमारा सामुदायिक वन पुग्ने पर्यटकहरूले यसपटक मरुभूमिमा मात्र पाइने उँटको सयर पनि गर्ने मौका पाए।

राप्ती नदीको किनारमा बसेर सनसेट हेर्न पाएका पर्यटकहरू फुडफेस्टिवलको परिकार खाँदै रमाइरहेको दृश्य सौराहा महोत्सवको अर्को आकर्षण थियो। 'पब रेस्टुराँ व्यवसायीहरूले संयुक्त रूपमा यो फुड फेस्टिबलको आयोजना गरेका हौं,' सनसेट भ्यू रेस्टुरेन्ट एन्ड बारका सञ्चालक बलराम दाहालले भने- 'फुड फेस्टिवललाई मन पराएर होटलको प्याकेजमा आएका पर्यटकहरू पनि यहाँ मीठा परिकारमा लोभिएर सनसेट हेर्दै रमाइलो गर्न व्यस्त देखिए।' नदी किनारकै भव्य स्टेजमा गुन्जिएका सुमधुर स्वर तथा ग्ल्यामरस नृत्यको मनोरञ्जन लिनेहरूको संख्या पनि उत्तिकै थियो।

न्यू इयर इभका दिन त्यहाँ आयोजित सांस्कृतिक मनोरञ्जनमा दसौं हजार दर्शकको उपस्थिति थियो। कार्यक्रममा गायक-गायिकाहरू मिलन लामा, निशा सुनुवार, प्रकाश ओझा, प्रकाश पौडेल, हिमाल श्रेष्ठ आदिले सांगीतिक मनोरञ्जन प्रदान गरेका थिए भने हास्यकलाकारहरू सुरज चापागाईं 'बान्द्रे', पल्पसा डंगोल 'चम्सुरी'ले प्रहसन प्रस्तुत गरेका थिए। सौराहा महोत्सव समापनको दिन हात्ती फुटबल, टाँगादौड आदिका विजयीहरूलाई पुरस्कृत गरिएको थियो।

# पोखरामा निमाको धुम



पोखरा- रातको चिसो बढिरहेको थियो। न्यानोपनको अनुभूति गर्न मनोरञ्जनपारखीहरू पोखरा ग्राण्ड होटल परिसरमा धमाधम पसिरहेका थिए। आकर्षक तवरले सजाइएको मञ्चमा गायक निमा रुम्बा झुल्किए। पप पारखीहरूले जोडतोडका साथ हुटिङ गर्दै गायक निमालाई गीत गाउन उक्साए। युवायुवतीहरू गीत गाउँदै नाचिरहेका निमासँगै नाच्न तम्सिए।

एस एनजी इभेन्ट म्यानेजमेन्टले जुराएको बैंकर्स नाइट पार्टीमा बैंकका कर्मचारीहरूको उपस्थिति बाक्लो देखिन्थ्यो। त्यसैगरी बालक, युवा तथा वृद्धहरू पनि निमाको गीत सुन्न ठेलमठेल गर्दै थिए।

निमाको एकल प्रस्तुति रहेको कार्यक्रममा पारखीहरूले उनलाई घेरे। जति रात छिप्पिंदै थियो त्यति नै निमाको गीतमा झुम्नेहरूको हुल बढ्दै थियो। साँझमा पनि, मिस क्याटवाक, हुरीबतास झैं आउँछिन् उनी आदि एक दर्जनभन्दा बढी गीत गाएका निमा आफू मात्र होइन दर्शकसमेत पसिनाले निथ्रुक्कै थिए। करिब ५ घण्टा चलेको कार्यक्रममा निमालाई स्थानीय कलाकारहरूले पनि साथ दिए।

# हङकङमा नयाँ वर्षको रौनक

सबैजसो चाडपर्वमा उत्तिकै रम्ने हङकङेली युवाहरूलाई नयाँ वर्ष रमाइलो गर्ने थप बहाना बन्यो।



वर्षको स्वागतार्थ यहाँ दर्जनौं कार्यक्रम आयोजित गरिए। २००८ को अन्तिम मध्यरात सेन्ट्रलस्थित गगनचुम्बीमध्येकै अग्लो आईएफसी टावरबाट गरिएको आतिसबाजीसँगै सुरु भएको नयाँ वर्षको रौनक हप्ताभरि छायो। आइतबार साँझ जोर्डनस्थित कंगन रेष्टुराँमा आयोजित न्यू इयर पार्टी विषेश रह्यो। हङकङे बडीबिल्डरहरूको संस्था 'हङकङ नेपाली बडीबिल्डिङ एसोसियसन' द्वारा आयोजित कार्यक्रममा यहाँ हुने सुन्दरी प्रतियोगिताका अधिकांश विजयी सुन्दरीहरू लगायत स्थानीय मोडल तथा कलाकारको बाक्लो सहभागिता थियो।

ममिता गुरुङ, वसन्ती पुन, सुस्मिता गुरुङ, रजुना राई, रिना गुरुङ, एलिना घले, अञ्जना राई आदि सुन्दरी आकर्षक पहिरनमा ठाँटिएका थिए। मध्यरातसम्म खानपिनमै रमाइरहेकी २००६ की मेगा मोडल सुस्मिता गुरुङ चर्चित दोहोरी 'आँधी खोला उर्लेर आयो' गीतमा नाच्न मात्र के थालेकी थिइन्, दाउ हेरेर बसेका युवायुवती डान्स फ्लोरमा उर्लेरै पुगे। सुन्दरीसूगै कम्मर मर्काउन पाउँदा यस वर्षका मिस्टर हङकङ लोकेन्द्र परियार पनि दंग थिए। देशभन्दा हजारौं कोस टाढा अत्याधुनिक सहरका युवतीहरू हिन्दी र अंग्रेजीमा मात्र होइन दोहोरीमा पनि त्यत्तिकै जमे। छिप्पिंदो रातसँगै बढेको चिसोमा असिनपसिन हुँदै सहभागीहरू रातको करिब तीन बजेसम्म नाचे।

**निर्मल श्रेष्ठ, हङकङ**

# चिसोमा नचाए दार्जीलिङे कलाकारले



उर्लाबारी- पुसको तेस्रो शनिबार दार्जीलिङ्को प्रसिद्ध 'मन्त्र ब्यान्ड' ले मोरङको उर्लाबारीमा सयौंको संख्यामा उपस्थित युवायुवती तथा दर्शकहरूलाई उफ्राई-उफ्राई नचायो। स्थानीय भिजन अनलिमिटेडको आयोजनामा विन्टर सेलेब्रेसन्स- २०६५ शीर्षक दिइएको उक्त कन्सर्टमा मन्त्र, एड्रिन प्रधान, मौसमी गुरुङ, स्थानीय तथा हालका चर्चित गायक डम्बर नेपाली र दमकको सिक्स स्ट्रिङ्ग ब्यान्डका कलाकारहरूले आ-आफ्ना गीत सुनाएका थिए।

मन्त्र ब्यान्डको धुनमा हातमा राष्ट्रिय झण्डा फर्फराउँदै मञ्चमा उत्रिएका एड्रिनले 'जसो गर जे भन जतासुकै लैजाऊ मलाई यो मन त नेपाली हो' भन्ने आफ्नो पहिलो प्रस्तुति दिंदा हातमा राष्ट्रिय झण्डा लिई आएका दर्शकहरू राष्ट्रिय झण्डालाई उठाएर गायकको स्वरमा स्वर मिलाइरहेका थिए।

मन्त्रले आफ्नो एल्बम लगायत अन्य गरी डेढ दर्जनभन्दा बढी गीत प्रस्तुत गर्दा उपस्थित युवायुवतीहरू ज्याकेट र सुइटर फुकाल्दै उफ्री-उफ्री नाचेका थिए। कन्सर्टमा मौसमीले 'म नेपाली तिमी नेपाली...' लगायत डम्बरले आफ्नो हालको चर्चित 'मेरो जिन्दगीबाट जाने भए जाऊ तर अन्तिम पटक भेट्न आऊ...' लगायत आधा दर्जन गीत प्रस्तुत गरे।

**–केशव न्यौपाने**

# दर्शक ओइरिए

चितवन– साँझ पाँच बज्नै लागेको थियो। चितवनमा प्रायःजसो दिनमा घाम लागे पनि बेलुकीपख नारायणीको सिरेटोले नारायणगढमा चिसो हवात्तै बढाएको थियो। जाडोको बेवास्ता गर्दै वृद्धवृद्धा, युवायुवती, सर्वसाधारण नारायणी कलामन्दिरमा ओइरिरहेका थिए। कार्यक्रम थियो विगत २४ वर्षदेखि निरन्तरता पाइरहेको सांगतिक कार्यक्रम जुनेली रातको। नारायणी कलामन्दिरको २५ औं साधारणसभाका सहभागी एवं स्थानीयवासीलाई मनोरञ्जन प्रदान गर्न प्रत्येक अंग्रेजी नयाँ वर्षमा आयोजित हुने यो सांगतिक कार्यक्रमले यहाँ धेरैजसोलाई तान्ने गरेको छ। दर्शकको बाक्लो उपस्थिति रहेको जुनेली रातको



सांगीतिक वातावरणले त्यहाँ उपस्थित युवापुस्ता निकै रमाइरहेको देखिन्थ्यो।

**प्रवीण दत्त**



# बालसौन्दर्य प्रतियोगिता

द लुक्स फेसन होम्स पोखराले ७ देखि १२ वर्षसम्मका स्कुले बालबालिकाहरूलाई लिएर यही माघको पहिलो साता लिटिल क्विन बालसौन्दर्य प्रतियोगिता आयोजना गर्न लागको छ। केही समयअघिसम्म पोखरामा माओवादी दबाबका कारण सुन्दरी प्रतियोगिताहरूले

अवरोध झेल्दै आएका थिए तर अहिले भने यहाँ बालसौन्दर्यदेखि लिएर अन्य फेसनसम्बन्धी कार्यक्रमहरू हुन थालेका छन्। पोखरेली बालबालिकाको क्रेज देखेर नै हामीले प्रतियोगिता गर्न लागेका हौं, द लुक्स फेसन होम्सका रवीन्द्र बज्राचार्यले भने- 'अभिभावकहरू पनि आफ्ना बालबालिकालाई यस्तो प्रतियोगितामा सहभागी गराउन सकारात्मक देखिएका छन्।' प्रतियोगितामा स्थानीय विद्यालयका १४ जना बालिकाहरू सहभागी हुँदैछन्। आयोजकहरूले उनीहरूलाई एक महिनादेखि विभिन्न विषयमा तालिम दिइरहेका छन्।


साप्ताहिक क्विज ४

▶ साप्ताहिक-कुसुमे रुमाल क्विजको उत्तर आगामी शुक्रबारसम्म आइपुग्ने गरी साप्ताहिकको ठेगानामा पठाउनुहोला।

▶ कुपनमा पठाइएको उत्तर मात्र स्वीकार्य हुनेछ।

▶ विजेताहरूमध्ये गोलाप्रथाबाट पाँच जनालाई गोपीकृष्ण मुभिजका तर्फबाट निरक पौडेलद्वारा निर्देशित एवं सौर्यजित बास्कोटाद्वारा संगीतबद्ध चलचित्र 'नयाँ कुसुमे रुमाल'का सुमधुर गीतहरू संग्रहित एक-एकवटा अडियो सिडी वा क्यासेट प्रदान गरिनेछ। साथै पाँच जनालाई काठमाडौंको चाबहिलस्थित गोपीकृष्ण मुभिजमा प्रदर्शन भैरहेको चलचित्रको २-२ वटा टिकट प्रदान गरिनेछ।

▶ यो 'साप्ताहिक-कुसुमे रुमाल' क्विजका सर्त तथा नियमहरूमा सर्वाधिकार संयुक्त रूपमा कान्तिपुर पब्लिकेसन्स तथा गोपीकृष्ण मुभिजको रहनेछ।

क्विज-१ को उत्तर : रनजीत गजमेर

'कुसुमे रुमाल' का निर्माता को थिए ?

..............................

..............................

नाम : ..............................

ठेगाना : ..............................

..............................

फोन नम्बर : ..............................

क्विज–१ का टिकट विजेताहरू:

१. प्रेमसिंह वडाल, घट्टेकुलो
२. माधवलाल श्रेष्ठ, ललितपुर
३. कृपेश बस्ताकोटी, बबरमहल
४. विनोदमल्ल प्रधानाङ, डिल्लीबजार
५. सुनिल ठकुरी, बुढानिलकण्ठ

क्विज–१ का सीडी विजेताहरू:

१. निर्मलकुमार श्रेष्ठ, लहान
२. प्राञ्जल, गौशाला
३. कुमार मगर, ज्ञानेश्वर
४. कोविद शाक्य, सिनामंगल
५. शोभा श्रेष्ठ, कलंकी

विजेताहरूले परिचय पत्रसहित गोपीकृष्ण मुभिज, चावहिल फोन नं. ४४७९८९३/४ मा एक महिनाभित्र सम्पर्क राख्नुहोला। उपत्यका बाहिरका विजेताले परिचित व्यक्तिमार्फत परिचय पत्र पठाई पुरस्कार पाउन सक्नुहुनेछ।


▶▶ कान्तिपुर टेलिभिजनबाट प्रसारण भैरहेको टेलिश्रृंखला 'कलेज' को प्रसारण समय परिवर्तन गरिएको छ। शुक्रबार राति ७:३० बजेदेखि प्रसारण भैरहेको यो कार्यक्रम अबदेखि सोही दिन साँझ ६:३० बजेदेखि प्रसारण हुने थालेको छ। नवराज आचार्यको निर्देशनमा तयार पारिने यो श्रृंखलामा निर्देशक आचार्यका अतिरिक्त शिशिर सुवेदी, सविन श्रेष्ठ आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्।

▶▶ नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको हास्यश्रृंखला 'तीतो सत्य' मा अभिनय गरिरहेका अधिकांश कलाकार उक्त श्रृंखलामा देखिन छाडेका छन्। श्रृंखलामा वेइमानको भूमिका निर्वाह गर्ने रवि डंगोल, सुब्बाको भूमिका निर्वाह गर्ने पूर्ण थापा, बिजुलीको भूमिका निर्वाह गर्ने मञ्जु श्रेष्ठ, खरदारको भूमिका निर्वाह गर्ने मुनाल घिमिरे तथा वकिलको भूमिका निर्वाह गर्ने कृष्ण ढुंगाना पछिल्ला थुप्रै श्रृंखलामा देखिएका छैनन्। रवि डंगोल तथा पूर्ण थापा 'भुइँचालो' शीर्षकको अर्को हाँस्यश्रृंखलाको निर्देशनमा व्यस्त भएपछि उनीहरूसँगै अन्य लोकप्रिय कलाकार पनि 'तीतो-सत्य' मा देखिन छाडेका हुन्। 'भुइँचालो' केही समयपछि नै कान्तिपुर टेलिभिजनबाट प्रसारण हुने क्रममा छ।

## ● सानो पर्दा ●

▶▶ पत्रकार विजयकुमार पाण्डे नयाँ कार्यक्रममार्फत दर्शकमाझ प्रस्तुत हुन थालेका छन्। नेपाल टेलिभिजनबाट प्रसारण हुने कार्यक्रम 'मेरो जिन्दगी मेरो विश्वास' मार्फत उनी दर्शकमाझ पुगेका हुन्। एन्टेना फाउन्डेसनले निर्माण गरेको यथार्थपरक कार्यक्रममा प्रस्तोता पाण्डेले जीवनका भोगाइ तथा यथार्थताहरूलाई आकर्षक ढंगले चित्रण गरिरहेका छन्। कार्यक्रम बुधबार बेलुका ८:५० बजे प्रसारण हुन्छ।

▶▶ कान्तिपुर टेलिभिजनबाट प्रसारण भएको हास्यश्रृंखला 'तीते करेली' मा अभिनय गरेर परिचय बनाएकी ज्योति खड्का अब नेपाली चलचित्रमा नायिकाका रूपमा देखिने भएकी छिन्। छायांकनको क्रममा रहेको चलचित्र 'अचानक' मा उनी मुख्य नायिकाको भूमिका निर्वाह गरिरहेकी छिन्। सानो पर्दाबाट ठूलो पर्दामा जाने क्रममा उनले आफ्ना नाम पनि परिवर्तन गरेकी छिन्। सानो पर्दाकी ज्योतिलाई अब ठूलो पर्दामा जेसिकाको नामबाट चिन्न सकिन्छ। उनले अभिनय गरेको पहिलो चलचित्रमा निखिल उप्रेती तथा दिलीप रायमाझीले नायकको भूमिका निर्वाह गरेका छन्।

▶▶ नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको हास्य टेलिश्रृंखला 'मेरी बास्सै' का मुख्य कला कारहरूलाई दर्शकले सम्मानित गरेका छन्। छायांकनका क्रममा सोलु खुम्बुका हिमाली क्षेत्रमा पुगेका कलाकारहरूलाई स्थानीय बासिन्दाले एउटा कार्यक्रम आयोजित गरी सम्मान गरेका हुन्।



# देवकोटासम्बन्धी वृत्तचित्र



काठमाडौं– महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मदेखि मृत्युसम्मका घटना कथालाई अब वृत्तचित्रमा हेर्न पाइनेछ। वरिष्ठ कथाकार यादव खरेलद्वारा लिखित तथा निर्देशित उक्त वृत्तचित्रमा देवकोटाका व्यक्तिगत जीवनदेखि साहित्यिक जीवन, कृति र उनले राजनीतिमा गरेका संघर्षहरूलाई समेट्ने प्रयास गरिएको छ। देवकोटाका जीवनकथाका घटनाहरूमा प्रवासको अभिनय इन्द्रबहादर राईले गरेका छन् भने स्वदेशको भूमिकामा स्वर्गीय रवि शाह, मिथिला शर्मा, पूजा चन्द राधेश्याम श्रेष्ठ, नरेन्द्र रेग्मी, वासुदेव लुइँटेल, नरसिंह बहादुर श्रेष्ठ आदि कलाकारले अभिनय गरेका छन्।

सेलुलाइड प्रविधिबाट निर्माण गरिएको वृत्तचित्रमा देवकोटाका अमर कृति मुनामदन, कविताहरू *नटिप हेर कोपिला, यात्री* तथा महाकाव्य र गीतमा संगितकारद्वय शम्भुजित बाँस्कोटा र चन्द्रराज शर्माले संगीत दिएका छन्। वृत्तचित्रमा गायक रामकृष्ण ढकाल, शर्मिला बर्देवा, ज्ञानु राणा, लोचन भट्टराई, भीम लामा आदि चर्चित गायक-गायिकाले स्वर दिएका छन्। वृत्तचित्रमा समेटिएको कथाले मध्यान्तरमा पुगेपछि सबै जना भावनामा रुमलिने र चिन्तित बन्ने कलाकार मिथिला शर्माले बताइन्। २०५६ सालमा निर्माण प्रारम्भ गरेर नौ वर्षको लामो मेहनतपश्चात् सार्वजनिक भएको वृत्तचित्र १ घण्टा २५ मिनेटको रहेको कथाकार एवं निर्देशक यादव खरेलले *साप्ताहिक*लाई बताए।

**–विमल खतिवडा**

## ● साताको स्वर ●



## शोभा वर्मा

**धानको बाला.... गीत सफल भएकै हो त ?**
मैले यो गीत विभिन्न स्थानमा आयोजित कन्सर्टमा गाइसकें, त्यसैले सफल नै भएको मान्छु ।

**कन्सर्टमा यही गीत गाउनुको कारण ?**
सुरुमा आफैंलाई मन परेर गाएकी थिएँ, पछि श्रोताले यही सुन्ने इच्छा व्यक्त गर्न थाल्नुभयो ।

**यो कस्तो प्रकारको गीत हो ?**
यो मेलोडियस पपगीत हो ।

**गीतको कुन पक्ष श्रोताले मन पराएका छन् ?**
श्रोताले यसको मेलोडी तथा मेरो स्वर मन पराउनुभएको छ ।

**म्युजिक भिडियोबाट कस्तो प्रतिक्रिया पाउनुभएको छ ?**
प्रणव जोशीको निर्देशनमा तयार भएको भिडियो चलनचल्तीको भन्दा भिन्दै छ । पृथक् भएकैले होला, अहिले प्रायः सबै टेलिभिजन च्यानलमा बजिरहेको छ ।

## ● म्युजिक अपडेट ●

**२०५४** सालदेखि नै सांगीतिक क्षेत्रमा सक्रिय गायिका मेनुका राईको पहिलो गीतिसंग्रह 'माया आहारिसे' सार्वजनिक भएको छ । प्रशस्त मेहनत तथा संघर्षपछि पहिलो गीतिसंग्रह तयार पारेको बताउने गायिका राई नेपाली सुगम संगीतको भविष्य राम्रो रहेको धारणा व्यक्त गर्छिन् ।

**पाल्पा** जिल्लामा जन्मिएर लोकसंस्कृतिको उत्थान तथा यसको विकासमा क्रियाशील चार स्रष्टालाई सम्मान गरिएको छ । लोकगायक हुमबहादुर गन्धर्व, ब्रह्मशेखर वज्राचार्य, नारायण रायमाझी तथा गायिका मन शेरचनलाई यसरी सम्मानित गरिएको हो । उनीहरूलाई क्यारियर ग्रुप पाल्पा, राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान तथा कलाकार मञ्च पाल्पाले संयुक्त रूपमा सम्मान गरेका हो ।

**तामाङ** भाषाको चलचित्रकी नायिका चन्दा घिसिङ अब गायिकाका रूपमा स्थापित हुने तयारी गर्दैछिन् । चन्दाले केही दिनमै शास्त्रीय संगीतमा छैटौं वर्ष अर्थात् बी म्युज (संगीत विशारद) पूरा गर्दैछिन् । आफ्नो पहिलो एकल गीतिसंग्रह 'मंगोलियन गर्ल' सार्वजनिक गर्ने तयारीमा छिन् ।

**दार्जीलिङलाई** कर्मथलो बनाउँदै सांगीतिक क्षेत्रमा रमाइरहेका संगीतकार कर्म योञ्जन अहिले काठमाडौंमा छन् । आफन्तको विवाहमा सरिक हुन आएका कर्मा एक महिना काठमाडौंमै रहनेछन् ।

**नेपथ्यले** सन् २००९ को सुरुमा आफ्नो गीत-सङ्गीतले अस्ट्रेलिया घन्काएको छ । नेपालयको व्यवस्थापनमा नेपथ्यले अस्ट्रेलियाका तीनवटा सहरमा चारवटा कार्यक्रम प्रस्तुत गरिरहेको छ । तमु समाज सिड्नीद्वारा आयोजित भ्रमणमा नेपथ्यले जनवरी ३ र १० तारीखमा सिड्नी, १६ तारिखमा ब्रिस्वेन र १८ तारिखमा मेलबर्नमा आफ्नो कार्यक्रम प्रस्तुत गर्नेछ ।

**सानो** पर्दामा अभिनय गर्दागर्दै कलाकार डोमा लामा गायिका बनेकी छिन् । 'जाँदै गर म पनि आउँछु' गीत लोकप्रिय भएपछि उत्साहित बनेकी लामाले आफ्नो पहिलो गीतिसंग्रह 'ह्योल्मो सोलु सेलो' सार्वजनिक गरेकी छिन् ।

**हास्य** कलाकारिताबाट गायन क्षेत्रमा प्रवेश गरेका आरपी भट्टराई पहिलो संग्रह 'या या थुक्क' बाट लोकप्रिय भएका छन् । संग्रहको पहिलो म्युजिक भिडियो दर्शकले रुचाएपछि उनले दोस्रो भिडियो पनि सार्वजनिक गरेका छन् ।

**गायक** विनय केटु आदर्शले आफ्नो पहिलो गीतिएल्बम म्युजिक हन्टर बजारमा ल्याएका छन् । उक्त एल्बममा आठवटा गीत समाविष्ट छन् । गीतमा स्वर, संगीत र एरेन्ज स्वयं गायक विनयकै छ । ब्लु फायर भिज्युअल प्रोडक्सनको निर्माण तथा नृपतेन्द्रध्वज राणाले निर्देशन गरेको एल्बमको गीत तिमी वारि म पारि लोकप्रिय भैसकेको छ ।

**गायक** सन्तोष रुचालका आधुनिक गीतहरूको संग्रह सप्तल लाई टाइम्स म्युजिकले बजारमा ल्याएको छ । एल्बममा आठवटा गीत समाविष्ट छन् । एल्बमका गीतमा सुरेश अधिकारी, बिजु बज्र, आलोकश्री तथा भोलाप्रसाद राईले संगीत भरेका छन् भने तिनमा राजकुमार बगर, शिव प्लास, दुःख सागर बैरागी एवं रमेश पंगेनीको शब्द सुन्न पाइन्छ ।

**रेडियो** नेपालमा कार्यरत संगीतकर्मी आरजे सिंह अब गायकका रूपमा श्रोतामाझ आउने भएका छन् । उनले आफ्नो पहिलो प्रयास स्वरूप एउटा राष्ट्रिय गीत रेकर्ड गराएका छन् । रक शैलीमा आधारित उक्त राष्ट्रिय गीतको म्युजिक भिडियोसमेत निर्माण गरिएको छ ।

**गायक-गायिकाहरू** भुवन सुप्तिहाङ राई, राई नवीन, पार्वती राई तथा जानुका राई पूर्वी पहाडको सांगीतिक भ्रमणमा छन् । गत शनिबार सोलुखुम्बुबाट प्रारम्भ भएको उनीहरूको यो यात्रा ओखलढुंगा, भोजपुर, खोटाङ हुँदै उदयरपुरमा पुगेपछि टुंगिनेछ । आधुनिक गायनका यी चारै जना कलाकारलाई यायोक्खा समूहले श्रोतामाझ प्रस्तुत गरेको हो ।

**तमु** ल्होसारका अवसरमा राजधानीमा आयोजित दोहोरी गीत प्रतियोगितामा पश्चिम सांस्कृतिक केन्द्रका आशराम गुरुङ तथा मातातीर्थ समाजकी जैसिला तमुले उत्कृष्ट गायक-गायिकाको उपाधि जितेका छन् । तीन दिनसम्म सञ्चालित प्रतियोगितामा १४ समूहबीच प्रतिस्पर्धा भएको थियो, जसमा सातमुहाने देउराली तमु समाज पहिलो, तमु छोज धिं दोस्रो तथा रोधी परिवार तेस्रो भएर क्रमशः ३०, २० तथा १० हजार नगद पुरस्कार जितेका थिए ।

**गत** शुक्रबार प्रारम्भ भएको दमक महोत्सवलाई पूर्वी नेपालका गायकहरू महेश बुढाथोकी, प्रकाश पौडेल, बाबु बोगटी, सुगम पोखरेल, तुलसी पराजुली, मिङ्मा शेर्पा आदिले संगीतमय बनाए ।

**गायक** सुदीप गिरी लामो समयपछि श्रोतामाझ आउने तयारी गर्दैछन् । 'तिमी आज-भोलि...' गीतबाट सांगीतिक क्षेत्रमा स्थापित भएका गायक गिरीले आफ्नो दोस्रो एकल संग्रहको शीर्षक 'कथा' राखेका छन्, जुन चाँडै बजारमा आउँदैछ ।

**न्युयोर्कमा** संगीतकै अध्ययन गरिरहेका कोटेश्वरका आर्यले आफ्नै नामको शीर्षक राखेर पहिलो गीतिसंग्रह तयार पारेका छन् । अमेरिकामै रेकर्ड गरिएका नौवटा गीतमा आर्यका अतिरिक्त रीता लिम्बू तथा अमेरिकी गायिका एन्जल एल्टाइनले पनि स्वर प्रदान गरेका छन् ।

**गायक** निमा रुम्बा अब चलचित्र निर्माताका रूपमा सक्रिय हुने भएका छन् । म्युजिक भिडियो बनाउँदै आएको ग्रीन प्रोडक्सनसँग मिलेर निमाले 'रंगीन मनसाय' शीर्षकको चलचित्र निर्माण गर्न लागेको बताएका छन् । गायनपछिको रुचि अभिनयमा रहेको बताउने निमाले आफ्ना दुई म्युजिक भिडियोका निर्देशक उदय सिजापतिलाई आफ्नो चलचित्रको निर्देशकमा अनुबन्ध गरेका छन् । चलचित्रमा सुनिल थापा, झरना बज्राचार्य, उषा रजक आदिले अभिनय गर्नेछन् ।

## लाइभ शो

भोलि शनिबार ललितपुरको सिद्धिपुरमा 'फिल द म्युजिक' शीर्षकको सांगीतिक कार्यक्रम तथा फुड फेष्टिबलको आयोजना गरिंदैछ । द प्रिज्म ग्रुपले आयोजना गर्न लागेको यो कार्यक्रममा ओमविक्रम विष्ट, दीपक बज्राचार्य, योगेश्वर अमात्य, सन्तोष थापा, सावनदेव श्रेष्ठ आदि गायकहरूका अतिरिक्त सांगीतिक समूह भिक्ट्री तथा ब्रोकन विन्डोजले गीत-संगीत प्रस्तुत गर्दैछन् । मध्यान्ह १२ बजेदेखि प्रारम्भ हुने यो कार्यक्रममा डिजे आशाले दर्शकहरूलाई नचाउनेछन् । कार्यक्रममा नेवारी फुड फेष्टिबल पनि समावेश गरिएको छ ।

## ● अफबिट ●




**अष्ट्रेलियाको बाइरोड** : डिजे सन्तोषको रिमिक्स म्युजिक भिडियो 'बाइरोडको बाटोमा' को छायांकन अष्ट्रेलियामा गरिँदै


## ● नजिकबाट ●

# विजेन श्रेष्ठ

| | | |
|---|---|---|
| जन्ममिति | : | भदौ २४ |
| घरमा बोलाउने नाम | : | सानु |
| जन्मस्थान | : | काठमाडौं |
| रुचि | : | चित्रकारिता, भिडियोग्राफी |
| प्रकाशित एल्बम | : | आठवटा |
| सांगीतिक गुरु | : | गुरुदेव कामत (गायन) तथा विश्व बस्नेत (किबोर्ड) |
| नजिकका साथी | : | प्रकाश ग्रुप |
| पकाउन जानेको परिकार | : | फ्राइ राइस |
| मनपर्ने मौसम | : | यस्तै... अलि जाडो, अलि न्यानो |
| फुर्सदमा | : | जीवनदर्शनका पुस्तक पढ्ने |
| मनपर्ने गीत | : | चोट के हो, व्यथा के हो |
| रिस उठेको बेला | : | चिसो कोक पिउँछु |
| मनपर्ने आफ्नै बानी | : | मुस्कुराइरहने |
| पहिलो गीत | : | नेपाः झिगु देखः (नेवारी), मानिसको जीवन (नेपाली) |
| पहिलो एल्बम | : | मनतयक् (नेवारी), जिस्काई जिस्काई (नेपाली) |
| पहिलो चर्चित गीत | : | छ ला जित (नेवारी), देउरालीको उकाली (नेपाली) |
| सबैभन्दा बढी माया | : | आफैंलाई |
| पहिलो बाजा | : | किबोर्ड |
| पहिलो प्रेम | : | सफल भएन |
| पहिलो चुम्बन | : | प्रेमिकालाई |
| गोप्य कुरा | : | खासै छैन |
| अन्य प्रतिभा | : | जापानी भाषा अध्ययन |



## ● ब्यान्ड ●



# प्रयास ब्यान्ड

अध्ययन तथा रोजगारीका क्रममा बेलायत पुगेका आठ नेपाली युवा संगीतकर्मीले स्थापना गरेको सांगीतिक समूह ...प्रयास् विगत केही वर्षदेखि संगीत–सिर्जनामा व्यस्त छ । यो समूहले सांगीतिक कार्यक्रममार्फत बेलायतमा बसोबास गर्ने नेपाली श्रोताहरूको तिर्सना मेटाइरहेका छन् । प्रयासले केही वर्षभित्रै दुई दर्जनभन्दा बढी सांस्कृतिक कार्यक्रममा आफ्नो उपस्थिति जनाइसकेको छ । प्राकृतिक विपद्मा परेका नेपालीको सहयोगार्थ होस् अथवा बेलायतमै निधन भएका नेपालीको पार्थिव शरीर नेपाल पठाउने कार्यक्रममा होस्, यो समूहले सांगीतिक कार्यक्रममार्फत रकम संकलन गरेर आर्थिक सहयोगलाई निरन्तरता दिइरहेको छ ।

यो समूहमा सञ्जीव श्रेष्ठ ब्यान्ड म्यानेजरका रूपमा सक्रिय छन् । समूहले आयोजना गर्ने सांगीतिक कार्यक्रमको नेतृत्व उनैले गर्छन् । समूहका लिड गिटारिस्ट दीपक श्रेष्ठ संगीतको अभ्यास गर्ने क्रममा सबैभन्दा सक्रिय हुन्छन् । ओजेस सिंह पेसाले इलेक्ट्रोनिक इन्जिनियर भए पनि कुशल गिटारिस्टका रूपमा चर्चित छन् । समूहका अर्का गिटारिस्ट हुन्– राकेश श्रेष्ठ । रिदम गिटारिस्टका रूपमा सक्रिय राकेश मात्र होइन, समूहका मुख्य गायक अनिष सिंह पनि सांगीतिक कार्यक्रमका क्रममा निकै खटिन्छन् । अनिष समूहका एक मात्र गायक हुन् । समूहका अर्का सदस्य सुजन शाक्य भने साउन्डम्यानका रूपमा सक्रिय छन् । समूहमा दुई जना ड्रमर छन् । ऋषभ श्रेष्ठ तथा शरद् मोक्तानको सक्रियता सांगीतिक कार्यक्रमका क्रममा नै देखिन्छ । शरद्ले नै समूहको नामकरण गरेका हुन् भने ऋषभचाहिं समूहकै सबैभन्दा कान्छा सदस्य हुन् ।

## ● तालुमा आलु ●



प्रकाश ओझा

एक व्यक्ति एउटा घरमा गयो। घण्टी बजायो। एउटा दस वर्षको बालक बाहिर आयो।

'के भयो ?' बालकले कानेखुसी गर्दै सोध्यो।

'मम्मी घरमा हुनुहुन्छ ?'

'हुनुहुन्न।'

'बुबा हुनुहुन्छ ?'

'हुनुहुन्छ।'

'जाऊ बोलाऊ।'

'उहाँ अहिले आउन सक्नुहुन्न।'

'तिम्रो दाइ-दिदी कोही हुनुहुन्छ ?'

'हुनुहुन्छ।'

'त्यसो भए उहाँहरूलाई नै बोलाऊ।'

'उहाँहरू बिजी हुनुहुन्छ।'

'हजुरबा-हजुरआमा ?' 'धेरै बिजी हुनुहुन्छ।'

'यो एरियाको ठूला मानिस कोही छैनन् ?'

'छन्, पुलिस छन्, दुई जना चौकीदार छन् तर आउन मिल्दैन।'

'अचम्म छ.. घरमा यत्रा मानिस छन्, पुलिस चौकीदार छन् र पनि आउन मिल्दैन, के गर्दैछन् सबै ?'

'कान यता ल्याउनुस् त.... ' बच्चाले भन्यो, व्यक्तिले बिस्तारी कान उक्त बालकको मुखमा लग्यो।

'सबै जना मलाई खोज्दैछन्,' उक्त बालकले कानेखुसी गर्दै भन्यो।

०००

हामी सानोमा यति गरिब थियौं कि घर रुङ्न कुकुर पनि पाल्न सक्दैनथ्यौं,' एउटा बालकले भन्यो।

'अनि' अर्को बालकले भन्यो।

'राति कुकुरको साटो मम्मी-ड्याडी पालैपालो भुक्नुहुन्थ्यो रे।'

०००

एउटा कन्जुस व्यक्ति आफ्नो भविष्य जान्न चाहन्थ्यो। जब फिसको कुरा निस्कियो तब उसले ज्योतिषसँग भन्यो- 'यदि तिमीलाई मैले तिम्रो फिस ५० रुपैयाँ पहिले दिएँ अनि फेरि एकछिनपछि खोसें भने के हुन्छ ?'

'तिम्रो पहिले ५ लाखको चिट्ठा पर्छ अनि पछि हार्ट फेल भएर मर्छौ।' ज्योतिषले जवाफ दियो।

### मेरो कुरो

कसैले यस्तो कुरा गर्‍यो भने कुनै पनि हालतमा नपत्याउनुहोस्

- चिन्ता नगर्नुस् नडराउनोस् यो कुकुरले टोक्दैन...
- बाहिरै सुत्दा हुन्छ आज पानी पर्दैन...
- यदि मैले चुनाव जितें भने म वचन दिन्छु....
- खोइ तपाईंको मोबाइल दिनुस् त, म मिसकल गर्छु....
- सानो बैठक हो आधा घण्टामै सकिन्छ....

## ● कविता ●


### बाँचेन पनि अलिकति



शान्ति मर्‍यो, देश रोयो हाँसेन पनि अलिकति
बुद्धको देश भनी बाँचेन पनि अलिकति
डम्फु, मादल, सहनाईका मंगलधुन बज्दा
आँसु मात्र झारिरहयो नाँचेन पनि अलिकती
रित्तिनु त रित्तिसके अब बाँकी के नै रहयो
आफ्नो लागि भनेर त साँचेन पनि अलिकति
देशलाई यस्तै गरी सयौं पटक फेल गरे
हेर्नु त पर्ने थियो तर जाँचेन पनि अलिकति
कुटिरहे निर्दयीले देशलाई यसरी सधैं
थापिरहयो लाठीहरू भाँचेन पनि अलिकति।

-एकलव्य राज

### दुखेर रोएँ



मायाको सागर सुकेर रोएँ
जिन्दगी मेरो दुखेर रोएँ
दिन्छु भन्थ्यौ तिमीले साथ
तिमीले मलाई थुकेर रोएँ
वाचा हार्नु मैले नै रै'छ
दुनियाँसामु चुकेर रोएँ
नयाँ साथी तिमीले रोज्यौ
एक्लै एक्लै म लुकेर रोएँ
तिमीले लात मलाई हानी हाल्यौ
ठाडो शिर मेरो झुकेर रोएँ
बदनाम मलाई बनाएर गयौ तिमी
उपहासका पानाहरू फुकेर रोएँ।


- सञ्जीव थपलिया

### धेरै रोइन् चेली

पतिको लास उठाउँदा धेरै रोइन् चेली
हातको चुरा फुटाउँदा धेरै रोइन् चेली
आफ्नो पति मर्‍यो, उनको दशा ठूलै रै'छ
लास जलाई फर्किएको मलामीको हूलै रै'छ
परिवारमा तिरस्कार समाजमा पनि
जहाँ गयो उहीँ घृणा कहाँ जाऊन् उनी
आफ्नो लोग्ने टोकिस् भन्दै गाली गर्छिन् सासू
साथ दिने कोही नहुँदा झार्छिन् चेली आँसु
आफ्नो लोग्ने मर्नुमा उनको दोष केही थिएन
तर पनि समाजले आज उनलाई बाँच्न दिएन
अब अन्धो समाजको आँखा छिटै खोल्नुपर्छ
बेसहारा विधवाका निम्ति समाजले केही बोल्नुपर्छ।

-बद्री शिवाकोटी

### माली बनूँ



तिम्रो हितमा घन्किएको प्रशंसाको ताली बनूँ
मगमग फूल तिमी तिम्लाई थेग्ने डाली बनूँ
तिमी हाँस्दा संसारैमा खुसी फुलेजस्तो लाग्छ
जता पर्छ तिम्रो नजर क्षितिज खुलेजस्तो लाग्छ
तिम्रा मुखारविन्दुबाट निस्कने हर वाणी बनूँ
हजारौं फूलको माझ तिमी फूल एउटा
लाखौं तारा माझ तिमी जून एउटा
निगरानी राख्ने प्रेम बाटिकाको माली बनूँ
दुई मनको घरबार बनाएर धुरी एउटै
नघटोस् कहिल्यै सामीप्यको दूरी एउटै
हुरी छेक्ने आँधी छेक्ने मझेरीको पाली बनूँ।

- नवराज सारथी

### पहाडको कथा



## ● लघु कथा ●

घामको स्पर्श पाइने छनक पाएपछि पहाडले सोच्यो- मैले हिउँको थिचाइबाट मुक्ति पाउनुपर्छ।' जमेर बसेको छ हिउँ पहाडको शरीरमा लमतन्न। पहाड पनि वर्षौंदेखि बोक्सीको ऐठन सहेर थिचिएर बसेको छ। हिउँले पहाडलाई 'तँ, भन्छ, पहाडले हिउँलाई 'तपाईं भन्नुपर्छ। यो परम्परा पनि मन परेको छैन पहाडलाई।

प्रत्येक जसो जाडोको रातमा 'ऐया' भन्न पनि नपाई, 'भयो' भन्न पनि नदिइ हिउँ परेको पर्‍यै गर्छ पहाडमाथि। चेतना मनले मुक्तिको कुरा उठायो। सनातनदेखिको यो बोझ किन बोक्ने ? प्रकृतिले दिएको उपहार पो हो कि ' मनको अर्को कुनाबाट हिउँको गह्रुङ्गोपन माया लाग्दो भएर आयो।

भावनामाथि काइपरेर जमेको थियो हिउँको दोलाई, भुइतिर हुत्याउन हिम्मत जुटाउन सकेन पहाडले। पहाडले सोच्यो- 'हिउँ नभएको भए पहाड अजेय हुने थिएन होला। हिउँ अरुका लागि चिसो भए पनि मेरा लागि त न्यानै छ।' पहाडले गहिरिएर सोच्यो- 'जे छ ठीकै छ।'

यसरी मुलुकभित्रका धेरै पहाडहरूमध्ये एउटाले यथास्थितिसँग सम्झौता गरे पनि, बाँकी पहाडहरूको मनमा विद्राहको आगो जस्ताको त्यस्तै छ।

-सुविद गुरागाई

# कमाउन जाँदा सास्ती

बर्दिया गुलरियाकी सुकमती सुनारलाई आफ्नो गाउँ छाडेर विदेसिने रहर थिएन, तर गरिबीबाट मुक्ति र सुखी जीवन बिताउने चाहना थियो। विदेश पठाउने कमिसन एजेन्टले सजिलैसँग महिनाको १० हजार आम्दानी हुन्छ भन्ने आर्थिक प्रलोभन देखाएपछि उनले कुवेत जाने निधो गरिन्। कुवेतमा पुग्दा उनका सबै सपना चकनाचूर भए। न भनेजति आम्दानी हुने काम पाइन्, न त कल्पना गरेझैं गरिबीबाट मुक्ति। बरु थप दुःख-कष्ट भोगेर घर फर्कनुपर्‍यो। सरसापट खोजेर त्यहाँ पुगेकी सुकमतीले त्यहाँ शारीरिक एवं मानसिक यातना भोग्नुपर्‍यो। 'सजिलो काम गरेर धेरै पैसा कमाइन्छ भनेर गइयो,' २८ वर्षीया सुकमती भन्छिन्– 'काम गरेको पैसा माग्दा मालिकले उल्टै पिट्यो।'

आफू र आफ्ना परिवारको सुखद् भविष्यका लागि दलालमार्फत् खाडी मुलुक कुवेत पुगेका उनी जस्ता धेरै महिलाले यस्तो पीडा भोग्नु परेको छ। ठूलो परिवारको घरमा दैनिक १७ देखि २० घण्टासम्म काम गर्नुपरेको बताउँदै सुनार भन्छिन्- 'सत्र महिनासम्म नारकीय जीवन बिताई फर्कनुपर्‍यो।'

पैसा कमाउने सपना बोकेर भारत पुग्ने महिलाहरूको संख्या समेत धेरै छ। उनीहरूले भोग्नुपरेको नियति पनि योभन्दा फरक छैन। नारायण नगरपालिका दैलेखकी पवित्रा अधिकारी दलालमार्फत मुम्बई पुगेकी थिइन्, तर उनी श्रमशोषणका साथै शारीरिक शोषणको सिकार हुनबाट मुस्किलले जोगिएर फर्किएको बताउँछिन्। अधिकारी भन्छिन्-'राम्रो काममा लगाइदिन्छु भन्ने बहानामा दलालले मुम्बई पुर्‍याएर अलपत्र पारेर छाड्यो।'

दलालले हरेक महिना डेरा सारेझैं काम सारिदिन्थ्यो। उसले भनेझैं काम नगरी प्रतिवाद वा कतै हिंड्ने प्रयत्न गरे मार्नेसम्मको धम्की दिने गरेको अधिकारीले बताइन्। 'काम गरेबापत पैसा नदिएपछि धेरै पटक भाग्ने प्रयास गरें,' अधिकारी भन्छिन्- 'धेरै दुःखका साथ डेढ वर्षपछि मात्र भाग्न सफल भएँ।' उनी गाउँमा आएको अपरिचित व्यक्तिको भनाइमा लागेर विदेश पसेकी हुन्। बम्बई लाने दलालले उनलाई शारीरिक यातना मात्र होइन, यौनशोषण गर्ने प्रयाससमेत गरेको सावित्राले बताइन्।

गरिब भएकै कारणले समाजमा अपहेलित महिला खाडीबाट फर्किएपछि थप अपमानित अवस्थामा छन्। शारीरिक एवं चारित्रिक लाञ्छना लगाएर समाजले



उपेक्षा गर्दाको पीडा विपन्नताभन्दा चर्को छ। घरको आर्थिक अवस्था सुधार्ने जिम्मेवारी बोकेर पैसा कमाउन विदेश पुगेकी बर्दिया शीतलाबजारकी आस्था (नाम परिवर्तन) नेपाल फर्किए पनि सम्मानित जीवन बाँच्न नपाएको गुनासो गर्छिन्। 'विदेशमा काम गर्न जति दुःख थियो फर्किएपछि गाउँमा बस्नु उत्तिकै कठिन छ'– उनले भनिन्।

अविवाहित हुँदै विदेश गएर फर्किएपछि वैवाहिक सम्बन्ध गाँसेकी आस्थालाई घरमा सासूले सकारात्मक रूपले हेर्दिनन्। त्यसले परिवारभित्रै ठूलो मानसिक पीडा सहनुपरेको उनको अनुभव छ। आस्था भन्छिन्- 'सासूले कुरैपिच्छे विभिन्न लान्छना लगाउँदै दुर्व्यवहार गर्छिन्। कुवेतमा डेढ वर्ष बसेर दुई वर्षअघि स्वदेश फर्किएकी आस्थाले लोग्नेको चित्त बुझाउन सके पनि अरूका आँखाको कसिङगर बन्नुपरेको छ।

लोग्नेले समेत घरको रेखदेख नगरेपछि रोजगारी खोज्दै अरब पुगेकी थिइन्, कण्ठपुरकी नैनसरा सुनार। 'पढेलेखेकी थिइनँ, नराम्रो काममा दलालले विदेश पुर्‍यायो।' गाउँकै दलालमार्फत अरब पुगेकी नैनसराले भनिन्- 'त्यहाँ लगेर दलालले पैसासमेत खाइदिए। बिचल्लीमा परेपछि रित्तै फर्किनुपर्‍यो।'

वैदेशिक रोजगारीमा युवालाई मात्र होइन, वृद्धहरूलाई समेत दलालले ठगेका छन्। गुलरियाकी ६५ वर्षीया देवीसरा गिरीले कुवेत पुगेर, राम्रो आम्दानी होइन शारीरिक एवं मानसिक यातना भोग्नुपर्‍यो। महिला दलालमार्फत कुवेत पुगेकी यी वृद्ध मालिकमा कुटाइकै कारण अझै पनि जीउ दुख्ने समस्या छ। झन्डै दुई वर्ष परदेशमा बिताएर तीन महिनाअघि नेपाल फर्किएकी देवीले भनिन्- 'सबैले बूढी मान्छे नजा भन्दा-भन्दै गएँ, अहिले रोगी भएर बस्नुपरेको छ।'

यस्ता दलालमाथि कारवाही नहुँदा गाउँघरका सोझा महिला बारम्बार ठगिँदै आएका हुन्। महिलालाई खाडीक्षेत्रमा काम गर्न प्रतिबन्ध लगाए पनि दलालको विश्वासमा विदेसिने एवं शोषणमा पर्नेहरूको संख्या घटेको छैन। सरकारले वैदेशिक रोजगारीलाई व्यवस्थित एवं सुरक्षित गर्न नसकेको महिला विकास अधिकृत शोभा शाह बताउँछिन्। शाह भन्छिन्- 'दलालहरूलाई खोजी-खोजी कार्वाही गर्नुपर्छ।'

**'सहअस्तित्व' बुलेटिन, क्षेत्रीय सञ्चार स्रोत केन्द्र, नेपालगन्ज**

## ● सन्देश ●

निशा, मुटुभरिको माया, तिमीलाई चाह नै छैन तर पनि हेर न, म आजसम्म तिमीलाई चाहिरहेको छु। मेरो अन्तरहृदयमा तिमी छौ। मेरो मायालाई बुझ्ने प्रयास गर।

**विनोद**

मेरा सम्पूर्ण आफन्तजन एवं इष्टमित्र, मलाई चिन्नुहुने तथा चिनेर पनि नचिनेझैं गर्नेहरूमा हार्दिक शुभकामना एवं सम्झना। विशेषतः एस... लाई।

**केशवराज**

सोमबार बिहान टिचिङ हस्पिटलमा टिकटको लाइनमा बसेकी ढाडको उपचार गर्न आएकी एउटी सुन्दरी केटी, नाम शान्ति हो ? भनेर सोद्धा आफ्नो नाम थाहा छैन भन्ने अनि १२ मा पढ्छु भन्नेलाई असल साथी बनाउन चाहन्छु। प्लिज कन्ट्याक्ट गर ल।

**राहुल**

सुनिता, तिमीले विश्वासघात गरे पनि मरुभूमिमा पानी नपरे पनि, म मरुभूमिको धूलो भए पनि तिमीलाई माया छ, हिमालझैं अग्लो र समुद्रको गहिराइभन्दा पनि बढी विश्वास गर्नु मैले सजाय पाउनु रहेछ, भूल मेरै थियो, तिम्रो रूप चिन्न सकिनँ।

**भक्त**

साँघुरो यो यात्रामा ठक्कर



खाएर लड्दा उठाउने कोही हुन्नन्, म त लडिसकें, तिम्रो माया खोलाझैं बाङ्गियो, मेरो भन्नु केही छैन, दोष त मेरो आफ्नै भाग्यको थियो। दिन मैले के नै पो सकें, आज दिंदैछु शुभकामना। उपहार मेरो सिन्दूर तिमीलाई पराई हातले दिनेछ।

**अज्ञात**

स्कुलका मेरा सम्पूर्ण साथीहरूलाई आज म सम्झिरहेको छु। सञ्जित, विष्णु, श्याम, गोविन्द, वसन्त, दीपक, सुरज, रेजिना, लक्ष्मी, गीता, सीता, शोभा, अनिता, उमा, इजन, अनमोल, अञ्जली लगायत सबैलाई।

**सुधांशु**

काठमाडौंबाट पोखरा जाने बसको क्याबिनमा बस्ने, पछाडि फर्केर नजर दिइरहने र गगनगौंडा पुगेर ओर्लने खैरो ओभरकोट लगाएकी लेडीलाई तु सम्पर्क गर्न अनुरोध छ।

**कालो ज्याकेट लगाउने**

**सूचना**

**प्रेम दिवस (भ्यालेन्टाइन डे) १४ फ्रेबुअरीका अवसरमा आफ्ना हितचिन्तक प्रेमी-प्रेमिकालाई शुभकामना सन्देश दिन चाहनेहरूले आफ्नो सन्देश माघ २४ गतेसम्म साप्ताहिकको कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध गरिन्छ।**

**–सम्पादक**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

[redacted]

[redacted]

नाम : ..................................................

उमेर : .............................. उचाइ : ..............................

पेसा : .............................. शिक्षा : ..............................

स्वभाव :.............................. वैवाहिक स्थिति : ..............................

अभिरुचि : ..............................वर्ण : ..............................

इमेल : ..................................................

ठेगाना :..................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..................................................

..................................................

**नोट** : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## ● जीवनको गोरेटोमा ●

# कलेजको पहिलो दिन

मैले वि.सं. २०६२ सालमा विद्यार्थी जीवनको फलामे ढोका मानिने एसएलसी परीक्षा दिएँ।

परीक्षादेखि परीक्षाफलसम्मको खाली समयलाई सदुपयोग गर्न काठमाडौं गई कम्प्युटर सिक्न थालें, परीक्षाफल कुर्दै। परीक्षा सकिएको तीन महिनापछि वा असारको तेस्रो साता परीक्षाफल प्रकाशित भयो। मैले नेटबाट थाहा पाएँ म दोस्रो श्रेणीमा उत्तीर्ण भएँ। कलेज जान पाउने भएपछि हृदयदेखि नै खुसी भैरहेको थिएँ, यही खुसीकै बीचमा मलाई जन्डिसले संक्रमण गर्‍यो र खुसीका ठाउँमा चिन्ता लाग्न थाल्यो। त्यसैले म कम्प्युटर छाडेर घर फर्किएँ। त्यसबेला साउन महिनाको सुरु थियो। त्यसै महिनाको १५ गतेदेखि सदरमुकामको कलेज खुल्ने भनिएको थियो।

दिनहरू एकपछि अर्को गर्दै बित्दै थिए। मेरो कलेज जाने सपना पूरा गर्न साउन १५ आयो। यसबेला मेरो रोग पनि अलि कम भैसकेको थिए तर शरीर भने कमजोर नै थियो। जीवनमा पहिलोपटक कलेज जाने दिन, नयाँ वातावरणमा नयाँ साथीहरू र सरसँगै बसेर पढ्ने मेरो चाहना पूरा भएको दिन कापी-किताब च्यापेर कलेजतर्फ लागें। त्यतिखेर बिहानको पाँच बजिसकेको थियो। छ बजेदेखि कलेजमा क्लास स्टार्ट हुने भनिएको थियो भने मेरो घरबाट कलेज पुग्न लगातार एक घन्टा हिंड्नुपर्थ्यो तर म भने कमजोर अवस्थामा थिएँ। बाटोमा हिंड्दा रिंगटा लाग्यो। म छिटोछिटो पाइला चलाउन सक्दिनथें। त्यसैले बीच बाटोमा पुगेपछि सँगै गएका साथीहरू सबैले ढिला भयो तिमीचाहिँ बिस्तारै आउँदै गर भन्ने सल्लाह दिंदै मलाई छाडेर अघि बढे।

म एक्लै भएँ तैपनि मैले आफ्नो कदम चलाउन भने



छाडिनँ। यसरी पाइला अघि बढाउँदा बढाउँदै कलेज आइपुग्यो। म पनि आर्ट फ्याकल्टीको कक्षामा गएर बसें। सबै साथीहरू नौला थिए अनि ठाउँ र सरहरू पनि नौलै थिए, कोही चिनेका साथी आर्ट फ्याकल्टीमा थिएनन्। उही उमेर र कक्षाका भएर होला सबै साथीसँग केहीबेरमै आपसमा घुलमिल भैहालियो। केही बेरपछि कक्षामा सर आउनुभयो।

कक्षाबाट सर बाहिर निस्कने बेला म पनि बाहिर निस्कन्थें र कहिले साथीहरूसँग गफ गर्थें त कहिले नयाँ साथीहरूसँग होटलमा चिया खान गइन्थ्यो। कक्षामा सबै साथीहरू नयाँ-नयाँ अनुहारका भएका कारण नौलो संसारमा आएझैं लाग्थ्यो त कहिले उनै नयाँ साथीहरूसँग रमाई-रमाई पढ्न पाउँदा खुसीको आभास हुन्थ्यो। कलेजको पहिलो दिन हाँसो ठट्टा र नयाँ-नयाँ साथी बनाएर बित्दै थियो। बिहान ९:२० बज्यो र कलेज छुट्टी हुन अन्तिम घण्टी लाग्यो। साथीहरू कलेज छुटेर घरतर्फ हिंडे। म पनि आफ्नो ब्याग बोकेर आफ्नै घरतर्फ पाइलाहरू अगाडि बढाएँ ती नयाँ साथीहरूसँग भोलि भेट्ने वाचा गर्दै।

कलेजमा पढ्दापढ्दै नयाँ परिवेशमा सजिलै घुलमिल हुने र मनमा लागेका कुराहरू प्रस्फुटन गर्ने क्षमता विकास हुँदो रहेछ। स्कुले जीवनको त्यो निश्चित बन्धनमा बाँधिदाबाँधिदै कलेज पुग्दा कलेजको खुला परिवेशले कताकता संसार जितेको अनुभव पनि हुँदो रहेछ। हाल म त्यही कलेजमा आर्ट्समा आईए प्रथम वर्षमा अध्ययनरत छु। मेरो कलेजको पहिलो दिन मेरो जीवनको अविस्मरणीय क्षण बनेको छ।

**– सुरेन्द्र**

## ● साथी ●



[redacted]



# मुक्तिक्षेत्रको पदयात्रा

नेपालका असंख्य पैदल मार्गमध्ये मुक्तिक्षेत्र बहुप्रचलित मार्ग हो। धार्मिक महत्त्व भएका कारण र यो क्षेत्रको पदयात्रा अरू मार्गभन्दा कम जोखिम भएकाले नेपालीहरू बढीजसो साउनदेखि पुससम्ममा यहाँको यात्राका लागि आउने गरेका छन्। मुक्तिक्षेत्र पुग्न बेसीसहर र पोखराको पदमार्गमध्ये पोखराको पदमार्ग बढी प्रयोग हुने गरेको छ। पोखराबाट जाने बाटोमा ठाउँ-ठाउँमा होटलहरू खोलिएको हुँदा अधिकांश पदयात्रीले यही बाटो रोज्छन्।

पोखराबाट जोमसोमको पैदल दूरी करिब एक सय किलामिटर छ। सामान्य पैदलयात्रीलाई यो दूरी पार्न गर्न तीन दिन लाग्छ। विभिन्न स्थानमा बास बसी पोखराबाट यात्रा सुरु गरेको तेस्रो दिन जोमसोम पुगिन्छ। जोमसोमबाट कालीगण्डकीको तीरैतिर दुई घन्टापछि एक्ले भट्टी भन्ने ठाउँमा पुगिन्छ। त्यहाँ दुईवटा बाटा भेटिन्छन्। माथिल्लो बाटो कागबेनी हुँदै मुक्तिक्षेत्र पुगिन्छ।



त्यसैगरी तल्लो बाटोबाट झारकोट हुँदै मुक्तिक्षेत्र पुगिन्छ।

झारकोटबाट दुई घन्टाको पैदलपछि मुस्ताङ जिल्लाको थोराङला गाविसस्थित पवित्र तीर्थस्थल मुक्तिक्षेत्र पुगिन्छ। मुक्तिक्षेत्र बौद्ध र हिन्दू दुवैका लागि आस्थाको केन्द्र रहँदै आएको छ। हिन्दूहरू मुक्तिनाथलाई भगवान् विष्णुका रूपमा मान्छन् भने बौद्धमार्गीहरूले चुमिङ ग्यात्से भनी श्रद्धा गर्छन्।

पौराणिक कथाअनुसार सतीदेवीको श्रापबाट मुक्ति पाउन भगवान् विष्णु यही ठाउँमा आएर तपस्या गरिएको ढुङगाको रूप धारण गरेर बसेका थिए। यो मन्दिर परिसरमा रहेका १ सय ८ वटा धारामा स्नान गरेमा आफूले गरेको पाप पखालिन्छ भन्ने धार्मिक विश्वास छ। मुक्तिनाथको मन्दिरसँगै रहेको शिव-पार्वती मन्दिर भने पूर्ण रूपमा हिन्दू धर्मको आस्थाअनुसार बनाएको छ। उक्त मन्दिरका चार दिशामा विष्णु, राम, कृष्ण र गणेशका साना मन्दिरहरू निर्माण गरिएका छन्। मुक्तिक्षेत्रको विशेषताका रूपमा ज्वालामाई मन्दिरलाई लिइन्छ। यहाँ वर्षौंदेखि प्राकृतिक रूपमै माटो, पानी र ढुङ्गामा आगो बलिरहेको देख्न सकिन्छ।

मुक्तिक्षेत्र वरिपरि चार हजार मिटरको उचाइमा पनि उम्रिएका हरिया रूखहरू हेर्न र मनन गर्न लायकका छन्। तिब्बती लामा गुरु रिम्पोचेले वर्षौंसम्म यही स्थलमा ध्यान गरेका कारण यहाँ ध्यान गर्न धेरै बौद्धमार्गीहरू पुग्छन्। भदौ महिनामा यो ठाउँमा यार्तुङ (घोडादौड) हुन्छ। हिन्दूहरू कागबेनीलाई पितृश्राद्ध गर्ने सबैभन्दा उत्तम स्थान मान्छन्। मुक्तिनाथबाट फर्केर कागबेनीमा श्राद्ध गर्नाले पितृको उद्दार हुन्छभन्ने जनविश्वास छ।

**–रविन राचलिका**

# तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. कस्ता युवती राम्रा हुन्छन् ? किन ?
२. कस्ता युवक राम्रा मानिन्छन्, किन ?
३. महिलाहरू बुद्धिमान् हुन्छन् कि पुरुष ?
४. नेपालको राजनैतिक हिरो को हो ? किन ?
५. प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ? किन ?
६. सबैभन्दा ठूलो धर्म के हो ?
७. प्रेमी-प्रेमिकाविहीन जीवन कस्तो हुन्छ ?
८. नसालु आँखाले मोहित हुनुहुन्छ कि तपाईंलाई मुस्कानले भुतुक्कै बनाउँछ ?
९. काली युवती र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ? किन ?
१०. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?

नयाँ नेपाल अर्थात् एउटा नयाँ शब्द थपिएको छ अरू केही भएको छैन। उही गरिबी, उही महँगी अनि उही अत्याचार, भ्रष्टाचार, माथिको मान्छे माथिको माथि, तलकाले खान पाएको छैन। साँच्चै भन्नुपर्दा नयाँ नेपाल सडेको अण्डा सरी भएको छ जुन बाहिर त राम्रो हुन्छ तर भित्रभित्रै बिग्रिसक्छ।

**अनुप प्रेमी, भीमढुंगा**

नयाँ नेपाल कोल्डस्टोरबाट फालिएको कुहिएको साग जस्तो लागिरहेछ। किनभने नेपालका सबै नेता पागल छन्।

**देवराज ढकाल, इनरुवा**

साह्रै रमाइलो, किनकि जसले जे गरे पनि हुने, कुनै नियम र कानुनभित्र बस्नु नपर्ने, कसैको डर त्रास नहुने, बन्द र हडताल गर्न पाइने, भएकाले नयाँ नेपाल रमाइलै छ।

**असीमबाबु श्रेष्ठ** (२२), **काठमाडौं**

खै कस्तो भन्नु र सम्पादकज्यू, हाम्रो गाउँलाई हेरेर त म भन्नै सक्दिनँ, किनभने हाम्रो गाउँमा कुनै परिवर्तन देखिएको छैन तर पनि मिडियामार्फत् राजधानीका नेताहरूका कुरा सुन्दाचाहिँ नयाँ नेपाल रमाइलै लागिरहेछ।

**मीनबहादुर परियार, जमदह, सिरहा**

के भन्ने ? नयाँ नेपाल त नयाँ नेपाल भैगयो नि, सबै आ-आफ्नै तालमा छन्। कसैलाई कसैको वास्ता छैन। सबै आफ्नो बाटोमा तीव्र गतिमा अघि बढिरहेका छन्। देशलाई हेर्ने कसैको फुर्सद छैन। हाम्रो देश चलाउने ठूलाबडालाई त थाहा छैन नयाँ नेपाल कस्तो छ भनेर ? म कसरी भनूँ ?

**एस.ए.पी.**

प्रचण्डबाबुसँग सोध्नुपर्छ, उहाँले नै नयाँ नेपालमा सबैभन्दा बढी मस्ती गरिरहनुभएको छ।

**पी.के.जी.**



लामो जंगलको बिग्रिएको बाटोमा ब्रेक, टायर, ट्युब कमजोर भएको बसमा यात्रा गरिरहेको छु जस्तो लागिरहेछ। कहाँ कतिखेर के हुन्छ, भन्न सकिँदैन।

**सुदीप पौडेल, महोत्तरी**

नयाँ नेपाल त माओवादीहरूले भोगिरहेका छन्, उनैसँग सोध्नुस् न।

**कपिल गौतम**

नेपाललाई नौटंकी बनाइरहेका छन्।

**अमन पुन, कालोपुल, काठमाडौं**

नयाँ नेपालमा अब नेता मात्र नयाँ चाहिएको छ।

**राजकुमार राई**

अहिले नयाँ नेपाल बन्यो, भोलि अर्को आएर सुपर नेपाल बनाउँछु भन्छ। पर्सि डब्बल पावर नेपाल बनाउने कुरा होला, यस्तै त हो गफ गर्ने मेलो।

**सुमित ढकाल**

सपना देख्ने छुट सबैलाई छ है ?

**विक्रम लिम्बू**

नयाँ नेपालमा मधेश र हिन्दू धर्मलाई अझ बढी हेपिँदैछ।

**सुन्दरलाल दास** (२४), **जनकपुरधाम**

नुन खाएको कुखुरा जस्तो।

**शान्ति श्रेष्ठ, मध्यपुर, थिमी**

नयाँ नेपाल भन्नु मात्र, खेल उही, खेलाडी उही, भन्छन् नि नयाँ बोतलमा पुरानो रक्सी।

**किरण थापा**

हात्ती छाप चप्पल र हात्ती जस्तै जस्तै हो सम्पादक बाजे।

**शमशेर राई** (१९)

डान्स र क्याबिन उठाए, मसाज पार्लर हराए, क्यासिनोदेखि फुटपाथे व्यापारसम्ममा धाबा बोले त्यसैले अब सबै नेपाली राम-सीताका अवतार भैसकेका छन्। यही हो नयाँ नेपाल।

**कान्ति राना** (२३)

## ● यौन जिज्ञासा र समाधान ●

**प्रश्न : म २६ वर्षीय अविवाहित युवक हुँ। मेरा दुवै अण्डकोषमा लगभग पाँच वर्षयता बेला-बेलामा असाध्य पीडा हुन्छ। यस विषयमा मैले दुई वर्षअघि वीर अस्पतालमा चिकित्सकलाई देखाएँ र उहाँकै सल्लाहमा १० दिनसम्म औषधी खाएँ। यद्यपि समस्या ज्यूँका त्यूँ रह्यो। फेरि जाँदा नर्मल हो, ठीक हुन्छ, नआत्तिनु भन्नुहुन्छ। अति भएर तीन महिनाअघि अर्को एक अस्पतालमा अर्को चिकित्सकलाई देखाएँ तर उहाँ पनि केही छैन भन्नुहुन्छ। खासै सुन्निएको त हुँदैन तर कडा, अररो भै छुँदा वा हिँड्दा दुख्छ। मैले हालसम्म यौनसम्पर्क गरेको छैन तर कहिलेकाहीं हस्तमैथुन गर्छु। कि यसै कारणले पीडा भएको हो ?**

**—प.**



डा. राजेन्द्र भद्रा

**उत्तर : अण्डकोष र** scrotum **एउटै कुरा हुन् ?**

कतिपयले अण्डकोष र scrotum लाई एउटै कुरा मान्छन् तर वास्तवमा कुरा त्यसो होइन।

अण्डकोष पुरुषमा भएको एक प्रमुख प्रजनन अंग हो। शुक्रकीटको उत्पादन यहीँ हुन्छ र पुरुषत्व प्रदान गर्ने हार्मोन पनि। यो लिंगको फेदनिर झुन्डिएको छालाको पातलो थैलीभित्र हुन्छ। यस्तै १०-११ वर्षको उमेरदेखि यसको विकास सुरु हुन्छ र अण्डकोषको विकासले व्यक्ति किशोरावस्थामा प्रवेश गरेको संकेत गर्छ। किशोरवस्थाभरि यो बढ्ने क्रम निरन्तर चल्छ। यसको आकार अलि चेप्टो अण्डाआकारको हुन्छ। १० देखि १४ ग्राम तौल भएको यो अंगको आयतन सालाखाला ४x३x२ दशमलव ५ सेन्टिमिटर हुन्छ। यसभन्दा केही बढी र केही कम हुनु पनि सामान्य नै हो। अण्डकोषका आयतन तथा आकार व्यक्ति-व्यक्तिअनुसार फरक-फरक हुन्छ, जस्तो कि हाम्रो स्वरूप र उचाइ फरक-फरक हुन्छ। फेरि दुवै अण्डकोष पनि समान आकार वा आयतनका हुँदैनन् र यसमा केही भिन्नता हुनु सामान्य नै हो। त्यसैगरी अण्डकोष समान रूपमा झुण्डिएको नभै एक अण्डकोष केही माथि र अर्को केही तल हुन सक्छ।

माथि नै भनिसकियो कि अण्डकोष एउटा पातलो छालाको थैलीमा हुन्छ। यही थैलीलाई नै अण्डकोष थैली अर्थात् अंग्रेजीमा scrotum भनिन्छ। मूलतः अण्डकोष थैलीको काम अण्डकोषलाई सुरक्षा प्रदान गर्नु हो। त्यसका अतिरिक्त यसको एक विशेष कार्य हुन्छ। वीर्य उत्पादनका लागि अण्डकोषको तापक्रम हाम्रो शरीरको भन्दा केही कम हुनु उत्तम हुन्छ। यसैले अण्डकोषको तापमानलाई नियन्त्रण गरेर राख्छ।

अण्डकोष र अण्डकोष थैली फरक कुरा हुन् भन्ने कतिपय व्यक्तिलाई थाहा नहुन सक्छ। स्वाभाविक रूपमा नै यी दुई सुन्निने अनि दुख्ने कारण पनि केही फरक हुन्छन्।

**तपाईंलाई के भएको होला ?**

तपाईंले पीडाको कुराबाहेक अन्य खासै लक्षण लेख्नुभएको छैन। अण्डकोष थैली सुन्निने कारणहरूलाई छोटकरीमा सूचीकृत गर्ने हो भने चोटपटक, हर्निया, हाइड्रोसिल, अण्डकोषको संक्रमण, भ्यारिकोसिल इत्यादिलाई लिन सकिन्छ। यी अवस्था एक मात्र अण्डकोषमा हुन सक्छन्। भ्यारिकोसिल भने विशेष गरेर दाहिनेतिर नभै बायाँतिर हुन्छ। अण्डकोष बेरिनेजस्तो स्थितिमा सुन्निनुका साथै एकदमै दुख्ने पनि हुन्छ यो एक आपत्कालीन स्थिति हो जुन तपाईंलाई भएजस्तो बुझिँदैन। तपाईंले चोटपटकको चर्चा पनि गर्नुभएको छैन, तसर्थ अन्य कारणको लेखाजोखा गरेर त्यसैअनुसार उपचार गर्नु आवश्यक हुन्छ।

तपाईंले यही समस्याका लागि चिकित्सकलाई देखाउँदा पनि उहाँहरूले खासै समस्या भएको नदेखेको र सामान्य नै भएको कुरा उल्लेख गर्नुभएकाले अनावश्यक रूपमा पीर नगर्नु नै उचित हुन्छ। शारीरिक रूपमा त्यस्तो अन्य कुनै रोग भएको भए उहाँहरूले पत्ता लगाइहाल्नुहुन्थ्यो होला।

**के यो यौन उत्तेजनाको कारणले हुनसक्छ ?**

हामी यौन उत्तेजित हुँदा हाम्रा यौन अङ्ग तथा त्यसवरिपरिको भागमा रक्तप्रवाह बढी हुन्छ। तपाईंलाई थाहै होला– लिङ्गको उत्तेजना पनि लिङ्गको विशेष तन्तुमा रगत भरिएकै कारणले हुन्छ। लामो समयसम्म यौन उत्तेजना हुँदा वा यौन उत्तेजित अवस्थामा लामो समयसम्म बस्नुपर्दा अण्डकोष, प्रोस्टेट ग्रन्थिमा बढी रक्तप्रवाहका कारणले तरल पदार्थ (lymphatic fluid) जम्मा हुन पुग्छ। यसले गर्दा केही मात्रामा यी अङ्गहरू सुन्निन्छन्। फलस्वरूप अण्डकोष वा यौनाङ्ग क्षेत्रमा केही पीडा भएको वा असजिलो वा भारीपन अनुभव हुन्छ। केही समयपछि यो आफै कम भएर जान्छ।

त्यसबाहेक एक किसिमको यौनरोग, जसलाई लिम्फोग्रानुलोमा भेनेरम भनिन्छ, को संक्रमणपछि पनि लसिका ग्रन्थि ठूलो हुने र लसिका रस सञ्चार राम्रोसँग हुन नसक्दा सुन्निन सक्छ। तपाईंको अहिलेसम्म यौनसम्पर्क नभएको आधारमा यौनरोग लागेको भन्न मिलेन। अनौपचारिक बोलीचालीको अंग्रेजीमा यसलाई blue balls भनिन्छ। लामो समयसम्म बढी रक्तप्रवाह भएर त्यहीँ रहँदा त्यसमा अक्सिजनको मात्रा कम हुन्छ, त्यसैले यो केही गाढा रंगको हुन्छ, त्यसैले blue balls भनिएको हो। हस्तमैथुनको कारणले यसो हुँदैन।

# गुल्जार सिरुबारी

**शिव शर्मा**

स्याङ्जा– आकर्षक पर्यटकीय गाउँ सिरुबारीमा पाइला टेकेपछि पाहुनाहरूलाई गरिने स्वागत-सत्कारले जो पनि हर्षले गद्गद हुन्छन्। गएको साता सिरुबारीमा बेग्लै उल्लास थियो। गाउँमा पुगेका पाहुनाको टोलीलाई स्वागतद्वार बनाएर बसेका गाउँलेले नौमती बाजा बजाउँदै उनीहरूको भव्य स्वागत गरे।

पहिलो पटक सिरुबारी गाउँ पुगेका नृत्यनिर्देशक दिनेश अधिकारी गाउँको रमाइलो सांस्कृतिक पक्ष देखेर खुसी मात्र भएनन्, दुई दिनसम्म त्यहाँ रहँदा आमा समूह तथा युवा क्लबले राखेका हरेक सांस्कृतिक कार्यक्रममा सहभागी भएर कम्मर भाँचेर नाचे। हाम्रो यही सांस्कृतिक पक्षले नै पाहुनाहरू आकर्षित हुने गरेका छन् नवयुवा क्लबका अध्यक्ष सुनिल गुरुङले भने- रमाइलो संस्कृति सिरुबारीको चिनारी नै हो।

गाउँमा हिरो गाउँले एक-आपसमा मुखामुख गर्दै थिए। हो पनि, चलचित्रको पर्दामा मात्र देखिने नायक दिलीप रायमाझीलाई आफैं घरको आँगनमा पाउँदा गाउँले अचम्म पर्नु स्वाभाविक पनि थियो। सञ्चारकर्मी सरस्वती गुरुङको संयोजनमा नायक रायमाझीसँगै नृत्य निर्देशक दिनेश अधिकारी, व्यवसायी उपेन्द्र कार्की आदिको एक टोली रमणीय पर्यटकीय गाउँ सिरुबारी पुगेको थियो।

पाँच वर्ष अघिदेखि नै सिरुबारी जाने आकांक्षा सँगालेका नायक रायमाझी यसपटक बल्ल इच्छा पूरा भएकोमा त्यत्तिकै खुसी देखिन्थे। अधिराज्यकै पहिलो नमुना पर्यटकीय गाउँ सिरुबारीमा पाइला टेक्नेबित्तिक्कै रायमाझीले भने- 'आहा ! निकै सुन्दर पो रहेछ सिरुबारी गाउँ।'

'हाम्रो गाउँमा चलचित्रको हिरो, चलचित्रमा त हेरेको थिएँ तर सामुन्ने कहिल्यै देखेकी थिइनँ,' सिरुबारीकी ५९ वर्षीया आनन्दकुमारी गुरुङले भनिन्- 'आफ्नै गाउँमा बसेर चलचित्रको हिरो हेर्न पाइयो।' उनीहरूले



चलचित्रको पर्दामा हिरो-हिरोइनलाई देखे पनि यसरी आफ्नो गाउँमा आएको देख्न पाएका थिएनन्। गाउँका महिलाहरू अरू सबै काम छोडेर हिरोलाई हेर्न तछामछाड गर्दै थिए। त्यसै गरी हिरोसँगै तस्बिर खिचाउनेहरूको पनि गाउँमा होडबाजी चल्यो। स्थानीय सहिद उच्च मा.वि.का प्रधानाध्यापक प्रेमप्रसाद उपाध्याय पनि रायमाझीका खाँटी फ्यान रहेछन्। रायमाझीसँग हात मिलाउँदै उनले भने- 'तपाईंको अभिनय धेरै राम्रो लाग्छ।'


दुई दिनको बसाइमा नायक रायमाझी गाउँलेको आतिथ्य एवं सत्कारमा मग्न भए। पञ्चै बाजा, सोरठीदेखि दोहोरी गीतमा उनले नाच्न कुनै कसर बाँकी राखेनन्। हिरोसँग नाच्न युवतीहरू त्यतिकै तछाडमछाड गर्दै थिए। बुढ्यौलीले छोपेकी ८५ वर्षीया मैना गुरुङ पनि फुर्ती निकालेर हिरोसँग कुममा कुम जोड्दै नाच्न तम्सिइन्। स्थानीय आमा समूहकी कोषाध्यक्ष समेत रहेकी गुरुङले भनिन्- हिरोसँग नाच्दा चलचित्रमा नाचेझैं लाग्यो।'

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गर्दैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576



# मोटरसाइकल मोह



छोराछोरीलाई स्कुल पुऱ्याउने चटारो होस् वा कार्यालय धाउने हतारो नै किन नहोस्, जस्तोसुकै कामका लागि पनि मोटरसाइकलको आवश्यकता सहरी क्षेत्रमा अनिवार्यजस्तै भएको छ। कामकाजीको हकमा आवश्यकता, तन्नेरीका लागि सौख र महिलाका लागि स्वतन्त्रताको अनुभूति दिलाउने साधनका रूपमा मोटरसाइकलको आकर्षण एवं उपयोगिता दिनहुँ चुलिँदो छ।

'दैनिक जीवन सञ्चालनको अनिवार्य अङ्ग बनिसक्यो', पसलअगाडि पार्किङ गरिएको रातो रंगको बजाजतर्फ इंगित गर्दै मेचीनगर-८ का राजेश राउतले भने- 'मोटरसाइकलविनाको जीवन कल्पना गर्न गाऱ्हो छ।' विगत दुई वर्षदेखि मोटरसाइकल चढ्न थालेका राउत मोटरसाइकल प्रयोगकर्ताहरू दिन-प्रतिदिन बढिरहेको दाबी गर्छन्। मेचीनगर-१० मा भेटेरीनरी व्यवसाय सञ्चालन गरेर बसेका राजेश भन्छन्- 'मोटरसाइकलको प्रयोगले हरेक काम छिटो र छरितो हुन थालेको छ।'

सञ्चारकर्मी प्रेम आचार्यको अनुभव पनि राउतसँग मिल्दोजुल्दो छ। आचार्यको मोटरसाइकल चढ्ने सौख अहिले 'नभैनहुने साधन' का रूपमा परिणत भएको छ। उनले सञ्चारक्षेत्रमा कार्यरतहरूका लागि त झन् मोटरसाइकल अत्यावश्यक भएको दाबी गरे।

केही वर्षअघिसम्म पैदलै पसल र घर ओहोर-दोहोर गर्ने अनारमनीकी कमला श्रेष्ठको सान हिजोआज अर्कै छ। उनी पसल जाँदा होस् वा घर फर्कंदा स्कुटीमा हुइँकिन्छिन्। 'महिलाहरूका लागि अत्यावश्यक बनिरहेको छ', आफ्नो स्कुटी सुमसुम्याउँदै उनले थपिन् - 'यो चढ्न थालेपछि हरेक काम छिटो-छरितो हुन थालेको छ।'

महानन्दचोककी नानु बस्नेत केही काम पर्नै हुँदैन, सेल्फ स्टार्ट गर्छिन् र हुइँकिन्छिन्। 'यसले समयको भरपूर बचत गरेको छ', उनी अनुभव सुनाउँछिन्- 'जतिबेला पुग्नुपर्ने त्यही समयमा पुगिन्छ, क्या ढुक्क।'

मोटरसाइकल चढ्नेहरू आफ्नो जीवनशैलीमा समेत परिवर्तन आएको महसुस गर्छन्। 'मोटरसाइकल चढेर हिँड्दाको सानै अर्कै हुन्छ', दमकका रमेशमान श्रेष्ठले भने- 'एक्काइसौं शताब्दीमा पनि कोही पैदल हिँड्छ ?' झापाका विभिन्न सहरमा मोटरसाइकल छ्यास्छ्यास्ती भेटिन्छन्। सहरमा प्रयोगकर्ता बढेको अनुपातमा बिक्रीकेन्द्रको बिक्री-वितरण नबढ्ने त कुरै हुँदैन।

हिरोहोन्डाको बिर्तामोडस्थित आधिकारिक बिक्रेता सयपत्री ट्रेड लिंकका विनोद बस्नेत भन्छन्- 'मासिक २५-३० को हाराहारीमा बिक्री भैरहेको छ।' बस्नेतका अनुसार मोटरसाइकल 'नेसेसरी' भैसकेको छ। उनी थप्छन्- 'मोटरसाइकलबाट हरेक सुविधा लिन सकिन्छ।' ट्रेड लिंकमा हाल १ लाख ९ हजार पर्ने क्रक्सदेखि २ लाख ५० हजारको आर वान-५ मोटरसाइकल उपलब्ध छ।

बस्नेतका अनुसार नेपाली बजारमा तीन श्रेणीका मोटरसाइकल उपलब्ध छन्। इकोनोमिक (१०० सीसी), एक्जिक्युटिभ (१२५) र प्रिमियम (१५०)। नेपालमा करिब ७० प्रतिशत एक्जिक्युटिभ र प्रिमियम श्रेणीका मोटरसाइकल बिक्री हुन्छन् तर झापामा भने सबैभन्दा बढी १ सय ६ सीसीको इकोनोमिक मोडलको मोटरसाइकलको बजार छ। बस्नेत भन्छन्- 'इकोनोमिक मोडल जागिरे, शिक्षक तथा व्यापारीहरूले अत्यधिक रुचाएका छन्।' बजारमा हाल बजाजको डिस्कभर, हिरोहोन्डाको ग्लेडियटर, होन्डाको साइन, सीबीजेटको एक्स्ट्रिम, करिज्मा, हंक, अपाचे आदि विभिन्न मोडलका बाइकहरू देख्न पाइन्छ।

पछिल्लो समय बैंक तथा वित्तीय संस्थाहरूद्वारा प्रस्तुत उपभोक्ता ऋण कार्यक्रमले समेत मोटरसाइकल प्रयोग गर्नेहरूलाई सहजता थपेको छ। ऋण कार्यक्रमले थोरै पैसा भएकाहरूलाई समेत मोटरसाइकल चढाउन थालेको छ। मेची कृषक सहकारी संस्था इँटाभट्टाका दीपक काफ्ले भन्छन्- '१ लाखको बाइकका लागि ४५ देखि ५० प्रतिशत डाउनपेमेन्ट गर्नुपर्छ', उनले भने- 'हामी १८ महिनाको फाइनान्स गरिदिन्छौं, यो अवधिमा अरू पैसा चुक्ता गरिसक्नुपर्छ।'

संस्थाले २ वर्षअघिदेखि न्यून आयस्रोत भएकाहरूका लागि यो सुविधा प्रदान गर्दै आएको छ। हालसम्म ३ सयभन्दा बढी मोटरसाइकलका लागि फाइनान्स गरिसकेको काफ्ले बताउँछन्। झापामा मेची सहकारीले मात्र होइन, अन्य विभिन्न बैंक र वित्तीय संस्थाहरूले पनि यो सुविधा उपलब्ध गराइरहेका छन्। जसका कारण न्यून आर्थिक अवस्था भएकाहरूको मोटरसाइकल चढ्ने सपना साकार हुँदै गएको छ।

यातायात व्यवस्था कार्यालय झापाले हालसम्म ३१ हजार ६ सय ४५ वटा मोटरसाइकल दर्ता भएको जनाएको छ। यातायातले आर्थिक वर्ष २०६४/०६५ मा मात्रै ३ हजार १ मोटरसाइकल दर्ता गरेको तथ्यांकले देखाएको छ। 'यसबाट पनि प्रस्ट हुन्छ झापामा मोटरसाइकल प्रयोगकर्ता कति छन् ?', कार्यालयका प्रमुख भीम गौतमले भने - 'मोटरसाइकल प्रयोगकर्ता जति बढेका छन् त्यो भन्दा दोब्बर दुर्घटना हुन थालेको छ।'

**पर्वत पोर्तेल**

# प्रणय जोडीको बाइक हाँक्ने शैली

**प्रेमकृष्ण श्रेष्ठ**

दिनको मध्याह्नमा कुलेश्वरका सुरज र सञ्जु बाइकमा हुइँकिँदै आए अनि बाइकलाई नजिकैको चौरमा पार्क गरी एउटा रेस्टुराँमा छिरे। रेस्टुराँमा पुगेर उनीहरू विदेशी रक्सी र चुरोट सेवन गर्न थाले। बीबीएसमा अध्ययनरत यी युवायुवती रक्सीमा मात्तिएर पुनः बाइकमा हुइँकिए। उनीहरूको बाइकको द्रुतता र युवतीको यौनिक शैली वरिपरिका निम्ति रमिता हुन पुग्यो तर उनीहरूलाई रमिते आँखाहरूको कुनै पर्वाह थिएन। सञ्जुको मुन्टो सुरजको गर्दनमा थियो।



बाइक आजभोलिका किशोर-किशोरीहरूका निम्ति आफ्नो दैनिकीलाई सरल गर्नुभन्दा पनि प्रेमको आधार बढी भएको छ। सार्वजनिक ठाउँभन्दा कतै टाढा पुगेर प्रेम गर्न सवारी साधन सहायक भएको छ। आजभोलि कुनै बगैंचा वा कुनै सुनसान स्थलमा यसरी युगल जोडीहरू बाइकमा चढेर आई प्रेमालाप गरिरहेको दृश्य देख्न पाइन्छ। यसरी प्रेममा परेका युवायुवतीहरूका निम्ति बाइक अनिवार्य आवश्यकता नै भएजस्तो देखिन्छ।

कुनै समय साइकलको ठूलो महत्त्व थियो। साइकल चढ्नु भनेको अहिले किमती गाडीमा सवार हुनुजत्तिकै थियो। समयको परिवर्तन र प्राविधिक विकासले अहिले साइकलको प्रतिष्ठा बिस्तारै ओझेल हुँदै मोटरसाइकलसम्म आइपुगेको छ। आजभोलि हुनेखाने वर्गका अभिभावकले आफ्ना छोराछोरीले कलेजमा टेक्नेबित्तिकै उपहारस्वरूप बाइक दिन्छन्। अभिभावकवर्गमा पनि फलानोको छोरो बाइक चढेर कलेज जान्छ, हाम्रो छोरालाई पनि किन बाइक नदिने भन्ने खालको प्रतिस्पर्धात्मक भावना पाइन्छ। यसरी सामाजिक प्रतिष्ठाका लागि छोराछोरीलाई बाइक त दिइन्छ, तर त्यो बाइक आफ्ना छोराछोरीका निम्ति के-कस्तो प्रयोजनमा आएको छ वा आफ्ना छोराछोरीको बाइक चलाउने कुशलताको स्तर कस्तो छ भन्ने कुराको परीक्षण भएको पाइँदैन। फलस्वरूप कैयन्ले बाइकको दुरुप्रयोग गरेका छन् भने बाइक हाँक्दा दुर्घटनाको सिकार भएका घटना पनि अनगिन्ती छन्। यस्तो दुर्घटना हुनुमा प्रेमीलाई पछाडिबाट छिटो हाँक्न प्रोत्साहित गर्ने प्रेमिकाहरूको भूमिका पनि कम छैन।

सवारी साधनहरूमध्ये बाइक सर्वाधिक संवेदनशील साधन हो। बाइक चलाउँदा सर्तकता अपनाउनुपर्ने हुन्छ। होइन भने दुर्घटना भएर अकालमा ज्यान गुमाउनुपर्ने हुनसक्छ। जुनसुकै सवारी साधनसँग ठोक्किए पनि एकोहोरो क्षति बेहोर्ने भएकाले बाइक चलाउँदा होसियारी अपनाउनुपरेको हो, तर कैयन् युवा द्रुत गतिमा बाइक हाँक्न पाउनुलाई आफ्नो पुरुषार्थ मान्छन्। कैयन् प्रेमी त आफ्नी प्रियसीको स्पर्शबाट उत्तेजित भएर क्षमताभन्दा बढी गतिमा बाइक हाँक्छन्। यस्तो कुरामा प्रेमिकाहरूले पनि विचार पुऱ्याउनुपर्ने हुन्छ। बाइक हाँकिरहेका चालकलाई पछिल्तिरबाट अँगालो मार्ने, समात्ने, मुसार्ने, गालामा गाला जोड्न खोज्ने र चुम्बन गर्नेजस्ता क्रियाकलापले चालक उत्तेजित हुन्छ। फलस्वरूप प्रेमीले सडकमा अर्को दृश्य देख्न सक्दैन र बाइक दुर्घटना हुन्छन्। यसरी बाइक चलाउँदा आफ्नो यौनआवेगलाई थाम्न नसक्दा सदाका लागि जीवन नै गुमाउनुपरेका घटना पनि घट्ने गरेका छन्।

आजभोलि पेट्रोल टकटक्याएर भए पनि पछाडि गर्लफ्रेन्ड राखेर घुमाउने एउटा फेसन मौलाएको छ। पेट्रोलको अकासिँदो मूल्यलाई आफ्नो खल्तीसँग समायोजन गर्न अभिभावकलाई पिरोल्ने प्रवृत्ति पनि बढ्दो छ।

# अनामिका बनिन मिस टिन





गत बुधबार अर्थात् अंग्रेजी क्यालेन्डरअनुसार सन् २००८ को अन्तिम दिन, डिसेम्बर ३१ तारिख। नयाँ वर्ष २००९ को स्वागतको तयारीमा जुटेकाहरूको व्यस्तता एकातिर थियो भने अर्कातिर जमलस्थित नवनिर्मित राष्ट्रिय नाचघरमा १६ देखि १९ वर्ष समूहका १९ जना प्रतिस्पर्धी 'मिस टिन नेपाल-२००८' को अन्तिम प्रतिस्पर्धाका लागि भिड्दै थिए।



साँझ ठीक ४:३० बजे कान्तिपुर टेलिभिजनको पर्दामा प्रत्यक्ष प्रसारणसँगै आरम्भ भएको यस पटकको मिस टिन नेपाल प्रतियोगिता अघिल्ला संस्करणका तुलनामा सामान्य रह्यो। प्रतिस्पर्धीहरूको सामूहिक स्वागत नृत्य, परिचयात्मक चरण हुँदै ट्यालेन्ट राउन्ड, बेस्ट ड्रेस राउन्ड र त्यसपछि प्रश्नोत्तर चरणबाट अन्ततः विजेता छनौट गरिएको मिस टिन प्रतियोगिता कार्यक्रम अवधिभर नै दर्शकदीर्घाको हुटिङले प्रतिस्पर्धीहरूलाई निर्धक्क भै प्रस्तुत हुन व्यवधान पुर्‍याइरहेको देखिन्थ्यो।

विशेषतः ट्यालेन्ट राउन्डमा दर्शकदीर्घामा अलिक बढी नै हल्ला महसुस गरियो। काठमाडौं जेसिजको आयोजनामा सम्पन्न मिस टिनको यस पटकको संस्करणमा अन्ततः १८ वर्षीया अनामिका गुरुङले विजेताको ताज पहिरिन। यसैगरी प्रतियोगितामा मिस फ्रेन्डसिपको उपाधिसहित सारा सिपाइली फस्ट रनरअप तथा मिस ट्यालेन्टको उपाधिसहित रैसा वनमाली सेकेन्ड रनरअप घोषित भए।

ट्यालेन्ट राउन्डमा रैशाले शिक्षाको उज्यालो र अशिक्षाको अँध्यारोलाई सांगीतिक शैलीमा अभिनयमार्फत् प्रस्तुत गरेकी थिइन। अन्य उपाधितर्फ रिस्सा सिंह, मिस बेस्ट ड्रेस, आर्या उप्रेती मिस पङ्चुयालिटी र रोशना कार्की मिस फोटोजेनिक छानिएका थिए। प्रतिस्पर्धा दिया मास्केको कोरियोग्राफीमा सञ्चालन भएको थियो।

# धरानबाट अल नेपाल म्युजिकल टुर

धरान- हिउँदको चिसो सिरेटो चले पनि बेखबर बनेका बैंसालु युवतीहरू आफ्नो सुन्दर ज्यान तताउन डिजे तन्जिङको नयाँ रिमिक्स गीतमा रमाउँदै उफ्रिए। धरानको निर्वाणा कन्ट्री क्लबको खुला चौरमा अंग्रेजी नयाँ वर्षलाई स्वागत गर्ने ध्येयले भेला भएका हजारौं युवायुवती खुसी मनाउन व्यस्त भए। धरानबाट सुरु भएको डिजे तेन्जिङ अल नेपाल म्युजिकल टुरमा फेसन पारखी युवायुवतीहरूले पारदर्शी पहिरनमा सजिएर सांगीतिक वातावरणलाई अर्थपूर्ण बनाएका थिए।



युवायुवतीहरूको भीडबाट निस्किएको उत्तेजित आवाजलाई चिर्दै डिजे तेन्जिङको नयाँ एल्बमका रिमिक्स गीतहरू 'झिम्काइदेऊ परेली मनमा बज्यो मीठो मुरली, रेलै घुमेर, लालुपाते फुल्यो वनैमा, इसाराले बोलाउनु पर्दैन, झमझम इस्टकोटजस्ता पुराना लोकभाकाका गीत घन्किन थाल्दा धक फुकाएर ननाच्ने कोही भएनन्।

दुई दशकअघिका लोकलयका गीतलाई रिमिक्स गरेर डिजिटल पुस्ता सुहाउँदो बनाएपछि सबैलाई नचाउन सफल काठमाडौं जोरपाटीका डिजे तेन्जिङले भने– 'सुन्दर नगरी धरान मेरो अबको नियमित सांगीतिक गन्तव्य हुनेछ। धरानका बारेमा मैले जे सुनेको थिएँ त्योभन्दा सुन्दर र आकर्षक लाग्यो।' पुराना लोकलयका गीतलाई पुस्तामा पनि हस्तान्तरण गर्न र ती गीतलाई जीवित बनाउने उद्देश्यले रिमिक्स गरेको डिजे तेन्जिङले बताए। १७ वर्षअघिदेखि डिजेइङ गर्दै आएका नेपालका पहिलो डिजे तेन्जिङलाई धरानका अर्का युवा डिजे सूदनले सहयोग गरेका थिए।

उक्त टुरमा आफूलाई सुपर सेक्सी र अलग देखाउन प्रायः युवतीहरू जाडोलाई चुनौती दिंदै आधुनिक शैलीका छोटा स्कर्ट र शरीरको आधाभाग खुला हल्टरमा सजिएका थिए। सुन्दर साउन्डको प्राविधिक साथ पाएको उक्त म्युजिकल टुरलाई रोमाञ्चकारी बनाउन रंगीन प्रकाशले उत्तिकै साथ दिएको थियो। मेन इन ब्लक पार्टी जंकी तथा रिकोभरिङको स्थानीय सहयोग रहेको उक्त सांगीतिक पार्टी मध्यरातसम्म चलेको थियो।

डिजे तेन्जिङका अनुसार म्युजिकल टुर मे २९ मा सोलुको नाम्चेबजारमा पुगेर टुंगिनेछ। यसबीच चरिकोट, निजगढ, पोखरा, बुटवल, हेटौंडा, काठमाडौं, सोलुको सल्लेरी, नेपालगन्ज आदि १५ स्थानमा म्युजिकल टुरको आयोजना गर्ने पनि तेन्जिङले बताए।

डिजे तेन्जिङलाई रोज मोक्तान, मिङ्मा शेर्पा, रेश्मा सुनुवारका साथै नेप्साइडेज र द युनिटीका कलाकारहरूले साथ दिएका थिए। धरान, पोखरा, काठमाडौंजस्ता सहरी क्षेत्रमा हिपहप तथा र्‍यापमा आधारित गीतहरू प्रस्तुत गरे पनि सोलु, चरीकोटजस्ता ठाउँमा भने त्यहाँकै जीवनशैलीसँग मेल खाने सेलो भाकाका गीतहरू प्रस्तुत गर्ने आयोजकले जनाएका छन्।

**प्रदीप मेयाङ्बो**


Classified Advertisement

## रोजगार

हरेक विहीबार बेलुकी ८:५० बजे NTV 2 मा आइरहेको कमेडी टेलीफिल्म "सत्यरामराम" तथा निर्माणाधिन ठुलोपर्दाको चलचित्रलाई सबैखाले कलाकारहरु तु चाहियो, नजान्नेलाई तालिम दिई १० दिन भित्रमा खेलाइने, ४४११३००, ९८०३३१४५३९

कर्मचारीहरु पार्टटाइम/फुलटाइम SLC +2 साधारण ९०००, बसभाडा ४२५४७०१

पार्टटाइम, फुलटाइम महिला/पुरुष कर्मचारीहरु १०,०००/- २२९०२२३, (चाबहिल) ९८४१०३५४१७, ९८०३४५९६०८

इक्ल संस्थालाई कर्मचारीहरु अर्जेन्ट महिला, गृहणी, विद्यार्थीहरुलाई ग्राहयता,घरैमा बसि काम गर्न सकिने, ४५००-७५००, ०१६२२०११९, ९७४११४८०५४

## सम्पर्क

Bank Balance with Transaction complete visa-documentation 4225343, 9851106495

यौन सन्तुष्टि लिङ्गको लम्बाई तथा मोटाई बढाउने २३२५३५२, ९८४१९८१९७६

अल्काई Piles पिडित बिरामीहरुलाई खुशीको खबर, जस्तोसुकै खाने र पिउने चिज बार्नै नपर्ने गरी ग्यारेन्टिका साथ उपचार गरिन्छ साथै पुराना अपरेशन गरिसकेका बिरामीहरुको ग्यारेन्टी उपचार गरिन्छ। ग्यारेन्टि अल्काई उपचार केन्द्र, सोह्रखुट्टे, नयाँबजार, २२९०८०५, ९८४१४०८४५४

## ब्युटिपार्लर

सविनाज ब्युटि केयर एण्ड ट्रेनिङ्ग सेन्टर पकनाजोलमा ब्युटिसियन सम्बन्धि विभिन्न तालिमका साथै हेयर Straighting, perming skin आदी ग्यारेन्टीका साथ गरिन्छ, ९८४१५५४७५७


# आगलागी पीडितका लागि



**सुरेन्द्र सुवेदी**

संखुवासभा- स्थानीय लोकगायक खेमराज गुरुङको नाम सुनेपछि ३ दिनको बाटो हिँडेर पनि उनका गीत सुन्न आउनेहरूको संख्या ठूलो हुन्छ। आफ्नै गाउँका कलाकार भएर होला, पटक-पटक सुनेको 'वारि जमुना पारि जमुना' गीत सुनेर नअघाउने श्रोता प्रशस्तै भेटिन्छन्। खेम पनि के कम, मौका पायो कि त्यही गीत गाउन पछि पर्दैनन्। खेमले अरू मन पराइएका धरानै बजार र चौतारीको बिसाउनीमा पनि गाए।

संखुवासभाको विकट क्षेत्रमा पर्ने चेपुवा- ३ को गुठीगुम्बामा यही पुस ३ गते भीषण आगलागी भयो। आगलागीले १३ घर र ६ वटा मटान जलेर नष्ट भए। कसैले हिउँदमा थन्क्याइएको अन्नसमेत झिक्न पाएनन्। उक्त स्थानका आगलागीपीडितहरू मागेर खान बाध्य छन्। तिनै आगलागी पीडितलाई सहयोग गर्न सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो। काठमाडौंबाट आएका युवा गायक जगदीश समालले 'आधा उमेर निन्द्रैमा बित्यो, तपोवनको आज मलाई भुल्न देऊ' र 'झिक् न मादल झिक्' गाएर गाउँलेहरूको तिर्सना मेटे।

उक्त अवसरमा भीषण मुकारुङले पनि आफ्ना गीत सुनाए। कार्यक्रममा स्थानीय कलाकारलाई पनि कला प्रस्तुतिको अवसर मिल्यो। स्थानीय गायक उमाङ लामा, खोटाङका गजेन्द्र रानाहाङ राईले गीत गाए भने स्थानीय कलाकारहरूले नृत्य प्रस्तुत गरे। सांस्कृतिक कार्यक्रमबाट ३० हजार ४ सय ६७ रुपैयाँ संकलन भएको छ। यो रकम आगलागीपीडितलाई पठाइएको कार्यक्रम संयोजक उमाङ लामाले साप्ताहिकलाई बताए।

# नेपालगन्जमा ब्रेन ब्युटी



नेपालगन्जको बागेश्वरी चलचित्र मन्दिरको परिसरमा दर्शकहरूको ताँती लागेको थियो। बागेश्वरी चलचित्र मन्दिरको भीड तेस्रो लिङ्गिहरूको ब्रेन एन्ड ब्युटी प्रतियोगिता हेर्नका लागि थियो। सधैं अन्य खालका प्रतियोगिता मात्र हेर्दै आएका नेपालगन्जवासीका लागि यो नौलो प्रस्तुति थियो।

संविधानसभा निर्वाचनमा नेपालगन्जबाट एक जना तेस्रो लिंगीले उम्मेदवारी दिएपछि उनीहरूले आफूप्रति धेरैको ध्यानाकर्षण गरेका थिए। प्रतियोगितामा परिना चौधरीले ब्रेन ब्युटिको ताज पहिरिन्।

आफनो नाम सुन्नासाथ उनको आँखामा खुसीका आँसु छचल्किए। तेस्रो लिङ्गी भएकै कारण भोग्नुपरेको पीडा उनले सबैका सामु पोखिन। चौधरीले भनिन्- मैले जस्तो पीडा कसैले भोग्नु नपरोस्। अब तेस्रो लिङ्गीले कसैको घृणा सहनु नपरोस्। यसैगरी दोस्रो उपाधि हात पारेकी काजल चौधरीले यो प्रतियोगिताले आफूमा थप ऊर्जा थपेको बताइन्।

लता लोहार तेस्रो स्थान ओगट्न सफल भइन्। र्‍याम्पमा उत्रिएका आठ जना सहभागीले बेग्लाबेग्लै पोसाकमा सजिएर समाबेसीको उदाहरण प्रस्तुत गरेका थिए। सबै सहभागीले आफूमा भएको प्रतिभा देखाउन पाउँदा खुसी व्यक्त गरेका थिए। उक्त अवसरमा प्रस्तुत नृत्यले दर्शकहरूको मन तानेको थियो।

**रूपा गहतराज**



## प्रधानमन्त्रीका रूपमा वार्न

पूर्वक्रिकेटर सेन वार्नलाई अकस्मात् अस्ट्रेलियाको प्रधानमन्त्रीको उम्मेदवार हुने प्रस्ताव आयो। अस्ट्रेलिया र दक्षिण अफ्रिकाबीच भैरहेको क्रिकेटको कमेन्ट्रीमा व्यस्त भैरहँदा सोही टेलिभिजन प्रसारणमा सोधियो- 'के तपाईं सेन वार्नलाई अस्ट्रेलियाको भावी प्रधानमन्त्रीका रूपमा हेर्न चाहनुहुन्छ ?' उत्तरमा ७० प्रतिशतले सकारात्मक उत्तर दिए। अस्ट्रेलियाका प्रधानमन्त्री पनि रंगशालामै उपस्थित भएर म्याच हेरिरहेको मौका पारेर उक्त प्रश्न सोधिएको थियो तर वार्न भने प्रधानमन्त्रीले गर्ने कुनै पनि कामका बारेमा जानकारी नभएका कारण आफू उक्त पदका लागि योग्य नभएको बताएर पन्छिए। उक्त प्रतियोगिता हेरिरहेका प्रधानमन्त्रीले वार्नको भनाइलाई नकार्दै भने– यो सबै नाडीले गर्ने हो। प्रधानमन्त्रीको यस्तो कुरा सुनेर वार्नले फेरि भने– अबचाहिँ मलाई आधा काम गर्न सक्छु जस्तो लाग्यो।

वार्नको चर्चा म्याचका बेला प्रधानमन्त्रीका रूपमा भए पनि यो वर्षको आगमनमा उनले आफ्नी पूर्वश्रीमतीसँग एकान्त स्थानमा बिताएको खबर अस्ट्रेलियन सञ्चार माध्यममा आयो। सिमोन कलाहानबाट पारपाचुके गरेर तीन छोराछोरीबाटसमेत अलग भएका वार्नले यो वर्षको आगमन एक नितान्त गोप्य स्थानमा बिताएका थिए। परस्त्रीसँग बढी लगाव राखेका कारण वार्न र कलाहानबीच पारपाचुके भएको थियो।

# मैदान बाहिर

## एनालाई बल ब्वाइको प्रस्ताव

सर्बियाका तर्फबाट गत वर्ष पहिलो ग्रान्डस्ल्यामका रूपमा फ्रेन्च ओपन जितेकी एना इभानोभिच यो वर्ष पनि टेनिस कोर्टमा सफल हुने आशा विश्लेषकहरूको छ। समकालीन महिला टेनिस खेलाडीमध्ये निकै सुन्दर मानिने एना ग्ल्यामरको क्षेत्रमा पनि लोकप्रिय छिन्। अहिले अस्ट्रेलियाको मेलबर्नमा वर्षको पहिलो ग्रान्डस्ल्याम प्रतियोगिता भैरहेको छ र उक्त प्रतियोगितामा सहभागिता गर्न एना दुई साताअघि नै त्यहाँ पुगेकी थिइन्। अस्ट्रेलियन प्रशिक्षक स्कट ब्रायनसँग पेट राफ्टर कोर्टमा अभ्यास गरिरहेका बेला एक बल ब्वाइले उनीसमक्ष विवाहको प्रस्ताव राखे। बल ब्वाइको प्रस्ताव सुनेर एनाले मुस्कुराउँदै भनिन्– 'तिमी ठूलो भएपछि सोचौँला।' गत वर्ष अस्ट्रेलियन ओपनको फाइनलमा रूसकी मारिया सारापोभाद्वारा पराजित एना यो वर्ष उपाधिमाथि कब्जा जमाउने दाउमा छिन्। २१ वर्षीया एना अहिले महिला टेनिसको वरियताक्रममा छैटौं स्थानमा छिन्।





## टाटु मन परेन

भिक्टोरिया बेकह्याम आफ्ना श्रीमान् डेभिड बेकह्याम अरूको फेसनका पछाडि नलागी उनकै फेसनका पछि अरू लागुन् भन्ने चाहन्छिन्। डेभिडले धेरै किसिमका फेसन ट्रेन्ड भित्र्याएका छन्। नयाँ फेसन निकाल्ने क्रममा बेकह्याम जोडीले टाटुलाई अँगालेका छन्। भिक्टोरिया स्वीकार गर्छिन्– उनको श्रीमान्मा टाटुको क्रेज छ। डेभिडमा चुरोट र मदिराको अम्मल छैन तर टाटुको अम्मल छ। डेभिडको टाटु बनाउने पुराना साथी लुइस मार्लोले उनको शरीरका सबै टाटु बनाएका हुन्। केही महिनाअघि डेभिडले आफ्नो बायाँ पाखुरामा हिब्रु अक्षरमार्फत् टाटु बनाएका थिए। उक्त टाटुमा डेभिडले लेखाएका थिए- 'म मेरा आत्मीयहरूको हुँ, ती आत्मीयहरू मेरा हुन्' तर भिक्टोरिया नयाँ वर्ष मनाउन लन्डन गएको मौका पारेर डेभिडले फेरि हिब्रु अक्षरमा अर्को टाटु बनाए, जसमा लेखिएको थियो- 'मेरा छोराहरूले मैले सिकाएको कुनै कुरा नबिर्सियुन् र मेरा निर्देशनहरूलाई सदैव मनमा राखून्।' अहिले भिक्टोरियाले आफ्ना श्रीमान्को टाटुमोह देखेर आफैं एउटा टाटुको डिजाइन बनाउने निर्णय गरेकी छिन्।

## पाँच खेलका लागि एउटा कभर्ड हल



गाईघाट- उदयपुरमा विगत चार वर्षदेखि खेलकुद गतिविधिमा क्रमिक रूपले ह्रास आउँदै गएको छ। जिल्लाबाट बाहिर आयोजना हुने कुनै पनि प्रतियोगितामा उदयपुरे खेलाडीहरूले सफलता हात पारेको रेकर्ड खेलकुद कार्यालयमा छैन। जिल्लामा प्रतिभावान् खेलाडीहरू भए पनि राम्रो प्रशिक्षण एवं अवसरको कमीले खेलाडीहरूले आफूमा निहित प्रतिभा प्रस्फुटन गर्ने अवसर पाएका छैनन्। चार वर्षअघिसम्म गाईघाटका स्कुल र विद्यालयमा विभिन्न खेल खेल्ने खेलाडीहरूको लर्को लागे पनि हिजोआज भने विरलै मात्रामा यस्तो दृश्य देखिन्छ। जिल्लामा अहिलेसम्म कुनै पनि खेलका लागि व्यवस्थित खेलमैदान निर्माण नहुनाले पनि आफूहरू खेलजीवनबाट विश्राम लिन बाध्य भएको फुटबल खेलाडी निर्मल शर्माले बताए।

गाईघाट बजारछेउ फुटबल र क्रिकेटका लागि छुट्टै खेलमैदान बनाउने भनिए पनि आर्थिक अभावमा कार्ययोजना पूरा हुन नसकेको जिल्ला खेलकुद संघ बताउँछ। जिल्लामा खेलमैदानको अभाव टड्कारो रूपमा रहेकै बेला जिल्ला खेलकुद विकास समितिको आयोजनामा पाँचवटा खेलका लागि एउटा कभर्ड हलको निर्माण प्रारम्भ भएको छ। १८X३६ मिटरको उक्त कभर्ड हलमा ब्याडमिन्टन, बक्सिङ, टेबुलटेनिस, कराँते र भलिबल खेल्न सकिनेछ। त्रियुगा नगरपालिका वडा नं. १ स्थित समितिको छ कट्ठा जग्गामा निर्माण थालिएको कभर्ड हल चाँडै तयार हुने खेलकुद विकास समितिले जनाएको छ। करिब २९ लाख रुपैयाँको लगानीमा निर्माण प्रारम्भ भएको कभर्ड हलबाट टेबुलटेनिस, कराँते, ब्याडमिन्टन खेलका खेलाडीहरू प्रत्यक्ष रूपमा लाभान्वित हुने पनि समितिले जनाएको छ। कभर्ड हलको निर्माणपश्चात् चारै खेलका लागि ख्यातिप्राप्त प्रशिक्षणहरू ल्याई खेलाडीहरूमा हौसला प्रदान गरी नयाँ ऊर्जा थप्ने र जिल्लामा खेलको विकास गरिने समितिका सचिव प्रकाश खड्काले बताए। खड्काका अनुसार झन्डै ३ हजार खेलाडी तथा दर्शकहरू अट्ने उक्त कभर्ड हलमा राष्ट्रिय स्तरका विभिन्न प्रतियोगिता आयोजित गरिनेछ।

हलमा खेलाडीका अतिरिक्त खेल सिक्न चाहने विद्यार्थीहरूलाई चौबीसै घन्टा खेल्न दिइनेछ। निश्चित खेल खेल्ने हलको अभावका कारण जिल्लाबाट झन्डै मासिन लागेका पाँचवटै खेलको विकास हुने स्थानीय ब्याडमिन्टन खेलाडी लक्ष्मण अधिकारी बताउँछन्। उता सगरमाथा अञ्चलकै ठूलो फुटबल मैदान सगरमाथा रंगशालाको निर्माण भने विगत तीन वर्षदेखि प्रारम्भ नै हुन सकेको छैन।

**-विमल खतिवडा**

# ठूलो कभर्ड हल अलपत्र

**प्रवीण दत्त**

चितवन– चितवनमा निर्माण गरिएको मोफसलकै सबैभन्दा ठूलो कभर्ड हल उचित संरक्षणको अभावमा अलपत्र अवस्थामा छ। एक करोड रुपैयाँभन्दा बढीको लागतमा निर्माण गरिएको उक्त कभर्ड हल निर्माण पूरा नहुँदै जिर्ण हुँदै गएको छ। २०६० सालमा बनाउन थालिएको उक्त कभर्ड हलको निर्माणकार्य हालसम्म सम्पन्न भएको छैन। अधिकांश ढाँचागत निर्माणकार्य सम्पन्न भए पनि हलभित्रको पार्केटिङ, इकोसिस्टम, साउन्ड मिलाउने कार्य अझै बाँकी छ। १ सय २७ फिट लम्बाइ, ८४ फिट चौडाइ, ५२ फिट उचाइको उक्त कभर्ड हलको क्षेत्रफल ११ हजार ५ सय वर्गमिटर छ।

कभर्ड हलमा अन्तर्राष्ट्रिय स्तरको इन्डोर गेमहरू सञ्चालन गर्न सकिन्छ। चारवटा ब्याडमिन्टन, एउटा भलिबल कोर्ट, बास्केट बल, लन टेनिसका कोर्ट रहेको यो कभर्ड हलमा ५ सय दर्शक बस्न मिल्ने प्यारापिटसमेत निर्माण गरिएको छ।




तत्कालीन निर्माण तथा व्यवस्थापन समितिका सचिव केशव रेग्मीका अनुसार बाँकी कामका लागि नगरपालिकालाई जिम्मा लगाइए पनि समन्वयको अभावमा कभर्ड हल निर्माणकार्य अलपत्र परेको हो।

राष्ट्रिय प्रतियोगितालगायत अभ्यास गर्ने खेल स्थलको अभाव भएपछि कभर्ड हलको निर्माण प्रारम्भ गरिएको थियो। जिल्ला विकास समितिले उपलब्ध गराएको ७ कट्ठा १२ धुर जग्गामा यो कभर्ड हल बनेको हो। कभर्डहल निर्माण गर्न सर्वसाधारण, विभिन्न संघ-संस्थालगायत विभिन्न क्षेत्रका व्यक्तिले सहयोग गरेका छन्। भवन निर्माण गर्न जिल्ला प्रशासन कार्यालयबाट राहदानी लिने व्यक्तिबाट १ सय रुपैयाँ, टेलिकमबाट मोबाइल लिनेबाट ५ सय रुपैयाँ, प्रत्येक लालपुर्जा रजिस्ट्रेसनबाट ३० रुपैयाँ असुलिएको थियो भने जिल्ला प्रहरी कार्यालय, आन्तरिक राजस्व कार्यालय, भरतपुर एवं रत्ननगर नगरपालिका, जिल्ला विकास समिति चितवन, क्यान्सर अस्पताल, उद्योग वाणिज्य संघ-नारायणगढ तथा रत्ननगरबाट सहयोगस्वरूप नगद २९ लाख १ हजार ७ सय ६१ रुपैयाँ संकलन गरिएको थियो। चिट्ठा र सांस्कृतिक कार्यक्रमबाट समेत नगद जुटाइएको थियो।

कभर्ड हल निर्माण समितिले ६० लाख रुपैयाँ खर्च गरी नगरपालिकालाई बाँकी कामका लागि २०६१ जेठमा हस्तान्तरण गरेको थियो। सोही समितिमा बाँकी रहेको नगद मौज्दात २० लाखसमेत त्यसैबेला नगरपालिकालाई दिइएको थियो। नगरपालिकाले त्यसयता भवनमा छाना, कम्पाउन्डमा २ वटा गेट र एकतिर हल्का रंग तथा भित्र प्लास्टर मात्र लगाएको खेलकुद विकास समितिका सचिव केशव रेग्मीको दाबी छ।

निर्माणको काम सकिएपछि सञ्चालनका लागि जिल्ला खेलकुद विकास समितिलाई जिम्मा दिनुपर्ने सम्बन्धित कर्मचारी बताउँछन्। राष्ट्रिय खेलकुद परिषद्ले यो कभर्ड हललाई 'क' श्रेणीमा राखेको छ, तर यो पूर्वाधार तयार पार्न परिषद्ले केही पनि सहयोग र अनुगमन नगरेको सरोकारवालाहरू बताउँछन्।




# योजना बन्यो कार्यान्वयन भएन

## राष्ट्रिय खेलकुद परिषद्को "भिजन २०२०"

**शिव मुखिया**

काठमाडौं– निर्धारित समयमा ठोस उपलब्धि हासिल गर्ने लक्ष्यका साथ अघि सारिएको खेलयोजना 'भिजन २०२०' ले दुई वर्ष पार गरिसकेको छ, तर बितेको दुई वर्षमा भएका उपलब्धिलाई आधार मान्ने हो भने निर्धारित समयमा लक्षित गन्तव्यसम्मको यात्रा तय गर्न निकै कठिन हुने देखिन्छ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले सन् २०२० मा ओलम्पिक खेलकुदबाट स्वर्ण पदक प्राप्त गर्ने लक्ष्यका साथ यो योजना २०६३ माघ ५ देखि लागू गरेको थियो। योजना लागू भएको पाँच वर्षमा दक्षिण एसियाली खेलमा तेस्रो स्थान प्राप्त गर्ने, सातौं वर्षमा एसियाली खेलमा २५ औं स्थानमा आउने र १३ औं वर्षमा अर्थात् सन् २०२० मा ओलम्पिक खेलमा स्वर्ण पदक हासिल गर्ने लक्ष्यका साथ राखेपले भिजन २०२० को योजना अघि सारेको थियो, तर प्रारम्भिक वर्षमा कार्यान्वयन पक्ष फितलो भएका कारण राखेपको यो महत्त्वाकांक्षी योजना कतै तुहिने त होइन ? आशंका उब्जन थालेको छ।





खेलका लागि वातावरण तयार गर्ने, नियमित खेलकुद कार्यक्रम सञ्चालन गर्ने, खेलआबद्ध व्यक्तिहरूको उत्थान गर्ने, भौतिक पूर्वाधारहरूको निर्माण एवं सुधार गर्ने कार्ययोजना बनाएर परिषद्ले छुट्टै सचिवालयसमेत खडा गरेको छ। त्यस्तै, लक्ष्य प्राप्तिका लागि कराँते, तेक्वान्दो, आर्चरी, बक्सिङ, क्रिकेट, जुडो, भारोत्तोलन, कुस्ती, सुटिङ, उसु र एथलेटिक्सजस्ता ११ खेललाई राष्ट्रिय प्रतिष्ठाको खेलका रूपमा वर्गीकरण गरिएको छ। यिनै खेलबाट ओलम्पिकमा नेपालले स्वर्ण पदक जित्ने अपेक्षा गरिएको छ,' सचिवालय अध्यक्ष रमेश खनाल भन्छन्, तर अपेक्षाअनुसार योजना लागू भएको प्रारम्भिक वर्षहरू भने उपलब्धिमूलक हुन नसकेको खनाल स्वयं स्वीकार गर्छन्। बितेको वर्ष प्रचार-प्रसारमै समय गयो,' खनालले बताए।

दुई वर्षअघि 'भिजन २०२०' को महत्त्वाकांक्षी योजना सार्वजनिक गर्दै राखेप सदस्य-सचिव जीवनराम श्रेष्ठले भनेका थिए-'लक्ष्य निर्धारण गर्नु आवश्यक थियो, त्यो आफैंमा पर्याप्त नभए पनि त्यसको कार्यन्वयन पक्ष महत्त्वपूर्ण हो।' तर, कार्यन्वयन पक्ष कसरी सबल बनाउने भन्ने विषयमा कसैले टाउको दुखाएन। फलतः योजना बन्यो, कामचाहि थाँती नै रहयो।

नेपाली खेलकुदलाई विश्व खेलकुदको हाराहारीमा पुर्‍याउने योजना सार्वजनिक हुँदा खेलप्रेमीहरूमा जति उत्साह छाएको थियो, प्रारम्भिक वर्षको नतिजाले त्यति नै निराशा उत्पन्न गरेको छ। 'यो योजना सफल हुने कुरा त्यति विश्वास गर्न सकिंदैन,' भारोत्तोलनका राष्ट्रिय खेलाडी कमल अधिकारी भन्छन्- 'योजना मात्र बनाएर हुँदैन, कार्यान्वयन मुख्य कुरा हो।'

परिषद्को यो योजना आफैंमा राम्रो भए पनि निर्धारित लक्ष्यसम्म पुग्ने वातावरण नै तयार भैनसकेको बताउँछन् सुनिल जोशी। भारोत्तोलनका राष्ट्रिय खेलाडी जोशी भन्छन्- 'योजना लागू भए पनि कार्यान्वयन राम्रोसँग भएको छैन, अहिलेसम्म ट्यालेन्ट हन्ट काम पनि भएको छैन।'

भिजन २०२० लाई सफल बनाउन खेलाडी एवं सम्बन्धित व्यक्तिहरूले मात्र सम्भव नहुने बताउँदै जोशीले भने- 'सबैको सपोर्ट चाहिन्छ।' वर्तमान सरकारले खेल क्षेत्रप्रति त्यति ध्यान नदिएको उनको गुनासो थियो। 'भिजन २०२० भनेर कराएको वर्षौं बितिसक्यो,' पौडीकी राष्ट्रिय खेलाडी करिष्मा कार्की भन्छिन्- 'लक्ष्य राखेर मात्र हुँदैन, कार्यान्वयन पनि हुनुपर्‍यो, त्यो अहिलेसम्म भएको छैन।'

सरकार मात्र होइन, खेलकुद संघ र पदाधिकारीहरू नै योजना सफल बनाउनेमा त्यति गम्भीर नभएको उनी बताउँछिन्। 'बजेट अभावका कारण पनि यो योजना कार्यन्वयनमा नआएको हुनसक्छ,' करिष्मा भन्छिन्।

राखेपको यो महत्त्वकांक्षी योजना कार्यान्वयनमा नआउनुको मूल कारण अपर्याप्त सरकारी बजेट भएको बताउँछन् सचिवालय अध्यक्ष खनाल। 'कुनै पनि काम सफल हुनमा बजेटको प्रमुख हात हुन्छ,' उनले भने- 'तर, खेलकुदमा छुट्याएको बजेटले हाम्रो हात-खुट्टा सबै बाँधिदिएको छ।' सरकारले दिएको बजेटले परिषद्का कर्मचारीलाई तलब ख्वाउन मात्र पुग्ने उनको भनाइ छ। 'खेलकुद गतिविधि सञ्चालन गर्ने बजेट छैन,' उनले भने।

गत वर्ष सरकारले खेलकुदका लागि २० करोड रुपैयाँ छुट्याएको थियो, तर चालू आर्थिक वर्षका लागि भने गत वर्षको भन्दा कम १९ करोड मात्र विनियोजन गरिएको छ। हाल परिषद्मा १ हजार कर्मचारी कार्यरत रहेको र बजेट तिनै कर्मचारीको तलबमा रित्तिने खनालले बताए। 'सरकारी असहयोगका कारण हाम्रो योजना कार्यन्वयनमा आउन नसकेको हो,' खनाल भन्छन्- 'आर्थिक पक्ष कमजोर भएपछि कसको के लाग्छ र ?'

महत्त्वकांक्षी योजना अगाडि ल्याएको परिषद्ले बितेको वर्षमा भएका कमी-कमजोरीको समीक्षासमेत गरेको पाइँदैन। छुट्टै सचिवालय स्थापना भए पनि कुन खेलमा कति उपलब्धि हासिल भैरहेको छ भन्ने विषयमा सचिवालयसँग कुनै रेकर्ड छैन। त्यस्तै प्रतियोगिता र प्रशिक्षण कसरी अघि बढिरहेको छ भन्ने कुराको पनि कुनै जानकारी छैन।

यो योजनालाई सफल बनाउनका लागि परिषद्अन्तर्गत स्थापना भएको सचिवालयले ७६ वटा राष्ट्रिय खेल संघ, विद्यालय, क्लब, सेना प्रहरी तथा उद्योगीहरूसमेत परिचालन गर्ने लक्ष्य राखेको थियो, तर हालसम्म लक्ष्यअनुरूपको कुनै पनि काम भएको पाइँदैन। बास्केटबल, फुटबल, बक्सिङ, क्रिकेट, तेक्वान्दो तथा परिषद् सम्बद्ध राष्ट्रिय संघहरूले मात्र आफ्ना सामान्य गतिविधि विद्यालयस्तरसम्म पुर्‍याउन सकेको बताइन्छ। यसरी खेलकुद गतिविधिहरू नियमित एवं योजनाअनुरूप सञ्चालन गर्न नसक्नुमा अपर्याप्त बजेट मात्र होइन, सम्बन्धित क्षेत्रकै निष्क्रियता प्रमुख रहेको खेल विश्लेषकहरूको दाबी छ।

नेपाल बास्केटबल संघका अध्यक्ष टेन्डी शेर्पा एउटा राष्ट्रिय स्तरको खेल सञ्चालन गर्दा औसतमा १० लाख रुपियाँ चाहिने तर परिषद्बाट डेढ लाख मात्र प्राप्त हुने बताउँछन्। 'बाँकी रकम कहाँबाट जुटाउने ?' शेर्पाको प्रश्न छ। कम लगानी तर सम्भावना बोकेका खेलहरूलाई पञ्चवर्षीय योजना बनाएर लगियो भने लक्ष्यमा पुग्न सकिने उनको ठम्याइ छ।

योजनाअनुरूप ओलम्पिकबाट स्वर्ण पदक जित्न अब १२ वर्ष मात्र बाँकी छ। बाँकी वर्षमा पनि लक्ष्य गरेअनुसारको काम हुने छाँट देखिँदैन। 'राष्ट्रिय गौरव तथा स्वस्थ्य नागरिकका लागि खेलकुद' को सुन्दर नारा दिएर लागू गरिएको खेलयोजना 'भिजन २०२०' नारा र भाषणमै मात्र सीमित हुने पक्कापक्की छ। खेलकुदको बजेट जति विभिन्न समिति उप-समिति बनाउने एवं गोष्ठी, सभाजस्ता कार्यक्रममै खर्च गर्ने परम्पराले पनि ठोस काम हुन नसकेको खेलक्षेत्रको गुनासो छ।





# फेरि जुध्दैछन् गोरुहरू

● विष्णु तारुके

सामान्यतया मानिसले खेल्ने खेलहरूका बारेमा त हामी सबैलाई थाहै छ तर मानिसले देखे-सुनेको भन्दा भिन्न खालको जनावरको खेल जुन नेपालमा खेलाइन्छ, जो-कोहीलाई थाहा नहुन सक्छ। सान, मान र गौरवका साथ साहसिक खेल प्रदर्शन गर्छन्, खेलाडीहरू तर विदेशी च्यानलमा देख्न सकिने 'बुलफाइट' अर्थात् गोरु जुधाइ प्रतियोगिता नेपालमा पनि खेलाइन्छ।

पशुलाई जुधाएर मनोरञ्जन लिनुको मज्जा छुट्टै हुन्छ। मानिस-मानिसबीचको खेल प्रतियोगताका नियमहरू त हुन्छन् नै तर यो साँढे जुधाइ खेल पनि निश्चित अनुशासनभित्र बाँधिएको हुन्छ। साँढे जुधाइ प्रतियोगितामा पनि मानिसको खेलजस्तै रेफ्री राखिन्छ। उसैले नियमको पालना गराउँदै दुई अबोध पशुलाई बारीका ठूला पाटामा प्रतियोगी बनाएर जुधाइन्छ। यो प्रतिस्पर्धामा सहभागी दर्शक तालीका पटपटाहटसूँगै हुटिङ गर्न व्यस्त हुन्छन्। गोरुमालिक किसान त यति बढी उत्सुक हुन्छन् कि सारा दुःख बिर्सिदिन्छन्।

परम्परा, धर्म, संस्कृतिभित्र लुकेको एउटा छुट्टै खेल हो, गोरुजुधाइ प्रतियोगिता। हरेक वर्ष माघेसंक्रान्तिको दिनमा हुने यो प्रतियोगिताले एउटा भिन्न पहिचान बोकेको छ। आन्तरिक एवं वाह्य पर्यटकको समेत प्रवल सम्भावना बोकेको छ यो खेलले। नुवाकोट र धादिङ जिल्लाको सिमानामा पर्ने नुवाकोटको एउटा गाउँ हो तारुका, जहाँ मानवतावादी विद्वान् जयपृथ्वीबहादुर सिंहको मावली घर छ। माघेपर्व मान्न मावली गएका जयपृथ्वीबहादुरलाई मामाहरूले मनोरञ्जन दिने हेतुले आफ्ना गाईगोठमा पालिएका बलिया बहर/गोरुहरूलाई जुधाएपछि यो खेलको थालनी भएको इतिहास छ।

वर्षभरि कोदो, चामल, अण्डा, तेल आदि पोषिला खानेकुरा ख्वाएर पालिएका बहर गोरुहरू सम्मपरेको बारीका पाटामा दुई घन्टासम्म खेलीखेली जुध्छन्, यसरी एक-अर्काबीचको प्रतिस्पर्धामा दर्शकहरू बारीका कान्लाबाट चर्को हुटिङ गर्छन्। पशुलाई जुधाएर मनोरञ्जन लिने कार्यलाई पशु अधिकारवादीहरूले विरोध गरेका छन् तर यसरी प्रतियोगिताका लागि पोषिलो आहार ख्वाएर पालिएका गोरुहरू जोत्नमा समेत छिटा हुने स्थानीय कृषकहरूको ठम्याइ छ।

यो खेलका सम्बन्धमा नुवाकोटकै चर्चित कराँते खेलाडी संगीना वैद्य भन्छिन्, 'यो खेललाई राष्ट्रिय खेलका रूपमा स्थापित गर्न सके बुलफाइटको मजा नेपालभित्रै पाउन सकिन्छ। पशु-पशुबीचको नियमबद्ध खेल मानिसको भन्दा अनौठो हुँदोरहेछ।

हरेक वर्ष माघे संक्रान्तिमा खेलाइने यो खेल वर्षेनी थप आकर्षक बन्दै गएको छ। यसको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहसम्म चिनारी गराउने उद्देश्यले यस वर्ष तारुका महोत्सवको समेत आयोजना हुने भएको छ। स्थानीय खेलकुदको विकास गर्दै आएको स्थानीय स्रोत विकास तथा परिचालन समितिका अध्यक्ष हरि श्रेष्ठ भन्छन्, 'यो वर्ष गोरुजुधाइ महोत्सव गरेर करिब ३० देखि ४० हजार दर्शक भित्र्याउने लक्ष्य राखेका छौं, श्रेष्ठ भन्छन्- 'यसले तारुकालाई मात्र चिनाउँदैन। बुलफाइटको विकास भए यसले सिंगो देशलाई चिनाउँछ।

केही वर्षअघि गठन गरिएको गोरुजुधाइ व्यवस्थापन समितिले यो प्रतियोगितालाई व्यवस्थित गर्दै आएको छ। मेला व्यवस्थापन समितिका अध्यक्ष तोरणबहादुर शाही भन्छन्, 'यस वर्ष कृषकहरूले जुधाइने गोरु दर्ता गराइसकेका छन्।'



**OLC सम्बन्धि जरुरी सुचना!**



OLC नाम गरेको Language Centres बिभिन्न स्थानमा खोलिएका पाईएतापनि Language Trainer & Writer **Prem Swoveet** द्वारा संचालित **O'seas Language Centre (OLC)** Head Office, बाग बजार (रत्नपार्क नजिकै) र यसको एक मात्र शाखा OLC, जमल-कमलाक्षीमा रहेको सबैलाई जानकारी गराउछौं।
अन्य OLC नाम गरेको institute संग भएको कुनैपनि किसिमको कारोबार तथा eductional inadequacy प्रति हामी जिम्बेवार हुने छैनौं।
**- OLC, 4-268945, 4-247897**

*Computer Hardware & Networking*

**TOEFL/IELTS** (Free Books, CDs, Lab Practics, Weekly Tests)
**Language:** English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
विशेष व्यवस्था: विदेश जाने र जान्दै नजान्नेहरुका लागि
**Computer:** Basic, Graphics, WebPage, Office Package, Programming, Account (Tally,Fact,Tata Ex.)



**Osish Language & Computer Center (OLC)**
New Baneshwor Tel: 016217094 | Adwait Marg Old Buspark Tel: 4232866 | Lagankhel: Tel: 5004018

Worldwide Valid Certificate
**होटल तालिम**
चार वर्ष पुगेको अवसरमा विशेष छुट
▶ कुक १ १/२ महिना रु. २७००/-
▶ कुक ३ महिना रु. ३७००/-
▶ वेटर र बारमेन रु. १३००/-
१. 5 star होटलका सेफद्वारा सञ्चालित।
२. थप तालिमको लागि 5 star होटलमा पठाइने।
३. तालिमपछि दुबई, बहराइन, कतार पठाइने।
४. Abroad Study मा जानेलाई job को लागि चाँडै अवसर मिल्ने होटल तालिम लिनुहोस।
**माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर**
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

**होटल तालीम**
छुट (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
**ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.**
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित।
अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।